महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन २०८३

सुदूरपश्चिम प्रदेश



महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौं
नेपाल

महालेखापरीक्षकको
आठौँ वार्षिक प्रतिवेदन
२०८३

सुदूरपश्चिम प्रदेश



महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौँ
नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)



स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट, बक्स नं. १३३२८

पत्र संङ्ख्या : २०८२।८३
च.नं.: ८१

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषय : वार्षिक प्रतिवेदन।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

नेपालको संविधानको धारा २४१ बमोजिम सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु।

भवदीय,

(तोयम राया)
महालेखापरीक्षक

२०८३ साल जेठ १ गते, शुक्रवार
नेपाल सम्वत् ११४६

फोन नम्बर : ०१-५९१९१६३, ईमेलः oagnep@ntc.net.np/ag@oagnep.gov.np, वेबसाइटः www.oag.gov.np

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
एकीकृत वित्तीय विवरणमा राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति**.....	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश**.....	९
	खण्ड - १ : मन्त्रालय र निकायगत बेहोरा	
	१. प्रदेश सभा सचिवालय	१३
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१५
	३. आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२१
	४. आर्थिक मामिला मन्त्रालय	२५
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय.....	३९
	६. भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	४६
	७. भौतिक पूर्वाधार विकास मन्त्रालय.....	५२
	८. सामाजिक विकास मन्त्रालय	६२
	९. प्रदेश नीति तथा योजना आयोग	६८
	१०. प्रदेश लोक सेवा आयोग	७२
	११. मुख्य न्यायाधिवक्ताको कार्यालय	७४
	खण्ड - २ : स्थानीय तह	७५
परिच्छेद ४	**लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति**	८१
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधार**	८३
	अनुसूचीहरू	८७

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालय तथा सरकारको पूर्ण स्वामित्वमा रहेका सङ्गठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण गरिने उल्लेख छ। नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेस गर्न सक्ने व्यवस्था रहेको छ।

प्रचलित कानुन एवं लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, विषयगत लेखापरीक्षण निर्देशिका, वार्षिक लेखापरीक्षण योजना २०८२, लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका २०८२।८३ तथा सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा अवलम्बन गरिएका अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा सुदूरपश्चिम प्रदेशका निकाय तथा कार्यालयहरूको आर्थिक वर्ष २०८१।८२ को विनियोजन, राजस्व, धरौटी र अन्य कोष तथा बक्यौतासमेतको लेखापरीक्षण सम्पन्न गरी यस प्रदेशको आठौँ वार्षिक प्रतिवेदन तयार गरिएको छ।

एकीकृत वित्तीय विवरणमा राय, लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति, प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था र भविष्यमा गर्नुपर्ने सुधारका विषयहरू समावेश गरी यो प्रतिवेदन प्रस्तुत गरिएको छ।

लेखापरीक्षण कार्य नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत व्यवस्थापन गरिएको छ। लेखापरीक्षण गर्दा सूचकका आधारमा जोखिम विश्लेषण गरी निकाय तथा कार्यालयहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ। उच्च जोखिमयुक्त निकाय/कार्यालयको विस्तृत रूपमा स्थलगत लेखापरीक्षण र न्यून जोखिमयुक्त निकाय/कार्यालयको प्रमाणित वित्तीय विवरण तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ।

लेखापरीक्षणको गुणस्तर कायम गर्न प्रभावकारी सुपरीवेक्षण, गुणस्तर व्यवस्थापन र अडिट ल्याबको व्यवस्था गरिएको छ। सोको अतिरिक्त एफ.एम. रेडियो तथा कार्यालयको वेबसाइटमार्फत सूचना प्रसारण गर्नुका साथै भर्चुअल बैठकमार्फत सरोकारवालासँग छलफल, टोल फ्री नम्बर र इमेलमार्फत गुनासो सङ्कलन र सुनुवाइको व्यवस्था मिलाइएको छ। लेखापरीक्षणमा प्रवेश र बहिर्गमन बैठकमार्फत जिम्मेवार पदाधिकारीसँग छलफल गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। सो प्रतिवेदन उपर प्राप्त जवाफको सम्बोधन पश्चात लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। प्रतिक्रियाबाट फर्स्यौट नभएका विषय लेखाउत्तरदायी अधिकृत र सम्बन्धित मन्त्रीलाई जानकारी गराइएको छ।

यस आर्थिक वर्षमा प्रदेशका मन्त्रालय र मातहतका सरकारी कार्यालय एवम् निकाय, समिति तथा अन्य संस्थासमेत १५९ निकाय तथा कार्यालयको रु.३९ अर्ब ४९ करोड ९१ लाख ५५ हजारको लेखापरीक्षण सम्पन्न भई रु.६० करोड ४८ लाख ८९ हजार बेरुजु कायम भएको छ। कुल लेखापरीक्षण रकमको तुलनामा बेरुजु १.५३ प्रतिशत रहेको छ।

यस प्रदेशअन्तर्गतका ४ निकाय तथा कार्यालयले एवं २ पालिकाले २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलन र घटनाको कारण स्रेस्ता पेस गर्न र लेखापरीक्षण गराउन नसकिने बेहोराको पत्र पेस गरेकाले रु.५४ करोड ३ लाख ७ हजारको लेखापरीक्षण गरिएको छैन।

कानुनको पालना, स्रोत साधनको प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवं वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, सङ्गठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनलगायतका विषयहरू लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ।

आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, प्रदेशको आन्तरिक आय न्यून हुँदा सङ्घीय अनुदानमा निर्भरता बढेको, चालु खर्चमा वृद्धि भइरहेको, उत्पादनशील क्षेत्रमा बजेट परिचालन न्यून रहेको, आयोजना बैङ्कको प्रभावकारी कार्यान्वयन नभएको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप आवश्यक पर्ने कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको एवं तीन तहबिच खर्चको दोहोरोपना कायम रहेको, सङ्गठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता यकिन गर्न कठिनाई भएको, समयमै खरिद कार्य सम्पन्न नभई पटक-पटक म्याद थप गरेको, स्रोत बेगर योजनाहरूको बजेट सुनिश्चितता प्रदान गरेको तथा निर्माण कार्यको गुणस्तर नियन्त्रण र परीक्षण कमजोर रहेको जस्ता बेहोराहरू यो वर्षको लेखापरीक्षणमा औँल्याइएको छ।

लेखापरीक्षणबाट औँल्याइएका बेहोरा कार्यान्वयन गर्नु लेखाउत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो। लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन पक्ष कमजोर हुँदा एकै प्रकृतिको बेहोराहरू बर्सेनि पुनरावृत्ति भएका छन्। लेखापरीक्षणका वार्षिक प्रतिवेदनहरू प्रदेश सभाअन्तर्गतको सार्वजनिक लेखा समितिमा समयमै छलफल भई आवश्यक कारबाही हुनुपर्नेमा विगतका केही प्रतिवेदनहरू समयमा छलफल हुन सकेका छैनन्। लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन गरी वित्तीय अनुशासन कायम गर्न सबै सम्बन्धित पक्षबिच कार्यगत समन्वय र सहकार्य आवश्यक रहेको छ। यस प्रतिवेदनको कार्यान्वयनले सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्धनमा सहयोग पुग्ने विश्वास लिएको छु।

अन्तमा, लेखापरीक्षण कार्यमा सुझाव दिइ सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सभाका माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, माननीय मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू तथा सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका समस्त कर्मचारीहरू प्रति धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

वैशाख, २०८३ **महालेखापरीक्षक**

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३६ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ।

२. **उद्देश्य** - सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- वित्तीय विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवम् स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याइँ गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको।

३. **क्षेत्र -** यो वर्ष प्रदेश मन्त्रालय, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवम् विश्लेषण गरिएको छ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ। समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १५६ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त ३ निकायको सामान्य लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ। सबै निकायको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सफ्टवेयरमार्फत विद्युतीय माध्यमबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका बेहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर निकायबाट प्राप्त जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको गुणस्तर

अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनोट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ। नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विज्ञसमेत संलग्न गराइएको छ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्थाअनुसार यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन्। परिच्छेद-१ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद - २ मा लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति, परिच्छेद-३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, परिच्छेद-४ मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र परिच्छेद- ५ मा भविष्यमा गर्नुपर्ने सुधार उल्लेख गरिएको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाडौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal

(आर्थिक तथा सामाजिक लेखापरीक्षण विभाग)

पत्र सङ्ख्या: २०८२।८३
चलानी नम्बर: ९४७

मितिः २०८३।१।२७
नेपाल सम्वत् ११४६

विषयः एकीकृत वित्तीय विवरणमा राय।

श्री प्रदेश सचिवज्यू,
आर्थिक मामिला मन्त्रालय,
धनगढी, कैलाली।

१. **कैफियतसहितको राय** - हामीले सुदूरपश्चिम प्रदेश सरकारको २०८१।८२ को प्राप्ति तथा भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट तथा गैर बजेट निकाय), बजेट तुलनात्मक विवरण (बजेट निकाय), प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ लगायत सम्बन्धित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतको विनियोजनतर्फ रु.१९ अर्ब ८२ करोड ५ लाख २० हजार, राजस्वतर्फ रु.१० अर्ब १० करोड ५२ लाख ९५ हजार, धरौटीतर्फ रु.२ अर्ब ६९ करोड ८१ लाख ९६ हजार, अन्य कारोबारतर्फ रु.१ अर्ब २३ करोड ६२ लाख ३४ हजार र समिति तथा अन्य संस्थातर्फ रु.५ अर्ब ६३ करोड ८९ लाख १० हजार समेत रु.३९ अर्ब ४९ करोड ९१ लाख ५५ हजारको लेखापरीक्षण गरिएकोमा रु.६० करोड ४८ लाख ८९ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.५ करोड ४९ लाख ३३ हजार, नियमित गर्नुपर्ने रु.५० करोड ९ लाख ६७ हजार र पेस्की बाँकी रु.४ करोड ८९ लाख ८९ हजार रहेको छ।

२.२. प्रदेश सरकार र मातहतको रु.५ अर्ब ६ करोड ३६ लाख ६५ हजारको स्थिर सम्पत्ति रहेको खुलासा गरेको छ। ती सम्पत्तिको अवस्था र स्वामित्व खुल्ने गरी विवरण अद्यावधिक गरेको देखिएन।

२.३. प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिएको वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानसमेत वित्तीय हस्तान्तरणमा रु.२ अर्ब ९७ करोड ४७ लाख १४ हजार खर्च भएको छ। वित्तीय हस्तान्तरण गरेकोमध्ये २०८२ आषाढ मसान्तसम्म सम्बन्धित स्थानीय तहमा खर्च नभई बाँकी रहेको रकम फिर्ता हुनुपर्ने विवरण तयार गरेको छैन। उक्त रकम प्रदेश सरकारबाट स्थानान्तरण गरी स्थानीय तहको खातामा मौज्दात रहेको अवस्थामा प्रदेश सञ्चित कोषमा खर्च देखाएको छ।

उप–महालेखा परीक्षक

Phone: 01-5919161, 5919163, Post Box: 13328
Email: dir.admin@oagnep.gov.np, oagnep@ntc.net.np, Web Page: www.oag.gov.np

२.४. नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसारको एकीकृत वित्तीय विवरणको टिप्पणीमा लिन/उठ्न बाँकी रकमको विवरण समावेश छैन। प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्रभित्रका स्थानीय तहबाट असुल गरी स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने मनोरञ्जन कर, विज्ञापन र दहत्तर बहत्तर कर एवं प्रदेश आफैंले प्राप्त गर्ने, सवारी साधन शुल्क, सवारी चालक अनुमति पत्र लगायतको नवीकरण शुल्क तथा जरिबाना लगायत करको अद्यावधिक अभिलेख नभएकोले लिन/उठ्न बाँकी रकमको हिसाब यकिन भएन।

२.५. यस प्रदेशअन्तर्गतका ४ कार्यालयको रु.४८ करोड ८ लाख ५० हजार र २ पालिकाको प्रदेश सरकारको वित्तीय हस्तान्तरणको रु.५ करोड ९४ लाख ५७ हजार गरी रु.५४ करोड ३ लाख ७ हजार २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलन र घटनाको कारण स्रेस्ता पेस नगरेको हुँदा सोको लेखापरीक्षण गरिएको छैन।

३. **अन्य बेहोरा** - यो वर्ष आर्थिक क्रियाकलाप मूल्याङ्कन गर्दा शासकीय प्रबन्ध, सार्वजनिक वित्त व्यवस्थापन, सम्पत्ति व्यवस्थपान, विकास व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक प्रशासन र सुशासनलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ (२) बमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फस्यौट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने र उपदफा ३ बमोजिम सम्बन्धित पदाधिकारीबाट उपयुक्त अनुसार उत्तरदायित्व बहन गरे नगरेको सम्बन्धमा निगरानी गर्ने उत्तरदायित्व सम्बन्धित विभागीय मन्त्रीको हुने व्यवस्था छ। सोही ऐनको दफा ५ बमोजिम एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको छ। नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी प्रदेश सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालय, सम्बन्धित लेखा उत्तरदायी अधिकृत तथा मातहातका जिम्मेवार व्यक्तिमा रहेको छ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्ततालेे उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्नसक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम पराजुली)
उप-महालेखापरीक्षक

उप-महालेखा परीक्षक

परिच्छेद

१



लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद - १

लेखापरीक्षण गरिएका निकायको विवरण

१. समष्टिगत लेखापरीक्षण

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	सङ्ख्या	(रु.हजारमा)
१.	प्रदेश मन्त्रालय तथा निकाय	१४१	३३८६०२४५
२.	समिति र अन्य संस्था	१८	५६३८९१०
	जम्मा	**१५९**	**३९४९९१५५**

यो वर्ष प्रदेश सरकार मातहत १४१ सरकारी निकायको रु.३३ अर्ब ८६ करोड २ लाख ४५ हजार र समिति तथा अन्य संस्थातर्फ १८ निकायको रु.५ अर्ब ६३ करोड ८९ लाख १० हजार समेत रु.३९ अर्ब ४९ करोड ९१ लाख ५५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका निकायको विवरण **अनुसूची-१, १(क), २** र **३** मा उल्लेख छ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय** - यो वर्ष प्रदेश मन्त्रालय तथा निकाय मातहत १४१ कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छ।

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न (रु.हजारमा)
१.	विनियोजन खर्च	१९८२०५२०
२.	राजस्व	१०१०५२९५
३.	धरौटी	२६९८१९६
४.	अन्य कारोबार	१२३६२३४
	जम्मा	**३३८६०२४५**

नोटः *उल्लिखित विनियोजन रकममा १८ वटा समितिलाई निकासा भएको रु.१ अर्ब ६६ करोड १३ लाख ८४ हजार, सामाजिक विकास मन्त्रालयले ७ कार्यालयलाई वित्तीय हस्तान्तरण गरेको रु.२२ करोड ६९ लाख २२ हजार र आन्तरिक मामिला मन्त्रालयले ८ वटा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरेको रु.४१ लाख ६६ हजार गरी रु.१ अर्ब ८९ करोड २४ लाख ७२ हजार समावेश गरिएको छैन।*

विनियोजन खर्चमा वित्तीय हस्तान्तरण मार्फत ८६ स्थानीय तहलाई भएको निकासा रु.२ अर्ब ९१ करोड ५२ लाख ५८ हजार समेत समावेश गरिएको छ। लेखापरीक्षण रकमको विवरण **अनुसूची - २** मा उल्लेख छ।

१.२. **समिति तथा अन्य संस्था** - यो वर्ष १८ समिति तथा अन्य संस्थाको रु.५ अर्ब ६३ करोड ८९ लाख १० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सोको विस्तृत विवरण अनुसूची ३ र ४ मा समावेश छ। लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति परिच्छेद-३ को मन्त्रालय तथा नियकायगत बेहोरामा समावेश छ।

१.३. **बक्यौता** - यो वर्ष प्रदेश अन्तर्गत खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति, डोटीको (२०७७।७८) र बडीकेदार क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति, डोटीको (२०७८।७९) लेखापरीक्षण बक्यौता रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-२(क)** मा उल्लेख छ।

१.४. **लेखापरीक्षण नभएको** – २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस नभएकोले ४ सरकारी कार्यालयको विनियोजनतर्फ रु.४३ करोड १ लाख ६ हजार, राजस्वतर्फ रु.२८ लाख ८८ हजार, धरौटी तर्फ रु.४ करोड ७७ लाख ७९ हजार, अन्य कारोबारतर्फ रु.७७ हजार र २ पालिकाको प्रदेश सरकारको वित्तीय हस्तान्तरणको रु.५ करोड ९४ लाख ५७ हजार गरी जम्मा रु.५४ करोड ३ लाख ७ हजारको लेखापरीक्षण गरिएको छैन। यससम्बन्धी विवरण **अनुसूची-२(ख)** मा उल्लेख छ।

२. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. **शीर्षकगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार २०८१।८२ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं.	शीर्षक/क्षेत्र	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२ को		
				बजेट अनुमान	यथार्थ खर्च	खर्च प्रतिशत
१.	चालु खर्च	८२४८५७९	७९४८९५०	१२८९६४०५	९७२७८२७	७५.४३
२.	पुँजीगत खर्च	१५८१४५१६	१०५६४७२७	१८७६२४२३	१२४७४७२८	६६.४९
३.	वित्तीय व्यवस्था	०	०	१००००	०	०
	जम्मा	**२४०६३०९५**	**१८५१३६७७**	**३१६६८८२८**	**२२२०२५५५**	**७०.११**

२.२. **निकायगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार यो वर्षको निकायगत चालु र पुँजीगत खर्चको विवरण निम्नानुसार छः

(रु.लाखमा)

मन्त्रालय/केन्द्रीय निकायको नाम	अन्तिम बजेट (रू लाखमा)			निकासा/खर्च (रू लाखमा)			बजेटको तुलनामा खर्च प्रतिशत
	चालु	पुँजीगत खर्च	जम्मा	चालु	पुँजीगत खर्च	जम्मा	
प्रदेश सभा सचिवालय	१६६२	१७१	१८३३	१४०२	१६०	१५६२	८५.२२
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	२६०८	२६५	२८७३	१६४३	२१८	१८६१	६४.७८
आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१०६४	१२६३	२३२७	६०२	३१६	९१८	३९.४५
आर्थिक मामिला मन्त्रालय	१७१४	३४८	२०६२	१०६३	३२८	१३९१	६७.४६
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय	१०११९	९०२६	१९१४५	७७०६	६२९५	१४००१	७३.१३
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय	२५५१५	२५२२	२८०३७	१७९७८	६८५	१८६६३	६६.५६
भौतिक पूर्वाधार विकास मन्त्रालय	४९२३	१४४१५५	१४९०७८	३७७८	१००१२५	१०३९०२	६९.७
सामाजिक विकास मन्त्रालय	४०८९८	२३७०६	६४६०४	३२४२२	१६५४४	४८९६६	७५.७९
प्रदेश नीति तथा योजना आयोग	४४२	१९	४६१	२९१	१२	३०२	६५.५१
प्रदेश लोक सेवा आयोग	७४३	५०	७९३	४५९	३६	४९६	६२.५५
मुख्य न्यायाधिवक्ताको कार्यालय	२२०	२९	२४९	१८७	२९	२१७	८७.१५
वित्तीय व्यवस्था	१००	०	१००	०	०	०	०
अर्थ विविध	११६४	६०७१	७२३५	०	०	०	०
जम्मा	**९११७२**	**१८७६२५**	**२७८७९७**	**६७५३१**	**१२४७४८**	**१९२२७९**	**६८.९७**
स्थानीय तह	३७८९१	०	३७८९१	२९७४७	०	२९७४७	७८.५१
जम्मा	**१२९०६३**	**१८७६२५**	**३१६६८८**	**९७२७८**	**१२४७४८**	**२२२०२६**	**७०.११**

द्रष्टव्यः *उल्लिखित रकममा १८ वटा समितिलाई निकासा भएको रु.१ अर्ब ६६ करोड १३ लाख ८४ हजार, सामाजिक विकास मन्त्रालयले ७ कार्यालयलाई वित्तीय हस्तान्तरण गरेको रु.२२ करोड ६९ लाख २२ हजार र आन्तरिक मामिला मन्त्रालयले ८ वटा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरेको रु.४१ लाख ६६ हजार गरी रु.१ अर्ब ८९ करोड २४ लाख ७२ हजार समावेश गरिएको छ।*

उल्लिखित विवरणअनुसार प्रदेश सरकारले चालुतर्फ रु.९ अर्ब ७२ करोड ७८ लाख अर्थात् विनियोजनको ७५.३७ प्रतिशत र पुँजीगततर्फ रु.१२ अर्ब ४७ करोड ४८ लाख अर्थात् विनियोजित बजेटको ६६.४९ प्रतिशत खर्च गरेको छ। प्रदेश सरकारले समग्रमा विनियोजन भएको बजेट रु.३१ अर्ब ६६ करोड ८८ लाख मध्ये ७०.११ प्रतिशत अर्थात् रु.२२ अर्ब २० करोड २६ लाख खर्च गरेको छ। अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट स्थानीय तहलाई चालुतर्फबाट रु.३ अर्ब ७८ करोड ९१ लाख व्यवस्था गरेकोमध्ये रु.२ अर्ब ९७ करोड ४७ लाख अर्थात् ७८.५१ प्रतिशत खर्च गरेको छ।

२.३. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार २०७९।८० र २०८०।८१ को यथार्थ खर्च तथा २०८१।८२ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.लाखमा)

क्र.सं.	स्रोत	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२ को		गत वर्षको तुलानामा वृद्धि प्रतिशत
				बजेट अनुमान	यथार्थ खर्च	
१.	नेपाल सरकार	१०६८६२	९४७७०	२३८५१६	८९१४०	(५.९४)
२.	प्रदेश सरकार	१३३७६९	९०३६५	७८१७२	१३२८८६	४७.०५
	जम्मा	**२४०६३१**	**१८५१३५**	**३१६६८८**	**२२२०२६**	**१९.९३**

यो वर्ष प्रदेश सरकारको कुल खर्च रु.२२ अर्ब २० करोड २६ लाखमध्ये नेपाल सरकारको स्रोतबाट रु.८ अर्ब ९१ करोड ४० लाख अर्थात् ४०.१५ प्रतिशत र प्रदेश सरकारको स्रोतबाट रु.१३ अर्ब २८ करोड ८६ लाख अर्थात ५९.८५ प्रतिशत खर्च भएको छ।

२.४. **राजस्व असुली** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार यो वर्षको राजस्व अनुमान र प्राप्तिको अवस्था निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं.	विवरण	२०७९।८० को यथार्थ असुली	२०८०।८१ को यथार्थ असुली	२०८१।८२ को		
				अनुमान	असुली	प्रतिशत
१.	कर राजस्व	८७९२६३४	८१६६१०३	११३४८६९५	१००६२१२१	८८.६६
२.	अन्य राजस्व (बेरुजु निकासा फिर्ता र अनुदान फिर्ता समेत)	५८९१०४	४८५०५८	२८०७२१	६३८५७९	२२७.४८
	कुल राजस्व	**९३८१७३८**	**८६५११६१**	**११६२९४१६**	**१०७००७०० **	**९२.०१**

२.४.१. गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली २३.६९ प्रतिशतले बढेको देखिन्छ। यो वर्ष प्रदेशले प्राप्त गरेको कर राजस्व रु.१० अर्ब ६ करोड २१ लाख २१ हजार रहेको छ। प्रदेश सरकारले वन क्षेत्रको रोयल्टी वापत रु.१६ करोड २६ लाख ५ हजार र सवारी साधन कर वापत रु.७८ करोड ४६ लाख ९ हजार असुल गरेकोमा सवारी साधन कर तर्फ रु.४६ करोड ८९ लाख ६५ हजार प्रदेश सञ्चित कोषमा आम्दानी देखाएको छ।

२.४.२. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १३ मा आर्थिक मामिला मन्त्रालयले राजस्व र व्ययको अनुमान गर्दा आधार लिनुपर्ने विषयहरू उल्लेख गरेको छ। प्रदेश सञ्चित कोषको एकीकृत वित्तीय विवरणअनुसार यो वर्ष कर तथा अन्य राजस्व रु.११ अर्ब ६२

करोड ९४ लाख १६ हजार आय अनुमान गरिएकोमा रु.१० अर्ब ७० करोड ७ लाख अर्थात अनुमानको ९२.०१ प्रतिशत प्राप्त भएको छ। प्राप्त रकममध्ये राजस्व बाँडफाँट मार्फत नेपाल सरकारबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको योगदान रु.९ अर्ब ७ करोड ७८ लाख अर्थात ८४.८३ प्रतिशत रहेको छ। यो वर्ष असुल गरिएको राजस्वको विवरण **अनुसूची - ८** मा उल्लेख छ।

३. **वित्तीय हस्तान्तरण -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार २०८१।८२ मा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार छः

(रु.हजारमा)

अनुदान	बजेट अनुमान	यथार्थ हस्तान्तरण	प्रतिशत
समानिकरण अनुदान	८६००००	८६००००	१००
सशर्त अनुदान	१४२९१४०	११९७६००	८३.८०
विशेष अनुदान	५०००००	३६६१७९	७३.२४
समपूरक अनुदान	१००००००	५५०९३५	५५.०९
जम्मा	**३७८९१४०**	**२९७४७१४**	**७८.५१**

उल्लिखित हस्तान्तरण रकममा फिर्ता गरेको रकम घटाई खुद प्राप्ति रकमलाई समावेश गरिएको छ। प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष ८८ स्थानीय तहमा रु.२ अर्ब ९७ करोड ४७ लाख १४ हजार उपलब्ध गराएको छ।

४. **अन्तरसरकारी अख्तियारी** - प्रदेश विनियोजन ऐन, २०८१ को दफा ५ मा प्रदेश सरकारको बजेट कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकायमार्फत सञ्चालन गर्न आवश्यक देखिएमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गराउनुपर्ने व्यवस्था छ। प्रदेश सरकारको नीति कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुनबमोजिम विकास निर्माण र सेवा प्रवाहका कार्य गर्नुपर्नेमा प्रदेशले सङ्घीय सरकारका ७ कार्यालयलाई रु.३८ करोड १३ लाख ३४ हजार बजेट उपलब्ध गराएकोमा रु.२२ करोड ६९ लाख २२ हजार खर्च भएको विवरण पेस भएको छ। उक्त रकमको लेखापरीक्षणबाट देखिएका बेहोरा परिच्छेद - ३ मा उल्लेख छ। यसको विवरण **अनुसूची-१२** मा समावेश छ।

५. **अन्य कोष -** यो वर्ष लेखापरीक्षण गरिएका अन्य कोषहरूमा गत वर्षको जिम्मेवारी रु.१ अर्ब ५ करोड ७० लाख २६ हजार र यो वर्षको आम्दानी रु.१ अर्ब २३ करोड ९८ लाख ३२ हजार समेत रु.२ अर्ब २९ करोड ६८ लाख ५९ हजार आम्दानी भएकोमा रु.१ अर्ब २६ करोड ५६ लाख २ हजार खर्च भई वर्षान्तमा रु.१ अर्ब ३ करोड १२ लाख ५५ हजार मौज्दात रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१३** मा छ।

परिच्छेद

२



लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

परिच्छेद - २

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २(ध) बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ।

यसरी बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानी, नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ। नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ। पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन र अन्य पेस्कीमा वर्गीकरण गरेको छ।

प्रदेशको सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको यो वर्ष (२०८१।८२) फर्स्यौंट गर्नुपर्ने बेरुजु निम्नानुसार रु.६० करोड ४८ लाख ८९ हजार रहेको छ।

(रु.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति र अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**४८३३०**	**६६०३**	**५४९३३**	**९.०८**
२. नियमित गर्नुपर्ने	**४६२२४९**	**३८७१८**	**५००९६७**	**८२.८२**
२.१ अनियमित भएको	१०१४६१	२६६३७	१२८०९८	२१.१८
२.२ प्रमाण कागजात पेस नभएको	३६०७८८	६९८१	३६७७६९	६०.८०
२.३ शोधभर्ना नलिएको	०	५१००	५१००	०.८४
३. पेस्की	**४५२८४**	**३७०५**	**४८९८९**	**८.१०**
जम्मा बेरुजु	**५५५८६३**	**४९०२६**	**६०४८८९**	**१००**

नोटः उल्लिखित पेस्की अङ्कमा स्याद ननाघेको पेस्की समावेश छैन।

बेरुजु वर्गीकरणको विवरण **अनुसूची - ९ र १०** मा उल्लेख छ।

२. **लेखापरीक्षण अङ्कमा बेरुजु -** यो वर्ष प्रदेश मन्त्रालय तथा निकाय र समिति तथा अन्य संस्थासमेत १५९ निकायको रु.३९ अर्ब ४९ करोड ९१ लाख ५५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। जसमा रु.६० करोड ४८ लाख ८९ हजार बेरुजु कायम भएको छ। जुन लेखापरीक्षण अङ्कको १.५३ प्रतिशत हुन आउँछ।

(रु.हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	सङ्ख्या	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	बेरुजु प्रतिशत
१.	प्रदेश मन्त्रालय तथा निकाय	१४१	३३८६०२४५	५५५८६३	१.६४
२.	समिति र अन्य संस्था	१८	५६३८९१०	४९०२६	०.८७
	जम्मा	**१५९**	**३९४९९१५५**	**६०४८८९**	**१.५३**

३. **हालसम्मको बाँकी बेरुजु** - प्रदेश सरकारी कार्यालय र अन्य संस्था तथा समितितर्फ गत वर्षको बाँकी रु.२ अर्ब ९८ करोड ४० लाख २० हजार बेरुजु रहेकोमा यो वर्ष रु.४ करोड ८ लाख ४० हजार सम्परीक्षण भई लगत कट्टा भएको र रु.४ लाख ९९ हजार संपरीक्षणबाट थप भई रु.२ अर्ब ९४ करोड ३६ लाख ७९ हजार बाँकी रहेको र यो वर्षको रु.६० करोड ४८ लाख ८९ हजार थप भई जम्मा बेरुजु रु.३ अर्ब ५४ करोड ८५ लाख ६८ हजार रहेको छ।

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय /निकायको नाम	सातौं प्रतिवेदनसम्मको बाँकी बेरुजु	यो वर्षको सम्परीक्षण	सम्परीक्षणबाट कायम थप बेरुजु	गत वर्षसम्मको बाँकी बेरुजु	यो वर्षको थप बेरुजु	आठौं प्रतिवेदन सम्मको बाँकी बेरुजु
१	सरकारी कार्यालयतर्फ	२३८७९४७	३६७२६	४४९	२३५१६७०	५५५८६३	२९०७५३३
२	समिति तथा अन्य संस्थातर्फ	५९६०७३	४११४	५०	५९२००९	४९०२६	६४१०३५
जम्मा		**२९८४०२०**	**४०८४०**	**४९९**	**२९४३६७९**	**६०४८८९**	**३५४८५६८**

अद्यावधिक बेरुजुको विवरण **अनुसूची -११** मा उल्लेख छ।

४. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

४.१. यो वर्ष प्रदेश मन्त्रालय तथा निकाय र समिति तथा अन्य संस्था समेतको रु.३९ अर्ब ४९ करोड ९१ लाख ५५ हजारको लेखारीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट १ हजार ९९६ सैद्धान्तिक दफा र १ हजार २७ लगती दफाबाट रु.६३ करोड १९ लाख ८३ हजार बेरुजु देखिएको छ। सो मध्ये प्रतिवेदन अवधिसम्म प्रतिक्रियाबाट १ सैद्धान्तिक र ८४ लगती दफाबाट रु.२ करोड ७० लाख ९४ हजार बेरुजु फर्स्यौंट भई रु.६० करोड ४८ लाख ८९ हजार बेरुजु बाँकी रहेको छ। यसको विस्तृत विवरण **अनुसूची ९, १०** र **११** मा छ।

४.२. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ४० मा लेखापरीक्षणबाट औंल्याइएको बेरुजु सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी गराई वा असुलउपर गरी फर्स्यौंट गर्ने दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने व्यवस्था छ। सोही ऐनको दफा ३८ मा औंल्याइएको बेरुजु ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा प्रदेशका लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। सोही व्यवस्था बमोजिमको प्रक्रिया पालना गर्दा समेत २०८१।८२ को बेरुजु फर्स्यौंट नभएकाले जवाफदेहिता र जिम्मेवारीको पूर्ण परिपालना भएको छैन। तसर्थ सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची- १५** मा समावेश गरिएको छ।

४.३. सरकारी कार्यालय र अन्य संस्था तथा समिति समेतको यो वर्ष निकायगत रूपमा देखिएको बेरुजु निम्नानुसार छ।

(रु.हजारमा)

क्र सं	मन्त्रालय / निकायको नाम	लेखापरीक्षण अङ्क	बाँकी बेरुजु					लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असूल गर्नुपर्ने	अनियमित बेरुजु	पेस्की	जम्मा बेरुजु रकम	कुल बेरुजु प्रतिशत	
१	प्रदेश सभा सचिवालय	०	-	-	-	-	-	-
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३५३०७३	३०६	१२६५	०	१५७१	०.२६	०.४४
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	३३४६२६	०	२८२३३	०	२८२३३	४.६७	८.४४
४	आर्थिक मामिला मन्त्रालय	३९१३९०४	०	०	०	०	०	०
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२३०५७४७	२७९२	४१३५०	०	४४१४२	७.३	१.९१
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१९२१८६५	१८००	३०७०४	०	३२५०४	५.३७	१.६९
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	११७३३६०७	४४६०२	१९५५३७	४२७८९	२७६६३१	४६.७७	२.३६
८	सामाजिक विकास मन्त्रालय	१८८५५६३०	५२५७	२०३८६४	६२००	२२१६१८	३५.६	१.१८
९	प्रदेश नीति तथा योजना आयोग	३०२४७	१७६	१४	०	१९०	०.०३	०.६३
१०	प्रदेश लोक सेवा आयोग	५०४५६	०	०	०	०	०	०
११	मुख्य न्यायधिवक्ताको कार्यालय	**०**	-	-	०	-	-	-
	जम्मा	**३९४९९१५५**	**५४९३३**	**५००९६७**	**४८९८९**	**६०४८८९**	**१००**	**१.५३**

उल्लिखित अवस्थामा भौतिक पूर्वाधार विकास मन्त्रालय सबैभन्दा बढी बेरुजु हुने निकायको रूपमा रहेको र प्रदेश लोकसेवा आयोग बेरुजु नहुने निकायको रूपमा रहेको छ।

४.४. यो वर्ष १४१ प्रदेश कार्यालय र १८ अन्य संस्था तथा समितिको लेखापरीक्षण गरेकोमा ६२ कार्यालय (३९ प्रतिशत) मा बेरुजु देखिएन।

४.५. यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १४१ को लेखापरीक्षण गरेकोमा ५४ कार्यालयमा लगती बेरुजु देखिएको छैन। समिति तथा अन्य संस्था १८ को लेखापरीक्षण गरेकोमा ८ कार्यालयमा लगती बेरुजु देखिएको छैन।

४.६. यो वर्ष १४१ प्रदेश कार्यालयको २ हजार ५७८ दफा बेरुजु कायम रहेकोमा १ हजार ७२८ दफा सैद्धान्तिक र ८५० दफा लगती बेरुजु कायम भएको छ।

४.७. प्रदेश सरकारी कार्यालय र अन्य संस्था तथा समितितर्फको गत वर्षसम्मको पेस्की रु.१ अर्ब १३ करोड ५० लाख ५२ हजार बाँकी रहेकोमा यो वर्ष रु.४५ करोड ५० लाख ५२ हजार फर्स्यौट भई रु.६८ करोड बाँकी रहेकोमा यो वर्ष रु.४ करोड ८९ लाख ८९ हजार थप भई रु.७२ करोड ८९ लाख ८९ हजार बाँकी रहेको छ। पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ।

४.८. सरकारी कार्यालय र समिति तथा अन्य संस्था समेतबाट लेखापरीक्षण क्रममा असुली गर्नुपर्ने देखिएको मध्ये लेखापरीक्षणको दौरानमा रु.७१ लाख ७१ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.२७ लाख ८ हजार र सम्परीक्षणको क्रममा रु.२३ लाख ४२ हजार समेत रु.१ करोड २२ लाख २१ हजार असुल भएको छ। यस सम्बन्धी विवरण **अनुसूची-६** मा उल्लेख छ।

४.९. सरकारी कार्यालय र अन्य संस्था तथा समितितर्फ जम्मा रु.५१ लाख ४८ हजार अग्रिम कर कट्टी नगरेको बेहोरा औल्याएकोमा रु.७ लाख ८७ हजार असुल भई रु.४३ लाख ६१ असुल गर्न बाँकी छ। यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ।

४.१०. प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको ८ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्रतिवेदन	आर्थिक वर्ष	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
पहिलो, २०७५	२०७४।७५	२६१९०५	५९५९	२.२८	५९५९	२.२८
दोस्रो, २०७७	२०७५।७६	२२८२४८६८	८८२८७४	३.८७	४९२७८७	२.१६
तेस्रो, २०७८	२०७६।७७	२६७७७६१०	५७५१५७	२.१५	४३०१०१	१.६१
चौथो, २०७९	२०७७।७८	३५४९७८४५	७७२४८१	२.१८	४८४२१२	१.३६
पाचौं, २०८०	२०७८।७९	३५६२०३६१	९१९५७३	२.५८	८२२०५१	२.३१
छैटौं, २०८१	२०७९।८०	३९४३९८९९	३७६३९१	०.९५	२३१३७१	०.५९
सातौं, २०८२	२०८०।८१	३५६२५९८१	५००६९३	१.४१	४८०६९९	१.३५
आठौं, २०८३	२०८१।८२	३९४९९१५५	६०४८८९	१.५३	५५५९००	१.४१

परिच्छेद

३



लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

१. **कानुन निर्माण -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेश अन्तर्गतका मन्त्रालयको कार्यक्षेत्रमा पर्ने विषयको कानुन, नीति, मापदण्ड, निर्देशिका लगायतका नीतिगत व्यवस्था गर्नुपर्ने उल्लेख छ। प्रदेश अन्तर्गतका निकायहरूले हालसम्म ६४ ऐन, १५ नियमावली, २ निर्देशिका, ५ कार्यविधि, ४ मापदण्ड र ९ गठन आदेश तयार गरेको छ। नियमावली अनुसार प्रदेशको कार्यक्षेत्र भित्र पर्ने विषयहरूको आवश्यक नीतिगत व्यवस्था गरी कार्यसम्पादन गर्नुपर्दछ।

२. **कानुनको परिपालना -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार सार्वजनिक निकायहरूले सार्वजनिक खरिद कार्यलाई व्यवस्थित गर्न खरिद योजना बनाउनुपर्ने, प्रचलित नर्म्सको आधारमा लागत अनुमान तयार गर्ने, खरिदलाई प्रतिस्पर्धात्मक बनाउन टुक्रापारी खरिद नगर्ने, सम्झौता अवधि भित्र कार्य सम्पन्न गर्नुपर्ने, सम्झौताको परिमाणमा घटबढ गरी कार्य भएको अवस्थामा भेरिएसन आदेश स्वीकृत गराउनुपर्ने, सम्झौताको अधीनमा रही पेस्की फस्यौंट गर्ने लगायतका व्यवस्था भएकोमा यो वर्ष प्रदेश सरकारका निकायहरूले कतिपय खरिद कार्यमा खरिद योजना बेगर नै खरिद कार्य सञ्चालन गर्ने, सम्झौता अनुसार तोकिएको समयमा काम सम्पन्न नगर्ने, मालसामान वा निर्माण कार्यको उच्चतम प्रतिस्पर्धाको लाभ प्राप्त हुने गरी प्याकेज नबनाउने, निर्माण व्यवसायीको ढिलाईको कारण तोकिएको समयमा काम नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने, सम्झौता बमोजिम काम सुरु नगर्ने, बीचैमा काम छोड्ने, सम्झौता अनुसार कार्य प्रगति नगर्ने निर्माण व्यवसायीको जमानत जफत गरी बाँकी काम गर्न लाग्ने रकम असुल नगर्ने, फरक सूचकाङ्क प्रयोग गरी मूल्यवृद्धि बढी भुक्तानी दिने र निर्माणस्थलको तयारी बेगर बोलपत्र प्रकाशन गर्ने जस्ता कार्य गरेको देखिएको छ।

यसैगरी नर्म्स बेगर परामर्श सेवाको लागत अनुमान तयार गर्ने, बोलपत्रबाट गर्नु पर्ने काम टुक्रा पारी सोझै खरिद गर्ने, उपभोक्ताको योगदान कम गराउने, योजना हस्तान्तरण नगर्ने, पेस्की दिएको लामो अवधिसम्म पनि काम सुरु नगर्ने, प्रगतिको आधारमा पेस्की फस्यौंट नगर्ने, सम्झौताको म्याद थप गर्दा मूल्य समायोजनमा पर्ने व्ययभारलाई विचार नगर्ने, धरौटी रकम फिर्ता गर्दा कर चुक्ता प्रमाण र मूल्य अभिवृद्धि कर समायोजन पत्र बेगर फिर्ता दिने गरेको देखिएको छ। ऐन र नियममा उल्लिखित व्यवस्थाको पालना गरी कार्यसम्पादन गर्नुपर्दछ।

३. **एकीकृत वित्तीय विवरण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २७ मा कारोबारको लेखाङ्कन तथा प्रतिवेदन लेखाका मान्य सिद्धान्त र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। ऐनको दफा ३१ मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधि भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकार मातहतका ५ मन्त्रालय र केन्द्रीय निकायले आफ्नो र मातहतका निकाय समेतको एकीकृत वित्तीय विवरण तयार गरेको देखिएन। ऐनमा तोकिए बमोजिम स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) अनुसार प्रदेशका मन्त्रालय तथा केन्द्रीय निकायहरूले आफ्नो र मातहत निकाय समेतको एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **कार्यसम्पादन करार -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २१(५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा निर्देशनालय प्रमुख वा जिम्मेवार व्यक्तिले प्रदेश सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुख वा निर्देशनालय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नुपर्ने व्यवस्था छ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्याङ्कनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भएपनि मन्त्रालय र केन्द्रीय निकायहरूमा यो वर्ष सो व्यवस्था कार्यान्वयनमा ल्याइएको देखिएन।

५. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने बेहोरा उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने, कानुनबमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौंट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने र वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा मन्त्रीको हकमा मुख्यमन्त्रीबाट र मन्त्रालयको हकमा मन्त्रीबाट निगरानी हुने व्यवस्था छ। मन्त्रालय समेत ११ केन्द्रीय निकायमा यो वर्ष रु.३१ अर्ब ६६ करोड ८८ लाख बजेट विनियोजन भएकोमा रु.२२ अर्ब २० करोड २६ लाख खर्च भएको छ। पूर्णरूपमा वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा विनियोजित बजेटको ७०.११ प्रतिशत बजेट खर्च भएको छ। अर्थ विविध शीर्षक अन्तर्गत रु.१० करोड खुद विनियोजन कायम भएकोमा उक्त बजेट खर्च गरेको देखिएन। उल्लिखित अवस्थाको आधारमा प्रदेश अन्तर्गतका कार्यालयहरूबाट वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता पूर्ण पालना भएको नदेखिएकोले ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिता पालना हुनुपर्दछ।

६. **आन्तरिक नियन्त्रण प्रणाली -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागु गरी सक्नुपर्ने व्यवस्था छ। मन्त्रालय तथा केन्द्रीय निकायहरूले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

७. **आवधिक योजना कार्यान्वयन -** प्रदेशले "आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम" भन्ने दीर्घकालीन सोचसहित प्रथम पञ्च वर्षीय योजना (२०७८।७९-२०८२।८३) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। आवधिक योजनाले तय गरेका वार्षिक लक्ष्यको समीक्षा नगरिएकाले आवधिक योजनाले २०८२।८३ सम्म निर्धारण गरेका आत्मनिर्भरता सम्बन्धी २२ र समृद्धि सम्बन्धी २० सूचकहरूको प्रगति मूल्याङ्कन गरिएको देखिएन। आवधिक योजनाले तय गरेका लक्ष्यहरूको समीक्षा गरी सोहीअनुसार नीति, कार्यक्रम तथा बजेट व्यवस्थापन गर्नुपर्दछ।

८. **मध्यमकालीन खर्च संरचना -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ६(१) मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा अघि योजना आयोगले आगामी तीन वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने उल्लेख छ। मध्यमकालीन खर्च संरचना बमोजिम २०८१।८२ का लागि रु.३१ अर्ब ६२ करोड ९८ लाख प्रक्षेपण गरेकोमा रु.३१ अर्ब ६६ करोड ८८ लाख अर्थात् प्रक्षेपणभन्दा ०.१२ प्रतिशत बढी बजेट कायम भएकोमा रु.२२ अर्ब २० करोड २६ लाख अर्थात् प्रक्षेपणभन्दा २९.८० प्रतिशत घटी खर्च भएको देखियो। आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेट कार्यक्रमबीच सामामञ्जस्यता कायम गरी आवधिक योजनामा तोकिएको लक्ष्य हासिल हुने गरी नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा ल्याउनुपर्दछ।

९. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको यस वर्षको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका मध्ये कृषि उस्मायन केन्द्रको स्थापना गर्ने, हत्केलामा कृषि सेवा तथा एक जिल्ला एक उद्योग कार्यक्रम सञ्चालन गर्ने, प्रदेशको राजधानी निर्माण गर्ने, प्रदेश आयोजना बैङ्क तर्जुमा दिग्दर्शनमा समावेश भए बमोजिम प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीको प्रयोगमा ल्याउने, वैदेशिक रोजगारीबाट फर्किएका नागरिकहरूका लागि रोजगारमूलक कार्यक्रमहरूको सञ्चालन गर्ने, युवा वैज्ञानिक प्रोत्साहन कार्यक्रम, औद्योगिक जनशक्ति विकास र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने, कोल्ड स्टोर, दुग्ध तथा माछामासु चिस्यान केन्द्रहरूको विद्युत महशुलमा सहुलियत प्रदान गर्ने, स्थानीय तहसँगको लागत साझेदारीमा कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा कृषि एम्बुलेन्स कार्यक्रम सञ्चालन गर्ने, प्रदेशको पहिचान सहितको प्राङ्गारिक खेती प्रवर्धन कार्यक्रम गर्ने, प्रदेशभित्र रहेका सरकारी कृषि, पशुपन्छी तथा मत्स्य फार्म, प्रयोगशाला र केन्द्रको स्तरोन्नति गरिनुका साथै नयाँ स्रोत केन्द्रको सम्भाव्यता अध्ययन गर्ने, प्रदेशको कला संस्कृति भेषभुषा रहनसहन र परम्परा झल्किने गरि धार्मिक सांस्कृतिक पुरातात्विक र ग्रामीण पर्यापर्यटन प्रवर्धन गर्न प्रदेशस्तरमा एकीकृत साँस्कृतिक सङ्ग्रहालय निर्माणको थालनी गर्ने, निर्माण सम्पन्न भएका सङ्ग्रहालयहरू सञ्चालन गर्न आवश्यक मोडालिटी तयार गर्ने, जलवायु परिवर्तन अनुकुलन र कार्वन उत्सर्जन न्यूनीकरणबाट प्राप्त हुने लाभलाइ हरित अर्थतन्त्र प्रवर्धन गर्न उपयोग र व्यवस्थापन गरिने, वर्षातको पानी सङ्कलन तथा व्यवस्थापन प्रणालीमा जलवायु उत्थानशीलता सुनिश्चित गर्न परम्परागत ज्ञान अभ्यास र स्थानीय स्रोतलाई उपयुक्त प्रविधिहरूसँग एकीकृत गरिने लगायतका नीति तथा कार्यक्रमहरू कार्यान्वयन भएको छैन। वार्षिक नीति तथा कार्यक्रमहरू कार्यान्वयन हुनुपर्दछ।

१०. **त्रैमासिक खर्च** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ३४ मा बजेट तथा कार्यक्रमको त्रैमासिक प्रगति विवरण बनाइ कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार यो वर्ष रु.२२ अर्ब २० करोड २६ लाख निकासा खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.२ अर्ब २५ करोड ७९ लाख, दोस्रो त्रैमासिकमा रु.२ अर्ब ४२ करोड ९१ लाख, तेस्रो त्रैमासिकमा रु.४ अर्ब १० करोड ८१ लाख र चौथो त्रैमासिकमा रु.१३ अर्ब ४० करोड ७५ लाख खर्च गरेको छ। चौथो त्रैमासिकमा कुल खर्चको ६०.३९ प्रतिशत तथा पुँजीगत खर्चको ६८.५३ प्रतिशत र आषाढ महिनामा ४०.४४ प्रतिशत खर्च भएकोले वर्षान्तमा बढी खर्च भएको देखियो। नगद प्रवाह योजना तयार गरी स्वीकृत कार्यक्रम अनुसार सन्तुलितरूपमा खर्च व्यवस्थापन हुनुपर्दछ।

११. **रकमान्तर** - सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ को दफा ३ मा तोकिएका निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन भएको रकममध्ये बचत हुने र नपुग हुने शीर्षकमा १० प्रतिशतमा नबढ्ने गरी एक वा बढी अनुदान सङ्ख्यामा रकम सार्न सकिने व्यवस्था छ। यो वर्ष रु.३१ अर्ब ६६ करोड ८८ लाख २८ हजार सुरु बजेट विनियोजन भएकोमा कुल रु.४ अर्ब ४३ करोड ६७ लाख ५४ हजार थप र रु.४ अर्ब ४३ करोड ६७ लाख ५४ हजार घट भई अन्तिम बजेट रु.३१ अर्ब ६६ करोड ८८ लाख २८ हजार कायम भएको छ। कुल विनियोजित बजेटको १४ प्रतिशत रकमान्तरबाट थप र १४ प्रतिशत घटाएको छ। विनियोजन ऐनले तोकेको सीमा भित्र रही बजेट परिचालन हुनुपर्दछ।

१२. **स्वकीय सचिव** - मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा मुख्यमन्त्री तथा अन्य मन्त्रीहरूको स्वकीय सचिवालयमा रहने कर्मचारीको सङ्ख्या र पद तोकिएको छ। मुख्यमन्त्रीको राजनीतिक सल्लाहाकार समेत १२ जना र मन्त्रालयमा मन्त्रीको स्वकीय सचिव, शाखा अधिकृतस्तरको १ समेत ५ जना सचिवालयमा राखी पारिश्रमिक तथा अन्य सुविधा भुक्तानी गर्ने गरिएको छ। ऐनमा स्वकीय सचिवको पद तोकिएतापनि सो पदको लागि न्यूनतम योग्यता नतोकिएकोले शैक्षिक योग्यता आवश्यकता पर्ने पदमा उचित मापदण्ड तोकी सचिवालयको कर्मचारी व्यवस्थापन हुनुपर्दछ।

१३. **सम्पत्तिको लगत** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ७६ मा कार्यालयले खरिद वा निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसमान तथा सम्पत्तिको लेखा खरिद मूल्यको आधारमा लगत राखी एकीकृत विवरण तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरणमा प्रदेश सभा सचिवालय लगायत ११ मन्त्रालय तथा निकायको जम्मा सम्पत्ति रु.५ अर्ब ६ करोड ३६ लाख ६५ हजार देखाएकोमा भवन तथा संरचना अन्तर्गत रु.२४ करोड ९६ लाख १२ हजार रहेको छ। आर्थिक वर्ष २०७९।८० मा रु.६ करोड १० लाख २८ हजारको जमिनसमेत रहेको सम्पत्ति विवरणमा उल्लेख भएकोमा यो वर्ष जमिनको रूपमा रहेको सम्पत्तिलाई एकीकृत वित्तीय विवरणमा देखाएको छैन। महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय प्रतिवेदनमा सुदूरपश्चिम प्रदेश अन्तर्गत रु.५ अर्ब ६ करोड २७ लाख १८ हजारको जिन्सी तथा सम्पत्ति रहेको उल्लेख छ। उल्लिखित दुई प्रतिवेदनले देखाएको विवरणमा प्रदेश लेखा नियन्त्रक कार्यालयले रु.९ लाख ४७ हजार बढी देखाएको छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा सबै सम्पत्ति अभिलेखाङ्कन गरेको छैन। प्रदेश सरकार मातहतका निकायले प्रयोग गरिरहेका सरकारी सम्पत्तिको अभिलेख व्यवस्थित गरी लगत अद्यावधिक गर्नुपर्दछ।

१४. **बेरुजु लगत** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३९ मा आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनुपर्ने भनी ठहऱ्याईएको बेरुजुको लगत कार्यालयस्तरमा राख्नुपर्ने, प्रदेशस्तरका केन्द्रीय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको प्रादेशिक लगत राखी बेरुजुको अभिलेख अध्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने बेहोरा उल्लेख छ। मन्त्रालय र केन्द्रीय निकायहरूले यो वर्ष उक्त बेहोरा अनुसार बेरुजुको लगत अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाएको देखिएन। ऐनमा तोकिएको बेहोरा कार्यान्वयन हुनुपर्दछ।

खण्ड

१

मन्त्रालय र निकायगत बेहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम ५३ सदस्य रहने गरी सुदूरपश्चिम प्रदेश सभाको कार्यसञ्चालन र व्यवस्थापन गर्न संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालयको स्थापना भएको छ। प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ मा प्रदेश सभा सचिवालय अन्तर्गत देहाय बमोजिमका कार्यक्षेत्र रहेका छन्:-

- प्रदेश सभा तथा प्रदेश सभाका समितिलाई विधायिकी कार्यमा सहयोग गर्ने,
- प्रदेश सभाको काम कारबाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- प्रदेश सभा, प्रदेश सभाका समिति र सदस्यलाई तोकिए बमोजिम सेवा सुविधा उपलब्ध गराउने,
- प्रदेश सभाका समितिको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक कार्य गर्ने,
- प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका कार्यालयलाई तोकिएबमोजिम सेवा सुविधा उपलब्ध गराउने,
- संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,
- गैरसरकारी विधेयकको अध्ययन अनुसन्धान गरी मस्यौदा तयार गर्ने कार्यमा सदस्यलाई सहयोग पुऱ्याउने।

१. **बजेट तथा खर्च** - प्रदेश सभा सचिवालयले यो वर्ष देहाय अनुसार बजेट तथा खर्च गरेको वित्तीय विवरण प्राप्त भएको छः-

(रु.हजारमा)

विनियोजन/खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१५६२०८	२३२२	१६९१	७७	१६०२९८

२. **बजेट खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सचिवालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	९३९३१	९४६७५	७४९४५	७९.१६
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१७३	१७३	४६	२६.५९
२२१०० सेवा महसुल	४६११	४८११	४१६२	८६.५१
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	११५३०	१३६३०	१२९६५	९५.१२
२२३०० कार्यालय सामान तथा सेवा	४०१२	४६१२	४२५१	९२.१७
२२४०० सेवा तथा परामर्श खर्च	१०८९१	१०८९१	१००९२	९२.६६
२२५०० कार्यक्रम सम्बन्धी खर्च	१४४२०	१०६२०	८०८१	७६.०९
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	७५१०	७९१०	७९०७	९९.९६
२२७०० विविध खर्च	८२१५	८५१५	८५०५	९९.८८
२८१०० सम्पत्ति सम्बन्धि खर्च	१०१४३	१०३४३	९२३८	८९.३२
जम्मा	**१६५४३६**	**१६६१८०**	**१४०१९२**	**८४.३६**

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
पुँजीगत खर्च				
३१००० स्थिर सम्पत्ति प्राप्ति खर्च	१६३४६	१७०६६	१६०१६	९३.८५
कुल जम्मा	**१८१७८२**	**१८३२४६**	**१५६२०८**	**८५.२४**

उल्लिखित विवरणअनुसार चालुतर्फ ८४.३६ प्रतिशत, पुँजीगततर्फ ९३.८५ प्रतिशत र समग्रमा ८५.२४ प्रतिशत खर्च गरेको छ।

३. **लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३६ (१) मा कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। कार्यालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ गतेको घटनाको कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.१५ करोड ६२ लाख ८ हजार, राजस्वतर्फ रु.२३ लाख २२ हजार, धरौटीतर्फ रु.१६ लाख ९१ हजार र अन्य कारोबार तर्फ रु.७७ हजार गरी रु.१६ करोड २ लाख ९८ हजारको लेखापरीक्षण गरिएको छैन।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कानुन निर्माण, निर्णय कार्यान्वयन लगायतका बेहोरा औँल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ अनुसार कार्यालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः-

- प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- प्रदेश मन्त्रालयहरूको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,
- प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण,
- प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,
- प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण,
- प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक एवम् प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन,
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय,
- सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीयस्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन सम्बन्धी अन्य कार्यहरू।

१. **लेखापरीक्षण अङ्क -** कार्यालयको निम्नानुसार रु.२४ करोड ६६ लाख ५५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१८६०८५	११२०३	२७८५	४६५८२	२४६६५५

उल्लिखित रकममा २ समितिको विनियोजन तर्फको रु.१० करोड ५५ लाख २३ हजार, राजस्व तर्फको रु.३ लाख ३१ हजार, धरौटी तर्फको रु.१८ लाख १५ हजार र कार्यसञ्चालन कोष तर्फको रु.३८ लाख ३७ हजार समेत जम्मा रु.११ करोड १५ लाख ६ हजार समावेश छ।

२. **समिति -** सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान र प्रादेशिक सुशासन केन्द्रको रु.२१ करोड ७९ लाख २५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार बजेट तथा खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	४२१२१	४३१२१	३१५६५	७३.२०

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२२७९	२२७९	११२	४.९१
२२१०० सेवा महसुल	४२१८	४२१८	३१६६	७५.०६
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१६८४३	१७७६३	१४८६९	८३.७१
२२३०० कार्यालय सामान तथा सेवा	९०९२	९४९२	७७९२	८२.०९
२२४०० सेवा तथा परामर्श खर्च	१३२६५	१३२६५	८९६२	६७.५६
२२५०० कार्यक्रम सम्बन्धी खर्च	१९७४००	१५८८००	८८१२२	५५.४९
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	६९००	६९९०	५८५५	८३.७६
२२७०० विविध खर्च	४३२०	४३२०	३८६८	८९.५४
२८१०० सम्पत्ति सम्बन्धी खर्च	६००	६००	०	०
जम्मा	**२९७०३८**	**२६०८४८**	**१६४३११**	**६२.९९**
पुँजीगत खर्च				
३१००० स्थिर सम्पत्ति प्राप्ति खर्च	३०३२५	२६५२५	२१७७४	८२.०९
कुल जम्मा	**३२७३६३**	**२८७३७३**	**१८६०८५**	**६४.७५**

उल्लिखित विवरणअनुसार कार्यालयको लागि विनियोजित बजेट रकमान्तरबाट १२.२२ प्रतिशत घटाइएकोमा चालुतर्फ ६२.९९ प्रतिशत, पुँजीगततर्फ ८२.०९ प्रतिशत र समग्रमा ६४.७५ प्रतिशत खर्च गरेको छ।

४. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७९ को दफा ३१(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्ने व्यवस्था छ। कार्यालयले आफ्नो र मातहतका कार्यालयहरूको एकीकृत वित्तीय विवरण तयार गरेको छैन। कानुनले तोके अनुसार एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

५. **नीति तथा कार्यक्रम** - प्रदेश सरकारको यस वर्षको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएकामध्ये कृषि उस्मायन केन्द्रको स्थापना, हत्केलामा कृषि सेवा, एक जिल्ला एक उद्योग, युवा वैज्ञानिक प्रोत्साहन, मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार तथा पोषण सुरक्षा कार्यक्रम, प्रदेशको राजधानी निर्माण प्रकृया, हेलो प्रदेश सरकार कार्यक्रम, विकास निर्माण एवम् सेवा प्रवाहको एकीकृत विद्युतीय अभिलेखीकरण एवम् विद्युतीय अनुगमन प्रणालीको कार्यान्वयन, प्रदेश आयोजना बैङ्क तर्जुमा दिग्दर्शनमा समावेश भए बमोजिम प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीको प्रयोग, प्रदेश गौरवका आयोजना छनोट सम्बन्धी मापदण्ड निर्धारण गरी हाल सञ्चालित आयोजनाहरूको पुनरावलोकन गरी विषयगत क्षेत्र समेटिने गरी प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिले सम्भाव्य आयोजनाहरूलाई प्रदेश गौरवका आयोजनाको रूपमा छनोट गरिने, आन्तरिक आयलाई थप सुदृढ बनाउन राजस्व नीति तर्जुमा गर्ने, कृषकको साथी कृषि एम्बुलेन्स लगायतका नीति तथा कार्यक्रमहरू बजेटमा समावेश गरेको छैन। नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रम बजेटमा व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** यस वर्षको बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमहरूमध्ये सुशासन सम्बन्धी अध्ययन कार्यदलले दिएको प्रतिवेदनका सुझावहरूको कार्यान्वयन, मुख्य न्यायाधिवक्ताको कार्यालयको संस्थागत सुदृढीकरण र कर्मचारीहरूको क्षमता विकासका कार्य, सेवा प्रवाहलाई स्वच्छ,

निष्पक्ष, दक्ष, सबल र सुशासन मैत्री बनाउन प्रदेशस्तरीय प्रशासनिक पुनर्संरचनाको कार्यलाई अगाडी बढाउने, प्रदेश स्थित कार्यालय, तालिम केन्द्र एवं निर्देशानालयहरूको सुदृढीकरण तथा खारेजीको लागि उच्च स्तरीय कार्यदल गठन गरी प्राप्त सिफारिसलाई कार्यान्वयन गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएका छैनन्। बजेट वक्तव्यको कार्यान्वयन हुनुपर्दछ।

७. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने बेहोरा उल्लेख छ। कार्यालयमा यो वर्ष रु.३५ करोड २७ लाख ६७ हजार बजेट विनियोजन भएकोमा ६६ प्रतिशतले रु.२० करोड ७७ लाख ४३ हजार खर्च भएको छ। विनियोजित बजेट न्यून खर्च भएको हुँदा मन्त्रालयले उपलब्धि हासिल गर्ने गरी खर्च गर्नुपर्दछ।

८. **आन्तरिक नियन्त्रण प्रणाली** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३ को उपदफा (१) मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाइएन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नु पर्दछ।

९. **निर्णय कार्यान्वयन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ मा प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमनको जिम्मेवारी यस कार्यालयलाई तोकिएको छ। यो वर्ष प्रदेश सरकार मन्त्रिपरिषद्को ३९ पटक बैठक बसी ११५ निर्णय गरेको छ। मन्त्रिपरिषद्का निर्णयको अभिलेख राखी कार्यान्वयनको अनुगमन गर्नुपर्दछ।

१०. **प्रदेश समन्वय परिषद्** - सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ मा प्रदेश र स्थानीय तहहरू बीच वा प्रदेश भित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहहरूबीचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषद्को व्यवस्था छ। परिषद्को बैठक गतवर्षसम्म ५ पटक बसी ५१ निर्णय गरेकोमा यसवर्ष बैठक बसेको छैन। परिषद्का निर्णयको अभिलेख राखी कार्यान्वयनको अनुगमन गर्नुपर्दछ।

११. **कर्मचारी व्यवस्थापन** - प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ मा दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकार मातहत ६७८ अस्थायी समेत ३ हजार ६ सय ७६ दरबन्दी रहेकोमा १ हजार ४ सय ४६ पद रिक्त रहेको छ। कार्यबोझ र आवश्यकता अनुसार जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

१२. **कार्यालय एकीकरण** - प्रदेश र स्थानीय तहमा निर्वाचित वा मनोनीत पदाधिकारी, प्रदेश र स्थानीय तह वा सो अन्तर्गतका निकाय तथा प्रदेश सङ्गठित संस्थामा कार्यरत कर्मचारीहरूको ज्ञान, सीप र क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण प्रदान गर्न एवं प्रशिक्षण सम्बन्धी विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्न सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७ अनुसार प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको छ। सो प्रतिष्ठान रहेको परिसरभित्र सोही प्रकृतिको कार्य सम्पादन गर्ने प्रादेशिक सुशासन केन्द्र स्थापना गरी तालिम कार्यक्रम सञ्चालन लगायतमा रु.८ करोड १३ लाख ६८ हजार खर्च भएको छ। समान प्रकृतिका उद्देश्य र कार्यक्षेत्र भएका निकायहरू समायोजन गर्नुपर्दछ।

१३. **निर्देशनालयहरूको पुनरावलोकन -** सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ मा प्रदेश मन्त्रालयले नीतिगत निर्णय गर्ने तथा समग्र पक्षको अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी तोकिएको र कार्यसञ्चालनस्तरको कार्य जिल्लास्तरीय कार्यालयले गर्ने गरी जिल्ला स्तरमा कार्यालय स्थापना गरिएको छ। मन्त्रालयको महाशाखा वा शाखाले सम्पादन गर्ने कार्यका लागि निर्देशनालयहरू स्थापना भई ती निर्देशनालयहरूले जिल्लास्तरका कार्यालयबाट सम्पादन हुने कार्यक्रमहरू कार्यान्वयन गरिरहेको देखिन्छ। स्वास्थ्य निर्देशनालय, शिक्षा निर्देशनालय, कृषि विकास निर्देशनालय, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय, वन निर्देशनालय र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयहरूको नीतिगत कार्य मन्त्रालयले र कार्यान्वयनस्तरको कार्य सम्बन्धित विषयगत जिल्लास्तरीय कार्यालयबाट हुने गरी निर्देशनालयको जिम्मेवारीमा पुनरावलोकन हुनुपर्दछ।

१४. **गुनासो व्यवस्थापन -** सेवा प्रवाहलाई प्रभावकारी बनाइ नागरिक प्रति उत्तरदायी शासनको प्रत्याभूति दिने उद्देश्यले हेलो सि.एम. नामक गुनासो व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याएको छ। उक्त प्रणालीमा गतवर्षको फर्स्यौंट नभई बाँकी रहेका समेत ५७ गुनासाहरू प्राप्त भएकोमा १५ फर्स्यौंट भई ४२ बाँकी रहेको छ। गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

१५. **स्वकीय सचिव -** मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा मुख्यमन्त्रीको स्वकीय सचिवालयमा १३ जना र मन्त्रीको स्वकीय सचिवालयमा ५ जना कर्मचारी रहने उल्लेख छ। यस वर्ष मुख्यमन्त्री र मन्त्रीको स्वकीय सचिवालयमा ४१ जना नियुक्ति गरी रु.१ करोड ६३ लाख ४७ हजार पारिश्रमिक भुक्तानी गरेको छ। कानुनमा तोकिएको सचिवालयका पदका लागि आवश्यक योग्यता कानुनमा व्यवस्था हुनुपर्दछ।

१६. **कोरोना कोष** - कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६ को बुँदा नं.११ मा कोरोना भाइरस संक्रमण नियन्त्रण कोष विघटन भएपछि कोषको सम्पत्ति तथा दायित्व प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको कार्य सञ्चालन कोषमा कोरोना संक्रमण रोकथाम वापत राखिएको रु.४ करोड ६ लाख प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा हस्तान्तरण गर्नुपर्दछ।

१७. **मुख्यमन्त्री राहत कोष तथा विपद् व्यवस्थापन कोष -** प्रदेश विपद् व्यवस्थापन कोष तथा राहत वितरण निर्देशिका, २०७६ को दफा ३ मा आवश्यकता र प्राथमिकताका आधारमा उद्धार तथा राहत वितरण गर्दा एकद्वार प्रणाली अवलम्बन गर्ने व्यवस्था मिलाउन प्रदेश विपद् व्यवस्थापन समितिको कोषमा न्यूनतम रु.५० पचास लाख आवर्ती कोष (रिभल्भिड फन्ड) को रूपमा मौज्दात राख्ने व्यवस्था छ। यसरी प्रदेशमा उद्धार तथा राहत वितरणको लागि एकद्वार प्रणाली अवलम्बन गर्ने व्यवस्था अनुरुप आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत रहेको प्रदेश विपद् व्यवस्थापन कोषमा रु.८ करोड ७९ लाख १२ हजार, मुख्यमन्त्री राहत कोषमा रु.१ लाख ४५ हजार र मुख्यमन्त्री विपद् व्यवस्थापन कोषमा रु.१ लाख ९८ हजार वर्षान्तमा मौज्दात रहेको छ। यसरी प्रयोगमा नरहेको मुख्यमन्त्री राहत कोष र मुख्यमन्त्री विपद् व्यवस्थापन कोषमा मौज्दात रहेको रकमको प्रयोजन विश्लेषण गरी आवश्यक नभए प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।

१८. **फरक कानुनी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (१०) मा गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय

आवश्यकता र विशिष्टता समेतलाई विचार गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो को प्रतिवेदन सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा (१) मा स्थानीय तहमा स्थानीय सेवाको सङ्गठन संरचना वा दरबन्दी सिर्जना गर्न तथा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न समितिले पेस गरेको प्रतिवेदन कार्यपालिकाले सिफारिस गरी पठाएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्वीकृत गर्नसक्ने व्यवस्था छ।

स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार पालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण पालिकाको सभाले स्वीकृत गर्ने तथा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ मा पालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण कार्यपालिकाको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्वीकृत गर्ने व्यवस्था रहेकोले उक्त प्रावधानमा तादाम्यता कायम हुनुपर्दछ।

१९. **वार्षिक प्रतिवेदन कार्यान्वयन -** महालेखापरीक्षकको प्रादेशिक वार्षिक प्रतिवेदन प्रदेश प्रमुखले मुख्य मन्त्री मार्फत प्रदेश सभामा पेस गर्ने व्यवस्था छ। महालेखापरीक्षकले विगतमा प्रदेश प्रमुखसमक्ष पेस गरेका ७ प्रतिवेदनमध्ये २०७५।७६, २०७६।७७ र २०७८।७९ को वार्षिक प्रतिवेदन सार्वजनिक लेखा समितिमा छलफल भएको छ। बाँकी ४ प्रतिवेदन माथि समितिमा छलफल हुन सकेको छैन। सबै प्रतिवेदन उपर छलफल गरी समितिको प्रतिवेदन सभाबाट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ।

२०. **बेरुजुको लगत -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३९ मा प्रदेशका मन्त्रालय तथा निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको केन्द्रीय लगत राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष मातहतका कार्यालय समेतको बेरुजुको लगत राखेको देखिएन। ऐनमा तोकिए अनुसार लगत राखी सोको फर्स्यौंटको अनुगमन गर्नुपर्दछ।

प्रदेश प्रादेशिक सुशासन केन्द्र, डोटी

२१. **कार्यक्रम सञ्चालन -** अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४० बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ। केन्द्रले विभिन्न गोष्ठी तथा तालिम सञ्चालन गर्दा रु.५६ लाख १४ हजार खर्च गरेको छ। तालिम तथा गोष्ठी सञ्चालन गर्दा सरकारी सभा हलमा गरी मितव्ययीतवरले तालिम, गोष्ठी तथा सेमिनारहरू सञ्चालन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा उल्लिखित यस कार्यालयसँग सम्बन्धित बेहोराहरूमध्ये योजना तर्जुमा तथा दिग्दर्शनको पालना नगरेको, प्रदेश राजधानी स्थापनाको निर्णय कार्यान्वयन नगरेको, एकीकृत अनुदान नीति तर्जुमा नगरेको लगायतका बेहोरा औँल्याइएकोमा स्थितिमा सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष कार्यालय र मातहतका निकायहरूमा देखिएको बेरुजुको स्थिति देहाय अनुसार छन्:
- समिति तथा अन्य संस्था समेत ३ निकायमा यो वर्ष रु.१५ लाख ७१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पश्चात फर्स्यौंट नभई सोही रकम बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध तथा सूचना आदान प्रदान,
- प्रदेश प्रहरी सञ्चालन तथा व्यवस्थापन,
- प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम र नियन्त्रण,
- कानुन, न्याय तथा प्रदेश सभा मामिला,
- प्रदेश सभामा पेस हुने विधेयक तर्जुमा र प्रमाणीकरण,
- अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,
- आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्धनमा सहयोग,
- प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण,
- सामुदायिक प्रहरी,
- शान्ति सुरक्षा र सुव्यवस्था,
- प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालयको निम्नानुसार रु.३३ करोड ४६ लाख २६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
८७६४२	३५५४	१०८८८	२३२५४२	३३४६२६

नोटः *उल्लिखित लेखापरीक्षण अङ्कमा सहिद लोकराज ढकाल युवा सशक्तिकरण लागु औषध दुर्व्यसनी सचेतना कार्यक्रमको लागि ८ वटा स्थानीय तहलाई निकासा भएको वित्तीय हस्तान्तरणको रु.४१ लाख ६६ हजार समावेश छैन।*

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	२२९०९	२२९०९	१८९५०	८२.७२
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१८२	१८२	८४	४६.०३
२२१०० सेवा महसुल	२९७४	२९७४	१७४८	५८.७७
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	९६६२	९६६२	५८४६	६०.५१
२२३०० कार्यालय सामान तथा सेवा	४५३८	४५३८	२९५१	६५.०३

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
२२४०० सेवा तथा परामर्श खर्च	५४५५	५४५५	४९११	९०.०३
२२५०० कार्यक्रम सम्बन्धी खर्च	६७७२४	५२५२४	१८९२७	३६.०३
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	३८२८	३८२८	३६७०	९५.८७
२२७०० विविध खर्च	२८०८	२८०८	२३४४	८३.४७
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१४७०	१४७०	८०३	५४.६५
जम्मा	**१२१५५०**	**१०६३५०**	**६०२३४**	**५६.६४**
पुँजीगत खर्च				
३१००० स्थिर सम्पत्ति प्राप्ति खर्च	२४३२०१	१२६३०१	३१५७४	२५
कुल जम्मा	**३६४७५१**	**२३२६५१**	**९१८०८**	**३९.४६**

उल्लिखित विवरणअनुसार सुरु विनियोजित बजेटमा रकमान्तरबाट ३६.२२ प्रतिशतले घटाई कायम बजेटको चालुतर्फ ५६.६४ प्रतिशत, पुँजीगततर्फ २५ प्रतिशत र समग्रमा ३९.४६ प्रतिशत खर्च भएको छ।

३. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३१(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरण अनुसार कार्यक्रम सम्बन्धी खर्च अन्तर्गत सहिद लोकराज ढकाल युवा सशक्तिकरण लागु औषध दुर्व्यसनी सचेतना कार्यक्रमको लागि ८ वटा स्थानीय तहलाई निकासा दिएको वित्तीय हस्तान्तरणको रु.४१ लाख ६६ हजार समावेश गरेको छैन। साथै राजस्व प्राप्ति रु.३ लाख १८ हजार देखाएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणमा रु.३५ लाख ५४ हजार देखाएको छ। मन्त्रालयले प्राप्ति रकम एकीन गरी प्रदेश लेखा नियन्त्रक कार्यालयसँग हिसाब भिडान गर्नुपर्दछ।

४. **नीति तथा कार्यक्रम -** प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित बेहोरामध्ये प्रदेशस्थित सुरक्षा निकायबाट प्राप्त सूचना व्यवस्थित गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा सूचना समन्वय कक्षको स्थापना, प्रदेश अस्पतालहरूसँग आवद्धता गरी लागुपदार्थ दुर्व्यसन विरुद्धको पुनःस्थापना केन्द्र सञ्चालनमा ल्याउन आवश्यक अध्ययन गरी सञ्चालन मोडालिटी विकास, प्रदेशसँग सीमा जोडिएका अन्तर्राष्ट्रिय नाका भएर वैदेशिक रोजगारीका लागि बाहिरिने र स्वदेश फर्किने नेपाली नागरिकहरूको अभिलेख व्यवस्थापनका लागि आवश्यक प्रविधिको विकास, वैदेशिक रोजगारीबाट फर्किएका नागरिकहरूका लागि रोजगारमूलक कार्यक्रमहरूको सञ्चालनगर्ने लगायतका नीति तथा कार्यक्रमहरू बजेटमा समावेश गरेको छैन। नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रम बजेटमा व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** यो वर्षको बजेट वक्तव्यमा मन्त्रालयसँग सम्बन्धित अन्तर्राष्ट्रिय सीमा नाकामा एकीकृत सुरक्षा जाँच गर्न सीमा नाकामा यात्रु प्रस्थान र आगमन अभिलेख व्यवस्थित गर्न प्रविधि जडान कार्य सञ्चालन गर्ने, विपद् बिमा कार्यक्रम, विपद् प्रतिकार्यको गोताखोर तालिम लगायतका कार्यक्रम सञ्चालन गर्ने, द्वन्द प्रभावितको तथ्याङ्क अद्यावधिक गरी उद्यमशिलता विकासको कार्यक्रम सञ्चालन गर्ने, स्वास्थ्य बिमाको व्यवस्था मिलाउने, प्रदेशमा वसोबास गर्ने सबै नागरिकहरूको

विपदबाट राहत दिन र सामाजिक सुरक्षाको प्रत्याभुतिको लागि कार्यविधि तर्जुमा गरी निःशुल्क विपद् बिमा प्रदेश कार्यक्रम सुरु गर्ने, कैलाली जिल्लाको गौरीफन्टा अत्तरिया तथा कर्णाली नदीको प्रवेशमा अत्याधुनिक डिजीटल प्रणाली जडान गर्ने लगायतका कार्यक्रम कार्यान्वयन गरेको देखिएन। बजेट वक्तव्यमा समावेश भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

६. **कानुन निर्माण -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ को नियम ५ मा मन्त्रालयले आवश्यक कानुन निर्माणको मस्यौदा तयार गरी प्रदेश सभामा पेस गर्ने व्यवस्था छ। मन्त्रालयले हालसम्म ६४ ऐन, १५ नियमावली, २ निर्देशिका, ५ कार्यविधि, ४ मापदण्ड र ९ गठन आदेश तयार गरेको छ। यो वर्ष १ नीति, १२ ऐन, ५ नियमावली, १० कार्यविधि, २ निर्देशिका, ३ गठन आदेश र २ मापदण्ड समेत ३५ कानुनको लागि राय तथा परामर्श उपलव्ध गराएको छ। नेपालको संविधान अनुसार प्रदेशको अधिकार सूचीमा रहेका कानुन तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

७. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने बेहोरा उल्लेख छ। मन्त्रालयमा यो वर्ष रु.२३ करोड २६ लाख ५१ बजेट विनियोजन भएकोमा रु.९ करोड १८ लाख ८ खर्च भएको छ। पूर्णरूपमा वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा विनियोजित बजेटको ३९.४६ प्रतिशत मात्र बजेट खर्च भएको छ। विनियोजित बजेट न्यून खर्च भएको हुँदा मन्त्रालयले उपलब्धि हासिल गर्ने गरी खर्च गर्नुपर्दछ।

८. **आन्तरिक नियन्त्रण प्रणाली -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

९. **वार्षिक प्रतिवेदन -** प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४१ मा मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा वार्षिक प्रतिवेदन पेस गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले समग्र क्रियाकलापको वार्षिक प्रतिवेदन तयार गरेको छैन। कानुन बमोजिम प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्दछ।

१०. **सङ्घ संस्थाको नियमन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ बमोजिम प्रदेश भित्रका गैरसरकारी सङ्घ संस्थाको अभिलेख र समन्वय गर्ने कार्य यस मन्त्रालयले गर्नुपर्ने व्यवस्था छ। प्रदेश भित्र दर्ता भई सञ्चालनमा रहेका गैरसरकारी सङ्घ संस्थाको दर्ता, सञ्चालन, नवीकरण तथा नियमनका लागि आवश्यक कानुन तर्जुमा गरेको छैन। प्रदेशभित्रका गैरसरकारी सङ्घ संस्थाको दर्ता, सञ्चालन एवम् नवीकरणका लागि ऐन तथा नियमावली तर्जुमा गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ।

११. **भूकम्प पीडित कोष -** विपद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७७ अनुसार राहत वितरण गर्न सकिने व्यवस्था छ। जाजरकोट भूकम्प पीडित राहत कोष सम्बन्धी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको २०८०।७।१९ को परिपत्र अनुसार सुदूरपश्चिम प्रदेशमा कार्यरत कर्मचारीबाट सङ्कलित रु.३३ लाख १८ हजार मन्त्रालयको विविध खातामा रहेको छ। उक्त रकम मुख्यमन्त्री विपद् व्यवस्थापन कोषमा जम्मा गरी तोकिएको प्रयोजनमा खर्च गर्नुपर्दछ।

१२. **कार्यक्षेत्र भन्दा बाहिरको काम -** सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ ले मन्त्रालयलाई प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन, प्रदेश प्रहरी सञ्चालन, सुरक्षा निकायसँग सम्पर्क र समन्वय, विधेयक तर्जुमा र प्रमाणीकरण जस्ता जिम्मेवारी तोकेको छ। मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका विभिन्न भौतिक संरचनाको निर्माण, मर्मत तथा सम्भारको लागि रु.२ करोड ८२ लाख ३३ हजार खर्च लेखेको छ। यस्तो खर्च गर्दा प्रतिस्पर्धात्मक खरिद विधि अवलवन नगरी ११ पटक रु.८९ लाख १९ हजारको सोझै खरिद गरी कार्यक्षेत्रभन्दा बाहिरको कार्य गरेको छ। प्रदेश सरकारको अधिकार क्षेत्रका कार्यक्रममा खर्च गर्नुपर्दछ।

१३. **राहत वितरण** - सुदूरपश्चिम प्रदेश विपद् व्यवस्थापन कोष तथा राहत वितरण निर्देशिका, २०७६ को बुँदा नं. ३ मा आवश्यकता र प्राथमिकताका आधारमा उद्धार तथा राहत वितरण गर्न एकद्वार प्रणाली अवलम्बन गर्ने व्यवस्था मिलाउन विपद् व्यवस्थापन कोषको स्थापना गरिएको छ। यस वर्ष प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको निर्णयानुसार सम्बन्धित स्थानीय तहबाट वितरण हुनेगरी विभिन्न स्थानीय तहलाई रु.१ करोड राहत उपलब्ध गराएको छ। निर्देशिकामा तोकिएबमोजिम राहत वितरणको अभिलेख अद्यावधिक गरी बाँकी रकम राहत कोषमा फिर्ता गर्नुपर्दछ।

१४. **बेरुजुको लगत-** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३९ मा प्रदेशका मन्त्रालय तथा निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको केन्द्रीय लगत राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष मतहतका कार्यालय समेतको बेरुजुको लगत राखेको देखिएन। ऐनमा तोकिए अनुसार लगत राखी सोको फर्स्यौंटको अनुगमन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा उल्लिखित मन्त्रालयसँग सम्बन्धित बेहोराहरूमध्ये कोरोना कोषको मौज्दात रकम उपयोग नगरेको, उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्याङ्कनको आधार नबनाएको लगायतका बेहोरा औंल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** मन्त्रालयको यो वर्ष रु.२ करोड ८२ लाख ३३ हजार बेरुजु देखिएकोमा प्रतिक्रिया प्राप्त भएको छैन। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

आर्थिक मामिला मन्त्रालय

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरको वार्षिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- प्रदेशस्तरको वार्षिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर.
- प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन,
- प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
- प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,
- प्रदेश पूरक अनुमान तथा पेस्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,
- प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखापरीक्षण,
- घरजग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क दस्तुर र दण्ड जरिबाना सङ्कलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,
- राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, लगायत।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतका समेत ११ सरकारी कार्यालयको निम्नानुसार रु.३ अर्ब ९१ करोड ३९ लाख ४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३०५४४०६	१५२५७	४८११	८३९४३०	३९१३९०४

नोटः उल्लिखित लेखापरीक्षण अङ्कमा ८६ स्थानीय तहलाई निकासा भएको वित्तीय हस्तान्तरणको रु.२ अर्ब ९१ करोड ५२ लाख ५८ हजार समावेश छ।

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त यस मन्त्रालय र मातहत कार्यालय समेतको यो वर्षको शीर्षकगत खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	५६८२७	५७०६१	३९६६१	६९.५१
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२७८१	२७८१	१४७	५.२५
२२१०० सेवा महसुल	५१३९	५१५४	३२४४	६२.९२
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१५७५८	१६२४८	१२९४३	७९.६६
२२३०० कार्यालय सामान तथा सेवा	१४९१०	१४९१०	१०३५७	६९.४६
२२४०० सेवा तथा परामर्श खर्च	११७२६	११७७६	८६३८	७३.३४
२२५०० कार्यक्रम सम्बन्धी खर्च	५८६३१	३८७३१	१५०३३	३८.८१
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१२७८७	१२७८७	६४२०	५०.२१
२२७०० विविध खर्च	५८३५	५८३५	४९००	८३.९६
२८१०० सम्पत्ति सम्बन्धी खर्च	६१३३	६१३३	४९८४	८१.२५
२८९०० भैपरी आउने चालु	४०७८८६	१०१७४१	०	०
जम्मा	**५९८४१३**	**२७३१५७**	**१०६३२७**	**३८.९२**
पुँजीगत खर्च				
३१००० स्थिर सम्पत्ति प्राप्ति खर्च	२९०७५	३४८२५	३२८२१	९४.२४
३१५०० भैपरी आउने पुँजीगत	२५००००	६०७१३६	०	०
जम्मा	**२७९०७५**	**६४१९६१**	**३२८२१**	**५.११**
वित्तीय व्यवस्था तर्फ				
३२१०० शेयर तथा ऋण लगानी	१००००	१००००	०	०
कुल खर्च	**८८७४८८**	**९२५११८**	**१३९१४८**	**१५.०४**

यस मन्त्रालयको विनियोजित बजेटमध्ये अर्थ विविध र अर्थ वित्तीय व्यवस्था समेत चालुतर्फ ३८.९२ प्रतिशत, पुँजीगततर्फ ५.११ प्रतिशत र समग्रमा १५.०४ प्रतिशत खर्च गरेको छ।

३. **एकीकृत वित्तीय विवरण** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३१(२) मा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरण अनुसार अनुदान सहित राजस्व प्राप्ति रु.१२ अर्ब १ करोड २८ लाख १८ हजार देखाएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणमा रु.११ अर्ब ४ करोड ७ लाख ९३ हजार देखाएको छ। मन्त्रालयले प्राप्ति रकम एकीन गरी प्रदेश लेखा नियन्त्रक कार्यालयसँग हिसाब भिडान गर्नुपर्दछ।

४. **नीति तथा कार्यक्रम** - यो वर्षको वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित बेहोरामध्ये कार्यक्रमहरू पहिचान र प्राथमिकता साथ पर्याप्त बजेट विनियोजन गर्ने, प्रदेशको वित्तीय क्षमता अनुरुप क्रमागत र बहुवर्षीय आयोजनाको वित्तीय आकारलाई एक निश्चित र यथार्थपरक सीमामा राख्ने, स्थानीय तहको आवश्यकता र प्राथमिकतालाई प्रदेश सरकारको बजेट मार्फत प्रभावकारीरूपमा सम्बोधन गर्ने, स्रोतको सीमिततालाई ध्यानमा राखी आर्थिक जोखिम न्यूनीकरणका लागि रणनीतिक विनियोजन गर्ने, प्रदेशको संवैधानिक क्षेत्राधिकारभन्दा बाहिर हुने विनियोजनलाई निरुत्साहित गर्दै वित्तीय अनुशासन कायम गर्ने,

सङ्घीय अनुदानमाथिको निर्भरता क्रमशः घटाउँदै प्रदेशको आन्तरिक राजस्व स्रोतहरू सुदृढीकरण गर्ने लगायतका नीति तथा कार्यक्रमहरू बजेटमा समावेश गरेको छैन। नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रम बजेटमा व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शनहरू जारी गरेको छ। राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचकलाई सम्बोधन हुने गरी प्रादेशिक लक्ष्य, गन्तव्य र सूचकहरू तोकेर सोही अनुसार संस्थागत प्रबन्ध, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली कार्यान्वयन गर्ने उल्लेख छ। यो वर्ष प्रदेशमा भएको खर्च रु.२२ अर्ब २० करोड २५ लाख ५५ हजारको १९.१८ प्रतिशत खर्च दिगो विकासका लक्ष्य सङ्केत नगरी बजेट सूचना प्रणालीमा प्रविष्टि भएको देखिन्छ।

मन्त्रालयबाट प्राप्त विवरणमा समावेशी आर्थिक बृद्धि तथा मर्यादित कामतर्फ सबैभन्दा बढी २७.४९ प्रतिशत विनियोजन भएको देखिन्छ भने उद्योग, नवीन खोज र पूर्वाधार तर्फ सबैभन्दा कम ०.६७ प्रतिशत विनियोजन भएको देखिन्छ। यसैगरी स्वस्थ जीवनतर्फ सबैभन्दा बढी ८७.४२ प्रतिशत खर्च भएको देखिन्छ भने शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाजतर्फ सबैभन्दा कम २५.१७ प्रतिशत खर्च भएको देखिन्छ।

६. **बजेट वक्तव्य कार्यान्वयन** - प्रदेश सरकारको बजेट वक्तव्यमा उल्लिखित बेहोरामध्ये उद्धमशीलता प्रवर्धनका लागि नवीन सोच, व्यवसायिक योजना तथा ज्ञान, सीप, क्षमता र अभिरुची भएका युवा वर्ग एवम् वैदेशिक रोजगारबाट फर्किएकाहरूलाई लक्षित गरी स्टार्टअप कार्यक्रम सञ्चालन तथा प्रदेशको आन्तरिक राजस्वको दर समायोजन र करको दायरा विस्तार र समग्र राजस्व परिचालनलाई व्यवस्थित गर्न राजस्व संभाव्यता अध्ययन गर्ने लगायतका कार्यक्रम कार्यान्वयनमा आएका छैनन्। बजेटमा समावेश भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

७. **आवधिक योजना कार्यान्वयन** - प्रदेशले "आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम" भन्ने दीर्घकालीन सोचसहित प्रथम पञ्चवर्षीय योजना (२०७८।७९-२०८२।८३) कार्यान्वयनमा ल्याइएको छ।आवधिक योजनाले तय गरेका वार्षिक लक्ष्यको समीक्षा नगरिएकाले आवधिक योजनाले २०८२।८३ सम्म निर्धारण गरेका आत्मनिर्भरता सम्बन्धी र समृद्धि सम्बन्धी सूचकहरूको मूल्याङ्कन गरेको देखिएन। प्रत्येक वर्ष आवधिक योजनाले तय गरेका लक्ष्यहरूको समीक्षा गरी सोही अनुसार नीति, कार्यक्रम तथा बजेट व्यवस्थापन गर्नुपर्दछ।

८. **आर्थिक विकास सूचक** - मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषणका लागि आर्थिक सूचकहरू निर्धारण गरी उपलब्धि समीक्षा गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१।८२ को मा प्रकाशित तथ्याङ्क अनुसार समग्र मुलुकको तुलनामा सुदूरपश्चिम प्रदेशको आर्थिक सूचकाङ्क निम्न अनुसार रहेको छ।

क्र.सं.	सूचक	राष्ट्रिय	सुदूरपश्चिम प्रदेश
१	आर्थिक वृद्धि	४.६१	३.३४
२	राष्ट्रिय प्रतिव्यक्ति आय (अ.ड.)	१४९६	११५३
३	निरपेक्ष गरिबी प्रतिशत	२०.२७	३२.१२
४	बहुआयामिक गरिबी प्रतिशत	१७.४०	२२.८५

***स्रोतः** २०८१।८२ मा प्रकाशित नेपाल राष्ट्र बैङ्कको वार्षिक प्रतिवेदन, आर्थिक सर्वेक्षण (अर्थ मन्त्रालय र सुदूरपश्चिम प्रदेश) र मध्यकालीन खर्च समीक्षा*

उल्लिखित मुख्य ४ आर्थिक सूचक अनुसार राष्ट्रिय उपलब्धिको तुलनामा सुदूरश्चिम प्रदेशको उपलब्धि कम देखिएको छ। प्रदेश सरकारले आर्थिक परिसूचकहरूलाई सम्बोधन हुने गरी नीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्दछ।

९. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने बेहोरा उल्लेख छ। मन्त्रालयमा यो वर्ष रु.२० करोड ६२ लाख ४१ हजार बजेट विनियोजन भएकोमा रु.१३ करोड ९१ लाख ४८ हजार अर्थात् विनियोजित बजेटको ६७.४७ प्रतिशत खर्च भएको छ। कार्यान्वयनयोग्य कार्यक्रमहरूमा मात्र बजेट विनियोजन गर्नुपर्दछ।

१०. **खर्च प्रतिबद्धता -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १२ मा आर्थिक मामिला मन्त्रालयले प्रचलित कानुनबमोजिम सिर्जित दायित्वको अभिलेख राख्नुपर्ने र पूर्व स्वीकृति नलिई कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिबद्धता जनाउन नहुने उल्लेख छ। प्रदेश सरकार मातहतका १ हजार ५३० ठेक्कामा खर्च प्रतिबद्धता भएअनुसार रु.३० अर्ब ८४ करोड १२ लाखको खरिद सम्झौता भएकोमा रु.१३ अर्ब ३ करोड ९३ लाखको कार्य हुन बाँकी छ। उक्त रकम यो वर्षको पुँजीगत खर्चको १०४.५३ प्रतिशत हुने देखिन्छ। खर्च प्रतिबद्धता जनाउँदा आगामी वर्षको बजेटमा पर्ने प्रभाव विश्लेषण गर्नुपर्दछ।

११. **सङ्घीय वित्तीय हस्तान्तरण** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४४ अनुसार २०८१।८२ मा प्रदेश सरकारलाई नेपाल सरकारबाट प्राप्त अनुदानको प्राप्ति, खर्च र फिर्ताको स्थिति निम्नानुसार रहेको छ।

(रु.हजारमा)

खर्च शीर्षक	बजेट अनुमान	प्राप्ति	फिर्ता	यथार्थ प्राप्ति
समानीकरण अनुदान	८७२२७००	८००३९४९	०	८००३९४९
सशर्त अनुदान	३१३३४००	१६७०२६१	१२३२६	१६५७९३५
विशेष अनुदान	५५६०००	१९६८४८	०	१९६८४८
समपूरक अनुदान	१४२००००	८३९२३९	०	८३९२३९
जम्मा	**१३८३२१००**	**१०७१०२९७**	**१२३२६**	**१०६९७९७१**

नेपाल सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदान रु.१३ अर्ब ८३ करोड २१ लाख बजेट अनुमान भएकोमा रु.१० अर्ब ७१ करोड २ लाख ९७ हजार (७७.४३ प्रतिशत) प्राप्त भएकोमा रु.१ करोड २३ लाख २६ हजार खर्च नभई सङ्घीय सञ्चित कोषमा फिर्ता भएकोले यथार्थ प्राप्ति रु.१० अर्ब ६९ करोड ७९ लाख ७१ हजार रहेको छ।

१२. **रकमान्तर -** सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ को दफा ५(२) मा कुनै अनुदान सङ्ख्यामा बचत भएको रकम आर्थिक मामिला मन्त्रालयले अपुग हुने अनुदान सङ्ख्यामा रकम सार्दा विनियोजन भएको रकमको दश प्रतिशतभन्दा बढी रकमान्तर गर्न नपाइने व्यवस्था छ।यो वर्ष अर्थ वित्तीय व्यवस्थामा विनियोजन भएको रु.१ करोड बाहेक चालु र पुँजीगत तर्फको सुरु बजेट र रकमान्तर पश्चात कायम बजेटको अवस्था निम्न रहेको छ।

(रु.हजारमा)

निकायको नाम	सुरु बजेट		कायम बजेट		रकमान्तरबाट थप घट प्रतिशत	
	चालु	पुँजीगत	चालु	पुँजीगत	चालु	पुँजीगत
प्रदेश सभा सचिवालय	१६५४३६	१६३४६	१६६१८०	१७०६६	०.४५	४.४०
प्रदेश लोक सेवा आयोग	७४२६८	५०००	७४२६८	५०००	०.००	०.००
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	३१९५३२	३३२३५	२८२८३२	२९४३५	-११.४९	-११.४३
आर्थिक मामिला मन्त्रालय	१९०५२७	२९०७५	१७१४१६	३४८२५	-१०.०३	१९.७८
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय	१००४९९९	८९३०६१	१०११८८५	९०२५६१	०.६९	१.०६
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय	२६४४६२१	२७२२१९	२५५१५३६	२५२२१९	-३.५२	-७.३५
आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१२१५५०	२४३२०१	१०६३५०	१२६३०१	-१२.५१	-४८.०७
भौतिक पूर्वाधार विकास मन्त्रालय	४९३१३२	१४१०४७५२	४९२२७४	१४४१५४५२	-०.१७	२.२०
सामाजिक विकास मन्त्रालय	४०८०४२१	२९१३७३४	४०८९८३३	२३७०६२८	०.२३	-१८.६४
प्रदेश नीति तथा योजना आयोग	४०२७३	१८००	४४१६३	१९००	९.६६	५.५६
अर्थ विविध	३७९८८६	२५००००	११६४२८	६०७१३६	-६९.३५	१४२.८५
स्थानीय तह	३३८१७६०	०	३७८९१४०	०	१२.०५	०.००
जम्मा	**१२८९६४०५**	**१८७६२४२३**	**१२८९६३०५**	**१८७६२५२३**	**०.०१**	**०**

यो वर्ष चालु र पुँजीगत बजेटमा रु.३१ अर्ब ६६ करोड ८८ लाख २८ हजार सुरु विनियोजन भएकोमा चालुतर्फ रु.१ अर्ब २१ करोड ९२ लाख ८४ हजार थप र रु.१ अर्ब २१ करोड ९३ लाख ८४ हजार घट एवं पुँजीगततर्फ रु.३ अर्ब २१ करोड ७४ लाख ७० हजार थप र रु.३ अर्ब २१ करोड ७३ लाख ७० हजार घट गरी रु.४ अर्ब ४३ करोड ६७ लाख ५४ हजार रकमान्तरबाट थप घट भएको छ। विनियोजित बजेटको १४ प्रतिशत रकमान्तरबाट थप घट देखिएको छ। बजेट तथा कार्यक्रम स्वीकृत गर्दा यथार्थपरक तथा कार्यान्वयनयोग्य हुने गरी बजेट विनियोजन हुनुपर्दछ।

१३. **बजेटको आकार र खर्च -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १०(३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमता समेतको आधारमा गर्नुपर्ने तथा दफा २५ मा बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरण अनुसार प्रदेश सरकारको यो वर्षको बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु.हजारमा)

विवरण	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२		
			कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु	८२४८५७९	७९४८९५०	१२८९६३०५	९७२७८२७	७५.४३
पुँजीगत	१५८१४५१६	१०५६४७२७	१८७६२५२३	१२४७४७२८	६६.४९
वित्तीय व्यवस्था	०	०	१००००	०	०
जम्मा	**२४०६३०९५**	**१८५१३६७७**	**३१६६८८२८**	**२२२०२५५५**	**७०.११**

उल्लिखित विवरणअनुसार यो वर्ष चालु खर्च ७५.४३ प्रतिशत पुँजीगत तर्फ ६६.४९ प्रतिशत र वित्तीय व्यवस्थातर्फ खर्च नभएकाले समग्रमा ७०.११ प्रतिशत खर्च भएको छ। बजेट तर्जुमा गर्दा यथार्थपरक बनाइ खर्चको अनुगमन हुनुपर्दछ।

१४. **खर्च बेहोर्ने स्रोत** - सुदूरपश्चिम प्रदेश सरकारको बजेट वक्तव्य २०८१।८२ अनुसार बजेट देहायबमोजिम खर्च व्यहोरिने उल्लेख भएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरण अनुसार निम्नानुसार खर्च बेहोरेको उल्लेख छ।

बेहोर्ने अनुमान			बेहोरिएको		
स्रोत	रकम	प्रतिशत	भुक्तानी विधि	रकम	प्रतिशत
नेपाल सरकार	२३८५१६०७	७५.३२	नगद	८९१३९६५	४०.१५
प्रदेश सरकार	७८१७२२१	२४.६८	नगद	१३२८८५९०	५९.८५
जम्मा	**३१६६८८२८**	**१००**	**नगद**	**२२२०२५५५**	**१००**

उल्लिखित विवरणअनुसार नेपाल सरकारको स्रोतबाट ४०.१५ प्रतिशत र प्रदेश सरकारको स्रोतबाट ५९.८५ प्रतिशत बेहोरिएको देखिन्छ।

१५. **भुक्तानी बाँकी दायित्व** – प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ३८ मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था छ। यस वर्ष ५ मन्त्रालय र मातहतका सरकारी कार्यालयहरूले निर्माण योजना लगायत कुल रु.४ करोड २३ लाख ९७ हजार आगामी वर्षको लागि दायित्व सिर्जना गरेको देखियो। यसरी एउटा वर्षको बजेटबाट अर्को वर्षको खर्चको भुक्तानी गर्दा चालु वर्षको कार्यक्रम सञ्चालनमा असर पर्ने देखिन्छ। आगामी आर्थिक वर्षको बजेटमा व्ययभार पर्ने गरी दायित्व सिर्जना गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ।

१६. **स्थानीय तहमा वित्तीय हस्तान्तरण** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ दफा २४ मा वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था छ।प्रदेश सरकारले प्रदेशका ८८ स्थानीय तहको लागि २०८१।८२ मा रु.३ अर्ब ३८ करोड १७ लाख ६० हजार सुरु विनियोजन रहेकोमा रकमान्तरबाट रु.४० करोड ७३ लाख ८० हजार थप भई रु.३ अर्ब ७८ करोड ९१ लाख ४० हजार अन्तिम बजेट कायम भई रु.२ अर्ब ९७ करोड ४७ लाख १४ हजार हस्तान्तरण भएको छ। हस्तान्तरणमध्ये समानीकरण अनुदान रु.८६ करोड, सशर्त अनुदान रु.१ अर्ब १९ करोड ७६ लाख, विशेष अनुदान रु.३६ करोड ६१ लाख ७९ हजार र समपूरक अनुदान रु.५५ करोड ९ लाख ३५ हजार रहेको छ। मन्त्रालयले पालिकाबाट अनुदान खर्चको विवरण लिई खर्च नभई बाँकी रहेको अनुदान फिर्ता गर्नुपर्दछ।

१७. **बजेट सीमा र तर्जुमा** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ८ मा आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा योजना आयोगले दिएको बजेट सीमाको अधीनमा रही विषयगत मन्त्रालयले बजेट प्रस्ताव गर्नुपर्ने तथा दफा १० मा प्रस्तावित बजेट मूल्याङ्कन र विश्लेषण गरी विनियोजन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रदेश नीति तथा योजना आयोगबाट मन्त्रालयहरूलाई प्राप्त बजेट सीमा र विनियोजित बजेट रकमको तुलना गर्दा निर्धारित सीमाभन्दा प्रदेश सभा सचिवालयमा ४ प्रतिशत कम, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा २८८ प्रतिशत कम, आर्थिक मामिला मन्त्रालयमा ९ प्रतिशत कम, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा ८ प्रतिशत कम, आन्तरिक मामिला मन्त्रालयमा ४ प्रतिशत थप, भौतिक पूर्वाधार विकास मन्त्रालयमा १२ प्रतिशत थप र सामाजिक विकास मन्त्रालयमा १४ प्रतिशत थप र स्थानीय तहको वित्तीय

हस्तान्तरणमा ३० प्रतिशत बजेट विनियोजन भएको देखियो। आयोगले उपलब्ध गराएको सीमा भन्दा समष्टिमा ४ प्रतिशत बढी बजेट विनियोजन भएको छ। नीति तथा योजना आयोगले दिएको बजेट सीमाको अधीनमा रही बजेट विनियोजन गर्नुपर्दछ।

१८. **राजस्व अनुमान तथा प्राप्ति** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १३ मा मन्त्रालयले राजस्व र व्ययको अनुमान गर्दा मध्यमकालीन खर्च संरचना, आगामी तीन वर्षको राजस्व र व्ययको प्रक्षेपण, आर्थिक सन्तुलन कायम गर्न अपनाइने रणनीतिक, कर वा गैरकर छुट दिएको विवरण लगायतका ११ विषयलाई आधार लिनुपर्ने विषय उल्लेख छ। प्रदेश सरकारले उपयोग गर्ने राजस्व र अन्य प्राप्तिबाट देहायअनुसार रु.११ अर्ब ६२ करोड ९४ लाख १६ हजार राजस्व प्राप्ति हुने अनुमान रहेकोमा रु.१० अर्ब ७० करोड ७ लाख प्राप्त भएको छ।

(रु.हजारमा)

शीर्षक	सुरु अनुमान	यथार्थ प्राप्ति	प्राप्ति प्रतिशत
करतर्फ			
घर जग्गा रजिष्ट्रेसन दस्तुर	५०१३७०	५१४७७८	१०२.६७
बाँडफाँट हुने मू.अ.कर	७४९३९२५	६७२७५०६	८९.७७
बाँडफाँट हुने अन्तशुल्क	२४९७९७५	२३५०३१९	९४.०९
बाँडफाँट हुने सवारी साधन कर	८५२६४५	४६८९६५	५५.००
बाँडफाँट हुने मनोरन्जन कर	१०००	९३	९.३०
बाँडफाँट हुने विज्ञापन कर	१७८०	४५६	२५.६२
व्यवसायीले भुक्तानी गर्ने	-	४	-
जम्मा	**११३४८६९५**	**१००६२१२१**	**८८.६६**
अन्य राजस्वतर्फ			
सरकारी सम्पत्तिको बहाल	६८५१९	२८७१	४.१९
बाँडफाँट भई प्राप्त रोयल्टी	३०७७६	३१५२०	१०२.४२
बाँडफाँट भई प्राप्त खानी तथा खनिज रोयल्टी	४३	६१	१४१.८६
बाँडफाँट भई प्राप्त विद्युत रोयल्टी	९५८४	२९७६३	३१०.५५
बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्री आय	२८०६४	१५७२७	५६.०४
बाँडफाँट भई प्राप्त पर्वतारोहण रोयल्टी	५२	५७	१०९.६२
कृषि उत्पादनको बिक्री आय	०	९९८२	-
सरकारी सम्पत्तिको बिक्री आय	०	५४७	-
अन्य बिक्री	०	३४३	-
अन्य सेवा शुल्क	१२३४३६	५	०.००
शिक्षा क्षेत्रको आय	०	११८	-
परीक्षा शुल्क	०	२६४७३	-
यातायात क्षेत्रको आय	०	२९४४१	-
अन्य प्रशासनिक शुल्क	०	२९८२४	-
व्यवसाय रजिष्ट्रेसन दस्तुर	०	४०६७९	-
चालक अनुमति पत्र दस्तुर	०	२४९१३९	-

शीर्षक	सुरु अनुमान	यथार्थ प्राप्ति	प्राप्ति प्रतिशत
वन क्षेत्रको आय	०	८६२३८	-
अन्य क्षेत्रको आय	०	२२४९	-
प्रशासनिक दण्ड जरिबाना	२०२४७	२०३५६	१००.५४
धरौटी सदरस्याहा	०	९७०	-
अन्य राजस्व	-	२	-
जम्मा	**२८०७२१**	**५७६३६५**	२०५.३२
विविध प्राप्ति तर्फ			
बेरुजु	०	५८९९२	-
निकासा फिर्ता	०	२४०६	-
अनुदान फिर्ता	०	८१६	-
जम्मा	**०**	**६२२१४**	-
कुल जम्मा	**११६२९४१६**	**१०७००७००**	**९२.०१**

उल्लिखित विवरणअनुसार प्रदेश सरकारले उपयोग गर्ने राजस्व र अन्य प्राप्तिबाट रु ११ अर्ब ६२ करोड ९४ लाख १६ हजार राजस्व प्राप्ति हुने अनुमान रहेकोमा रु १० अर्ब ७० करोड ७ लाख प्राप्त भएको छ।

१९. **नदीजन्य पदार्थको रोयल्टी** - प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको नदीजन्य पदार्थ तथा दहत्तर बहत्तर बिक्रीबाट प्राप्त रकम विभाज्य कोषमा जम्मा गरी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्नसक्ने र सो बिक्रीबाट प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार यो वर्ष रु.१ करोड ५७ लाख २७ हजार प्रदेश सञ्चित कोषमा दाखिला गरेतापनि सबै स्थानीय तहले सङ्कलन गरेको रकम प्रदेश सञ्चितकोषमा पठाएका छैनन्। कानुनी व्यवस्थामा एकरुपता ल्याउनुपर्दछ।

२०. **विज्ञापन कर** - प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५ मा विज्ञापन कर सम्बन्धित स्थानीय तहले उठाउने र सोको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यो वर्ष बेदकोट नगरपालिकाले रु.४ लाख ५६ हजार विज्ञापन कर बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा दाखिला गरेको छ। अन्य स्थानीय तहहरूले यस्तो विज्ञापन कर प्रदेश सञ्चित कोषमा दाखिला गरेको छैनन्। विज्ञापन कर सङ्कलन गर्ने स्थानीय तह र सङ्कलित विज्ञापन करको रकम यकिन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

२१. **मनोरञ्जन कर** - प्रदेश आर्थिक ऐन, २०८१ को दफा ४ मा प्रदेश भित्र सञ्चालित चलचित्र घर, खेलकुद प्रतियोगिता, फन पार्क, स्वीमिङ् पुल, डिजिटल टेलिभिजन, सांस्कृतिक कार्यक्रम, कन्सर्ट, नाटकघर, भिडियो घर, थिएटर र मेला महोत्सव लगायत मनोरञ्जन स्थल र क्रियाकलापमा मनोरञ्जन कर स्थानीय तहले सङ्कलन गर्ने र सोको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यो वर्ष धनगढी उप-महानगरपालिकाले रु.९३ हजार मनोरञ्जन कर बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा दाखिला गरेको बाहेक अन्य स्थानीय तहहरूले यस्तो कर प्रदेश सञ्चित कोषमा दाखिला गरेको

छैनन्। मनोरञ्जन कर सङ्कलन गर्ने स्थानीय तह र सङ्कलित मनोरञ्जन करको यकिन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

२२. **सवारी साधन कर** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले तयार गरेको एकीकृत विवरणको अनुसुची ५.४ मा सवारी साधन कर बाँडफाँटको विवरण अनुसार ८८ पालिकालाई रु.३१ करोड ५६ लाख ४४ हजार बाँडफाँट हुनुपर्नेमा रु.३० करोड ४९ लाख १४ हजार बाँडफाँट भएको विवरण पेस भएको छ। बाँडफाँट हुन बाँकी रु.१ करोड ७ लाख ३० हजार ऐनमा भएको व्यवस्था अनुसार बाँडफाँट गर्नुपर्दछ।

२३. **राजस्व फरक** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ६, ६क र ७ मा राजस्वको बाँडफाँट सम्बन्धी व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले सङ्घीय विभाज्य कोषबाट बाँडफाँट गरी सुदूरपश्चिम प्रदेश सरकारलाई उपलब्ध गराएको रकम र प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको प्रदेश सरकारको एकीकृत वित्तीय विवरण अनुसार प्रदेश सरकारले प्राप्त गरेको रकममा देहाय अनुसार फरक परेको छ।

(रु.हजारमा)

शीर्षक	महालेखा नियन्त्रक कार्यालयले बाँडफाँट गरेको रकम	प्रदेश सरकारले प्राप्ति देखाएको रकम	फरक रकम
मू अ कर	६५९३१४८	६७२७५०६	(१३४३५८)
अन्तशुल्क	२३५४४८०	२३५०३१९	४१६१
खानी तथा खनिज रोयल्टी	६३	६१	२
जलविद्युत रोयल्टी	३०८२४	२९७६३	१०६१
पर्वतारोहण रोयल्टी	६२	५७	५
संरक्षित क्षेत्रको रोयल्टी	५१६१	०	५१६१
सरकारी वन रोयल्टी	४०६५१	३१५२०	९१३१
जम्मा	**९०२४३८९**	**९१३९२२६**	**(११४८३७)**

उल्लिखित विवरणअनुसार फरक परेको रकम रु.११ करोड ४८ लाख ३७ हजारको सम्बन्धमा यकिन गरी राजस्व प्राप्तिमा लेखाङ्कन गर्नुपर्दछ।

२४. **राजस्व बाँडफाँट** - प्रदेश सरकारको २०८१।८२ को बजेट वक्तव्य अनुसार यो वर्ष सङ्घको राजस्व बाँडफाँडबाट रु.१० अर्ब ३ करोड २३ लाख ५५ हजार व्यहोरिने अनुमान भएकोमा रु.९ अर्ब १३ करोड ९२ लाख २६ हजार प्राप्त भएको छ।

२५. **अर्थ विविध** - सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ को दफा ५(८) मा अनुदान सङ्केत ६०१ मा विनियोजन भएको रकम जुन अनुदान सङ्केतमा निकासा र खर्च हुने हो सोही अनुदान सङ्केतमा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न सकिने व्यवस्था छ। यो वर्ष उल्लिखित अनुदान सङ्केतमा विनियोजित बजेट देहाय अनुसार छः

(रु. हजारमा)

अनुदान सङ्केत	सुरु बजेट रु	कायम बजेट रु	रकमान्तरबाट थप प्रतिशत	खर्च रु
६०२ अर्थ विविध विनियोजन हुने	६२६८८६	७२३५६३	१५.४२	०

उल्लिखित तालिकाबाट प्रदेश सरकारको यो वर्षको बजेट रु.३१ अर्ब ६६ करोड ८८ लाख २८ हजारको १.९८ प्रतिशत अर्थ विविधमा सुरु विनियोजन भएकोमा रकमान्तरबाट थप पश्चात २.२८ प्रतिशत विनियोजन भएको छ। बजेट विनियोजन गर्दा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही अनुसार विनियोजन गर्नुपर्दछ।

२६. **जिल्लागत बजेट -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १० मा आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना गर्ने स्पष्ट आधार, कारण र प्राथमिकता, लक्ष्य तथा प्राप्त हुने प्रतिफल सहितको पुष्ट्याइँ पेस गर्नुपर्ने व्यवस्था छ। जिल्लागत बजेट र खर्चको अवस्था निम्नानुसार छ।

(रु.हजारमा)

क्र.सं.	जिल्ला	विनियोजन		खर्च	
		रकम	प्रतिशत	रकम	प्रतिशत
१	कैलाली	१२२६५७६८	३९.०	७०३५७०४	३१.७
२	कञ्चनपुर	३१२२४६६	९.८	२२२५५७१	१०
३	बैतडी	३३२१३९१	१०.५	२५९९०१०	११.७१
४	दार्चुला	१३१३६७१	४.१	११३०३१३	५.१
५	बझाङ्	१९२३२०३	६.०	१५५३०४१	७
६	बाजुरा	१०७९८६०	३.४	८७९२३२	४
७	अछाम	२६००१८३	८.२	१९०३९४३	८.६
८	डडेल्धुरा	२९१७९८८	९.२	२५८३८३१	११.६
९	डोटी	३१२४२९८	९.९	२२९१९१०	१०.३
जम्मा		**३१६६८८२८**	**१००**	**२२२०२५५५**	**१००**

जिल्लागत बजेट विनियोजन र खर्चको विश्लेषण गर्दा सबैभन्दा बढी कैलाली जिल्लामा ३९ प्रतिशत बजेट विनियोजन भई ३१.७ प्रतिशत खर्च भएको र बाजुरा जिल्लाको लागि ३.४ प्रतिशत बजेट विनियोजन भई ४ प्रतिशत खर्च भएको देखियो। तोकिए अनुसार सन्तुलन कायम गरेर बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

२७. **वहुवर्षीय योजना -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १२ मा आर्थिक मामिला मन्त्रालयको पूर्व सहमतिमा वहुवर्षीय दायित्व सिर्जना हुने गरी स्रोत सहमति दिन सकिने उल्लेख छ। मन्त्रालयले गतवर्षसम्म १०० वहुवर्षीय योजनाका लागि रु.११ अर्ब २ करोड ७९ लाखको स्रोत सहमति उपलव्ध गराएकोमा यो वर्ष थप ८५ योजनामा रु.१ अर्ब ३१ करोड ३४ लाख गरी १८५ योजनाका लागि रु.१२ अर्ब ३४ करोड १३ लाख स्रोत सहमति उपलब्ध गराएको छ। हालसम्म कायम रहेका वहुवर्षीय ठेक्कामा स्रोत सहमति उपलव्ध गराएको रकम यो वर्षको बजेटको ३८.९७ प्रतिशत रहेको छ। प्रदेशमा उपलव्ध स्रोतको आँकलन समेत गरी स्रोत सहमति दिएका योजनाको प्रभावकारी अनुगमन गर्न मन्त्रालयले ध्यान दिनुपर्दछ।

२८. **बेरुजुको लगत -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३९ मा प्रदेशका मन्त्रालय तथा निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको केन्द्रीय लगत राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष मतहतका कार्यालय समेतको बेरुजुको लगत राखेको देखिएन। ऐनमा तोकिए अनुसार लगत राखी सोको फर्स्यौटको अनुगमन गर्नुपर्दछ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

२९. **प्रदेश सञ्चित कोष -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७९ को दफा ५ मा एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरणअनुसार २०८१।८२ को प्रदेश सञ्चित कोषको अवस्था निम्नानुसार रहेको छ।

(रु.हजारमा)

क्र.सं.	विवरण	चालु वर्षको कारोबार	गत वर्षको कारोबार
क.	**प्राप्ति**	**२१३९८६७२**	**१८३००७११**
	राजस्व	१०६३८४८६	८५३८६८७
	अनुदान	१०६९७९७२	९६४८५५३
	बेरुजु तथा अन्य प्राप्ति	६२२१४	११२४७१
ख.	**भुक्तानी**	**२२२०२५५४**	**१८५१३५७७**
	सञ्चित कोष माथि व्ययभार हुने रकमबाट खर्च	२४४४	२४५६
	विनियोजन ऐनद्धारा भएको खर्च	२२२००११०	१८५१११२१
ग.	यस अवधिको कोषमा भएको थप/घट	(८०३८८२)	(२१२८६६)
घ.	**आर्थिक वर्षको सुरुवातको मौज्दात**	**४३४७३२५**	**४५६०१९१**
ङ.	**आर्थिक वर्षको अन्त्यको मौज्दात**	**३५४३४४३**	**४३४७३२५**

प्रदेश सरकारको सञ्चित कोषमा गत वर्ष रु.४ अर्ब ३४ करोड ७३ लाख २५ हजार मौज्दात रहेकोमा यसवर्ष रु.३ अर्ब ५४ करोड ३४ लाख ४३ हजार कायम रहेको छ।

२९.१ उल्लिखित वार्षिक आर्थिक विवरण अनुसार अनुदान बाहेक राजस्व र बेरुजु तथा अन्य प्राप्ति रु.१० अर्ब ७० करोड ७ लाख देखाएकोमा सो विवरणको अनुसूची- १.२ र १. ३ अनुसार मन्त्रालयगत राजस्व र अन्य प्राप्तिको विवरणमा रु.१० अर्ब १२ करोड ४३ लाख ३५ हजार देखाएकोले रु.५७ करोड ६३ लाख ६५ हजार फरक परेको छ। राजस्व प्राप्तिको रकम यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

३०. **प्राप्ति र भुक्तानी** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७९ को दफा ३१ मा एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको २०८१।८२ को प्रदेश सरकारको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैर बजेट निकाय) देहाय अनुसार रहेको छ।

(रु.हजारमा)

क्र.सं.	विवरण	चालु वर्षको कारोबार	गत वर्षको कारोबार
प्राप्ति			
१.	**राजस्व, अनुदान र अन्य प्राप्ति**	**२१६२४४८८**	**१८३००७११**
१.१	कर राजस्व	१००६२१२१	८१६६१०४
२.२	अन्य राजस्व	८०२१८१	३७२५८३
१.३	अनुदान	१०६९७९७२	९६४९५५३
१.४	अन्य प्राप्ति	६२२१४	११२४७१
भुक्तानी			
२	कुल जम्मा भुक्तानी	२२३८५८५६	१८५१३५७७

क्र.सं.	विवरण	चालु वर्षको कारोबार	गत वर्षको कारोबार
२.१	चालु खर्च	९९१११२८	७९४८९५०
२.२	पुँजीगत खर्च	१२४७४७२८	१०५६४६२७
३	बचत / कमी	(७६१३६८)	(२१२८६६)
४	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दात थप / घट	१५२२२१	(४३२४३८)
५	यस आ.व. को नगद तथा बैङ्क मौज्दात बचत/कमी	(६०९१४७)	(६४५३०४)
६	**गत आ.व. को नगद तथा बैङ्क मौज्दात**	**७५७०३९७**	**८२०२७८२**
७	**आ.व. अन्त्यको नगद तथा बैङ्क मौज्दात**	**६९६१२५०**	**७५५७४७८**

३०.१ गत वर्षको लेखापरीक्षणबाट प्रमाणित एकीकृत वित्तीय विवरणअनुसार आर्थिक वर्षको अन्तमा बाँकी नगद तथा बैङ्क मौज्दात रु.७ अर्ब ५५ करोड ७४ लाख ७८ हजार रहेकोमा यो वर्ष रु.७ अर्ब ५७ करोड ३ लाख ९७ हजार जिम्मेवारी सारेकोले रु.१ करोड २९ लाख १९ हजार बढी जिम्मेवारी सार्नु परेको अवस्थाको खुलासा गरेको छैन।

३०.२ प्रदेश मातहतका कार्यालयहरूको यो वर्षको कार्यसञ्चालन कोषको आय र व्यय एकीकृत वित्तीय विवरणमा समावेश गरेको छैन।

३०.३ प्रदेशमा सेती प्रादेशिक अस्पताल लगायत ९ अस्पतालको गत वर्षको मौज्दात रु.१२ करोड ४९ लाख ३९ हजार रहेकोमा यो वर्ष रु.२ अर्ब ५६ करोड १५ लाख ८४ हजार प्राप्ति भई रु.२ अर्ब ५६ करोड १ लाख ८ हजार खर्च भई रु.१२ करोड ६४ लाख १५ हजार मौज्दात रहेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले अस्पतालहरूको आय व्यय रकम एकीकृत वित्तीय विवरणमा समावेश गरेको पाइएन। यस्तो रकम समेत प्रदेशको एकीकृत वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

३१. **प्रदेश विभाज्य कोष** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा प्रदेश विभाज्य कोषमा रकम जम्मा गरी बाँडफाँट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रदेश विभाज्यकोषमा रु.९५ करोड १७ लाख १४ हजार जम्मा भएको छ। प्रदेश विभाज्य कोषमा जम्मा भएको रकमबाट रु.१६ करोड २६ लाख ५ हजार सङ्घीय सञ्चित कोषमा, स्थानीय सञ्चित कोषमा रु.३० करोड ४९ लाख १४ हजार र प्रदेश सञ्चित कोषमा रु.४५ करोड ७३ लाख ७१ हजार दाखिला भएको छ। प्रदेश विभाज्य कोषमा बाँकी रहेको रु.२ करोड ६८ लाख २४ हजार वर्षान्तसम्म बाँडफाँट गरेको छैन। तोकिएअनुसार राजस्व बाँडफाँट गर्नुपर्दछ।

३२. **आन्तरिक लेखापरीक्षण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३५ मा प्रदेश सरकार अन्तर्गतका कार्यालयको आन्तरिक लेखापरीक्षण त्रैमासिकरूपमा गर्नुपर्ने र आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष त्रैमासिकरूपमा लेखापरीक्षण गरी प्रतिवेदन दिनुपर्नेमा सो नगरी आर्थिक वर्ष समाप्ति पश्चात एकपटक लेखापरीक्षण प्रतिवेदन जारी गरेको छ। प्रदेशका ९ जिल्लास्थित कार्यालयको आन्तरिक लेखापरीक्षणबाट रु.१६ करोड २४ लाख ५ हजार बेरुजु कायम भएको देखिन्छ। अन्तिम लेखापरीक्षण हुँदासम्म आन्तरिक लेखापरीक्षणमा उल्लेख भएको मध्ये रु.८५ हजार असुल फर्स्यौट

भएको देखिन्छ। कानुनमा भएको व्यवस्था अनुसार तोकिएको अवधिमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरी आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजूहरू समयमै फर्स्यौंट गर्नुपर्दछ।

३३. **धरौटी -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ६१ मा धरौटी राख्न सकिने, नियम ६५ मा फिर्ता गर्ने र नियम ६६ मा प्रयोजन नखुलेको धरौटी सदरस्याहा गर्नुपर्ने व्यवस्था छ। एकीकृत वित्तीय विवरणको धरौटी तर्फ गत वर्षको मौज्दात रु.२ अर्ब १३ करोड ४५ लाख ४ हजार रहेकोमा यो वर्ष रु.६५ करोड २८ हजार प्राप्त भई ४८ करोड २ लाख ३६ हजार धरौटी फिर्ता र सदरस्याहा भएको छ। प्रदेशका ९ जिल्लाको बाँकी धरौटी रु.२ अर्ब ३० करोड ४२ लाख ९६ हजार देखिएकोले सम्बन्धित कार्यालयले प्रयोजन पुरा भएको धरौटी फिर्ता लिन नआएमा प्रकृया पुरा गरी राजस्व दाखिला गर्नुपर्दछ।

३४. **कार्य सञ्चालन कोष -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ७५ अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयले कार्य सञ्चालन कोषको एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेशका ९ जिल्लाको २०८०।८१ को मौज्दात रु.३६ करोड ३७ लाख ६ हजार रहेकोमा यो वर्षको रु.१ अर्ब ९ करोड २३ लाख ७३ हजार आम्दानी तथा रु.१ अर्ब १२ करोड ९५ लाख ५० हजार खर्च भई वर्षान्तमा रु.३२ करोड ६५ लाख २९ हजार मौज्दात रहेको देखियो। प्रदेश मातहत देहाएका कोषबाट यो वर्ष रु.१४ करोड ८१ लाख ५७ हजार आय र रु.१३ करोड ६० लाख ५१ हजार व्यय भएको छ।

(रु.हजारमा)

कोष हिसाबको नाम	सुरु मौज्दात	प्राप्ति	भुक्तानी	बाँकी
कोरोना भाइरस नियन्त्रण कोष	२८४५९	७००	-	२९१५९
मुख्यमन्त्री विपद् व्यवस्थापन कोष	१९८	०	-	१९८
स्वरोजगार विकास कोष	६५८९६२	१४७४५७	१३६,०५१	६७०३६८
जम्मा	**६८७६१९**	**१४८१५७**	**१३६०५१**	**६९९७२५**

कोषको रकम प्रदेशमा उपयोग गर्ने योजना बनाइ खर्च गर्न सकेको देखिएन। प्रदेश मातहतका यी कोषहरूको आय-व्यय रकम एकीकृत वित्तीय विवरणमा समावेश गरेको पाइएन। कोषहरूमा कानुन बमोजिम रकम दाखिला र खर्च गर्नुपर्दछ।

३५. **सम्पत्तिको एकीकृत विवरण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ७६ प्रत्येक कार्यालयले आफूले खरिद, निर्माण र प्राप्त गरेको चल अचल सामान तथा सम्पत्तिको लेखा राख्ने मन्त्रालय वा अन्य निकायले मातहत कार्यालयको समेत सम्पत्तिको अभिलेख राखि वार्षिक विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने र प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको सम्पत्तिको एकीकृत विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था रहेको छ। एकीकृत वित्तीय विवरणमा १० केन्द्रीय निकाय अन्तर्गत रु.२४ करोड ९६ लाख १२ हजारको भवन तथा संरचना, रु.४ अर्ब ४० करोड ४ लाख १ हजारको मेसिनरी उपकरण, रु.१ लाख २० हजारको बहुमूल्य वस्तुहरू, रु.१४ करोड ६ लाख १८ हजारको अन्य स्थिर सम्पत्ति र रु.२७ करोड २९ लाख १४ हजारको प्राकृतिक सम्पत्तिहरू समेत रु.५ अर्ब ६ करोड ३६ लाख ६५ हजार रहेको उल्लेख छ।

मन्त्रालयहरूले घर तथा जग्गाको एकीकृत वित्तीय विवरणमा समावेश गरेको पाइएन। २०७९।८० मा जमिनलाई एकीकृत वित्तीय विवरणमा देखाइएकोमा यो वर्ष समावेश गरेको छैन। प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयको सार्वजनिक सम्पत्तिको यथार्थ र अद्यावधिक विवरण सहितको एकीकृत विवरण तयार गर्नुपर्दछ।

३६. **पेस्की बाँकी** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४६ मा सम्झौता बमोजिम कार्यालयले पेस्की भुक्तानी दिने व्यवस्था छ। प्रदेशमा ११ केन्द्रीय निकाय तथा मातहतका कार्यालयबाट यसवर्षको रु.४ करोड ८९ लाख ८९ हजार र गतवर्षको रु.६८ करोड गरी रु.७२ करोड ८९ लाख ८९ हजार पेस्की फर्स्यौट हुन बाँकी रहेको छ। यस वर्षको फर्स्यौट हुन बाँकी मध्ये रु.३७ करोड ३४ लाख ४ हजार म्याद नाघेको पेस्की समयमै फर्स्यौट गर्नुपर्दछ।

३७. **सरकारी बाँकीको लगत** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ४९ मा नियमित प्रक्रियाबाट फर्स्छ्यौट नभएको बेरुजु सरकारी बाँकी रहने र सरकारी बाँकीको रूपमा लगत कायम गरिएको असुल उपर गर्नुपर्ने रकमको विवरण सम्बन्धित लेखा उत्तरदायी अधिकृतले असुल उपरको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयमा लेखी पठाउनु पर्ने व्यवस्था छ। कार्यालयले यस बमोजिम लगत राखिएको विवरण एकीकृत वित्तीय विवरणमा खुलासा गरेको छैन। यससम्बन्धी अभिलेख अद्यावधिक गर्नुपर्दछ।

प्रदेश स्वरोजगार विकास कोष

३८. **कोष परिचालन** - बेरोजगार जनशक्तिलाई सीप सिकाई उद्यमशीलताको विकास, उत्पादनमा वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान दिनको लागि श्रमप्रतिको सम्मान गर्ने जनशक्ति निर्माण गर्न बिनाधितो सहुलियत दरमा कर्जा प्रवाह गरी स्वदेशमै स्वरोजगार बनाउन र गरिबी निवारण गर्न स्थापना भएको यो कोषमा रु.६७ करोड ३ लाख ६८ हजार सावाँ र रु.१३ करोड ६० लाख ५१ हजार ब्याज समेत रु.८० करोड ६४ लाख १९ हजार मौज्दात रहेको छ। कोषबाट हालसम्म रु.३६ करोड ३८ लाख ७५ ऋण प्रवाह भएको छ। कोषले प्रवाहित कर्जा, फिर्ता भएको ऋण रकमको अद्यावधिक हिसाब तयार गरेको छैन। यसरी प्रवाह भएको कर्जाबाट रोजगारी सिर्जना भएको र ऋण फिर्ता भएको सुनिश्चित गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित बेहोराहरू मध्ये सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्न प्रदेशभर एकीकृत आन्तरिक नियन्त्रण प्रणाली लागु नगरेको, प्रदेश गौरव तथा रणनीतिक महत्व र रुपान्तरणकारी आयोजनाको मापदण्ड निर्धारण गरी आयोजना बैङ्कमा सूचीकृत गर्ने काम नभएको, विद्युतीय अभिलेख तथा अनुगमन प्रणाली तयार गरी कार्यान्वयन नगरेको लगायतका बेहोरा औंल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण**- सरकारी कार्यालयतर्फ यो वर्ष बेरुजु देखिएको छैन। यससम्बन्धी विवरण **अनुसूची - ९** मा रहेको छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरमा वातावरण संरक्षण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन,
- भू-परिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन,
- पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी गाइड, ऱ्याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण,
- प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन,
- वैज्ञानिक अध्ययन, अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास,
- व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति तर्जुमा, कार्यान्वयन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण,
- प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी अध्ययन तथा अनुसन्धान,
- व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी,
- उद्योग दर्ता, अनुमति, नवीकरण एवं खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन,
- प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार,
- सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन,
- वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन तथा अपराध नियन्त्रण,
- वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह लगायत।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहत समेत २८ सरकारी कार्यालयको निम्नानुसार रु.२ अर्ब २९ करोड ३६ लाख ४९ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१४०००९३	१४७९	८११५६४	८०५१३	२२९३६४९

यो वर्ष ४ समितिको रु.२ करोड ४६ लाख २६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार बजेट तथा खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	५८०६२५	५८४२४२	४४२९८०	७५.८२
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	७४८१	७४८१	५०३०	६७.२४
२२१०० सेवा महसुल	१३१३१	१३३३१	१०७५३	८०.६६
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	४२५४०	४३८४७	३८४५८	८७.७१
२२३०० कार्यालय सामान तथा सेवा	२०९९०	२१६२३	१९७४९	९१.३३
२२४०० सेवा तथा परामर्श खर्च	५१२२४	५१९५३	४८७१६	९३.७७
२२५०० कार्यक्रम सम्बन्धी खर्च	२२४९४५	२२५०९५	१५०६२६	६६.९२
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	२०७९८	२१०४८	१९५२७	९२.७७
२२७०० विविध खर्च	७४६४	७४६४	५९४६	७९.६६
२५१०० सार्वजनिक संस्थानहरूलाई सहायत	२५००	२५००	१९७१	७८.८४
२५२०० गैह्र वित्तीय व्यवसायहरूलाई पुँजीगत सहायता	४३००	४३००	३००८	६९.९५
२७२०० सामाजिक सहायता	१२५००	१२५००	११०७०	८८.५६
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१६५०१	१६५०१	१२७४९	७७.२६
जम्मा	**१००४९९९**	**१०११८८५**	**७७०५८४**	**७६.१५**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	८९३०६१	९०२५६१	६२९५०९	६९.७५
कुल जम्मा	**१८९८०६०**	**१९१४४४६**	**१४०००९३**	**७३.१३**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७६.१५ प्रतिशत र पुँजीगततर्फ ६९.७५ प्रतिशत समेत समग्रमा ७३.१३ प्रतिशत खर्च भएको छ।

३. **आवधिक योजना -** प्रदेशले "आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम" भन्ने दीर्घकालीन सोचसहितको प्रथम पञ्चवर्षीय योजना (२०७८।७९-२०८२।८३) मा प्रत्येक वर्ष आवधिक योजनाले तय गरेका लक्ष्यहरूको समीक्षा गरी नीति, कार्यक्रम तथा बजेट व्यवस्थापन गर्ने व्यहोरा समावेश छ। आवधिक योजनामा वन, जैविक विविधता र जलाधारको व्यवस्थापनलाई सुदृढ गरी हरित अर्थतन्त्रको माध्यमबाट प्रदेशको समृद्धिमा योगदान पुऱ्याउने लक्ष्यसहित हरित अर्थतन्त्रको प्रवर्धनका लागि बहुपक्षीय सहकार्य गर्दै वन, जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, विकास तथा वातावरणीय, आर्थिक र सामाजिक लाभ हासिल गर्ने लक्ष्य सहित रणनीति तथा कार्यनीति उल्लेख छ। प्रथम पञ्चवर्षीय योजनाले निर्धारण गरेका क्षेत्रगत लक्ष्य, राष्ट्रिय र प्रदेशको स्थिति निम्न रहेको छ।

क्र.सं.	सूचक	आधार वर्ष २०७७।७८	प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य	राष्ट्रिय स्थिति २०८१।८२	प्रदेशको स्थिति २०८१।८२
१	क्षेत्रगत औसत वृद्धि दर (प्रतिशत)	३.६	१०.५	३.८	३.३२
	कृषि	४.१	७.९	३.०	२.७९
	उद्योग	४.२	१६.८	२.५	२.०
	सेवा	२.७	१०.३	४.२	२.९
२	अर्थतन्त्रमा क्षेत्रगत योगदान (प्रतिशत)				

क्र.सं.	सूचक	आधार वर्ष २०७७।७८	प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य	राष्ट्रिय स्थिति २०८१।८२	प्रदेशको स्थिति २०८१।८२
	कृषि	३५.६	३१.५	३३.५	३४.७
	उद्योग	१३.७	१८.२	१२.८	१२.५
	सेवा	५०.७	५०.३	५३.७	५२.८
३	सुधारिएको सरसफाइ सुविधा भएका परिवार (प्रतिशत)	९९	१००	९८	-

स्रोतः *सुदूरपश्चिम प्रदेशको प्रथम योजना, आर्थिक सर्वेक्षण २०८१।८२ र अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण २०८१।८२*

आवधिक योजनाको समिक्षा अनुसार अर्थतन्त्रमा कृषि तथा सेवा क्षेत्रको योगदान लक्ष्य अनुसार प्राप्त भएको देखिन्छ भने उद्योग क्षेत्रको लक्ष्य १८.२ प्रतिशत रहेकोमा २०८१/८२ सम्म राष्ट्रिय स्थिति १२.८ र प्रदेशको स्थिति १२.५ प्रतिशत रहेको छ। आवधिक योजनालाई बजेट तथा कार्यक्रममा आवद्ध गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।

४. **नीति तथा कार्यक्रम -** प्रदेश सरकारको नीति तथा कार्यक्रम २०८१/८२ मा समावेश भएका उद्यमी युवा विकासमा टेवा भन्ने मुल नाराका साथ युवाहरूमा सकारात्मक सोच, सीप, दक्षता, उद्यमशीलता र नेतृत्व विकास गर्ने, निजी क्षेत्रलाई विजनेस ईन्क्युवेसन सेन्टरको आधारमा कार्यान्वयनमा ल्याउन प्रोत्साहन, बैदेशिक रोजगारवाट फर्किएका सिप र क्षमतायुक्त युवाहरूलाई निजी क्षेत्रसँग सहकार्य गर्न प्रोत्साहन, प्रदेशको कला संस्कृति भेषभुषा रहनसहन र परम्परा झल्किने गरी धार्मिक सांस्कृतिक पुरातात्विक र ग्रामीण पर्यापर्यटन प्रवर्धन गर्न प्रदेशस्तरमा एकीकृत सास्कृतिक सङ्ग्रहालय निर्माणको थालनी गर्ने, निर्माण सम्पन्न भएका सङ्ग्रहालयहरू सञ्चलान गर्न आवश्यक मोडालिटी तयारी, समुदायमा निजी क्षेत्रलाई तोकिएको मापदण्ड बमोजिम व्यावसायिक रूपमा वन्यजन्तु पालन गर्न आवश्यक नीतिगत तथा कानुनी संरचना तयारी, स्थानिय तह तथा विकास साझेदारहरूको सहकार्यमा जलवायु उत्थानशील पारिस्थितीय प्रणालीमा आधारित अनुकुलन कार्यक्रम सञ्चालन गर्ने लगायतका नीति तथा कार्यक्रमहरू बजेटमा समावेश गरेको छैन। नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रम बजेटमा व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** प्रदेश सरकारको २०८१।८२ को बजेट वक्तव्यमा उल्लेख भएको कार्यक्रममध्ये युवाहरूमा उद्यमशीलता विकास गर्न विजनेश ईन्क्युवेसन सेन्टरको स्थापना, झुसे दमाई साँस्कृतिक संग्रालयको संभाव्यता अध्ययनको कार्य, त्रिनगर, गड्डा चौकी नाका र कर्णाली चिसापानी क्षेत्रमा पर्यटन सहायता केन्द्र सञ्चालन र व्यवस्थापनको कार्य, प्रदेशस्तरमा एकीकृत सांस्कृतिक संग्राहालय निर्माणको थालनी, सङ्खसँगको समन्वयमा सेन्टर अफ एक्सिलेन्सको अवधारणा अनुरुप हुने गरी जडिबुटी अनुसन्धान तथा प्रशोधन कार्य, व्यवसायीकरूपमा वन्यजन्तु पालन गर्न आवश्यक नीतिगत तथा कानुनी संरचना तयार गरेको पाइएन। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

६. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने बेहोरा उल्लेख छ। मन्त्रालयमा यो वर्ष रु.१ अर्ब ९१ करोड ४४ लाख ४६ हजार बजेट विनियोजन भएकोमा रु.१ अर्ब ४० करोड ९३ हजार (७३.१३ प्रतिशत) खर्च

भएको छ। कार्यान्वयन हुन नसक्ने कार्यक्रममा बजेट व्यवस्था गर्ने, वर्षान्तमा रकमान्तर गर्ने, समयमा बजेट समर्पण नगर्ने लगायतको अवस्था देखिएको छ। कानुनले तोकिएबमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन कायम गर्नुपर्दछ।

७. **एकीकृत वित्तीय विवरण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३१(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरण अनुसार राजस्व प्राप्ति रु.५२ करोड ३७ लाख ५ हजार देखाएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणमा रु.१४ लाख ७९ हजार देखाएको छ। मन्त्रालयले प्राप्ति रकम एकीन गरी प्रदेश लेखा नियन्त्रक कार्यालयसँग हिसाब भिडान गर्नुपर्दछ।

८. **आन्तरिक नियन्त्रण प्रणाली -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३ मा प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

९. **विकास समिति पुनरावलोकन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ को अनुसूची-२ मा प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने व्यवस्था छ। मन्त्रालय अन्तर्गतका खप्तड, बैद्यनाथ, रामारोशन र दोगडा केदारेश्वर विकास समितिको गठन आदेश जारी भई मन्त्रालयबाट कर्मचारी खटाई कार्यसम्पादन भएको देखिन्छ। कार्यसम्पादन गरिरहेको भए तापनि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण संरचना तयार गरी स्वीकृत भएको छैन। समितिको कार्यक्षेत्रको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यसम्पादन गर्नुपर्दछ।

१०. **वनक्षेत्र अतिक्रमण -** सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ को दफा १५ बमोजिम पट्टा, पुर्जी वा प्रमाणपत्र प्राप्त गरी वा अरू प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक अन्य व्यक्तिलाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त नहुने व्यवस्था छ। डिभिजन वन कार्यालय धनगढी, अन्तर्गत ११ हजार ९०० हेक्टर, कञ्चनपूर अन्तरगत ३ हजार १९५.२७ हेक्टर, डोटी अन्तरगत ४१.६ हेक्टर, वाजुरा अन्तरगत २४ हेक्टर वन र डडेलधुरा ३९२ हेक्टर वन क्षेत्र अतिक्रमण भएको छ। यो वर्ष १० डिभिजन वन कार्यालयबाट १७.३५ हेक्टर अतिक्रमित वनक्षेत्र खाली गराएको जनाए तापनि सोको विस्तृत विवरण तयार गरेको छैन। अतिक्रमित वन क्षेत्र यकिन गरी अतिक्रमण हटाई प्रयोगमा ल्याउनुपर्दछ।

११. **काठ मौज्दात -** सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ दफा ७५ मा ढलेका तथा सुख्खा खडा रुखहरू निर्देशनालयको स्वीकृति लिई डिभिजन वन कार्यालयले सङ्कलन, ओसारपसार तथा बिक्रीवितरण गर्नसक्ने तथा दफा ७४ बमोजिम वन पैदावारलाई तोकिएको प्रकृया पूरा गरी लिलाम बिक्री र सुदूरपश्चिम प्रदेश वन नियमावली, २०७८ को नियम ७ बमोजिम मौज्दात व्यवस्थित गर्नुपर्ने व्यवस्था छ।

सि.नं.	डिभिजन वन कार्यालय	गत वर्षको अल्या. र यस वर्षको सङ्कलन परिमाण		यो वर्षमा भएको लिलाम बिक्री सम्बन्धी विवरण				लिलाम हुन बाँकी परिमाण	
		काठ क्यु.फिट	दाउरा चट्टा	काठ क्यु.फिट	दाउरा चट्टा	राजस्व रु.	मू.अ.कर रु.	काठ क्यु.फिट	दाउरा चट्टा
१	पहलमानपुर	७२२९६.३४	२५.३५	२११७२	६	२३६२८६०७	२९८६१९६	५११२४.३४	१९.३५
२	दार्चुला	२६३५.७	१	४७१.८४	०	९९८९०	१७०६५	२१६३.८६	१
३	डडेल्धुरा	२५७२२.४३	४९.५४	१०७८९.४६	२०.८	११३२६३९५.०३	१४३९९५६.८	१४९३२.९७	२८.७४
४	कञ्चनपुर	५४०२५.९८	४०.३८	१०४०४.३८	०	९९७१५००	१४५५३०४	४३६२१.६	४०.३८
५	बैतडी	८७१.१४	३.३३	०	०	०	०	८७१.१४	३.३३
६	डोटी	५१६७.९८	३	५१६७.९८	३	९२०६३१	२०००००	०	०
७	बझाङ	१००.२	०.२	१००.२	०.२	४०५७६.९६	५२७५	०	०
८	कैलाली	१३३८५०	१८७.२४	८९७८२.९	५८.७	३३६१२४८५	४९५१९०४	४४०६७.१	१२८.५
	जम्मा	**२९४६७०**	**३१०.०४**	**१३७८८८.८**	**८८.७**	**७९६०००८५**	**११०५५७०१**	**१५६७८१.०१**	**२२१.३**

***स्रोतः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश*

२०८१।८२ सम्म विभिन्न ८ डिभिजन वन कार्यालय अन्तर्गत १ लाख ५७ हजार क्यु. फिट काठ र २२१ चट्टा दाउरा लिलाम बिक्री गर्न बाँकी रहेको छ। वनजन्य सामग्रीको उपयोगिता तथा गुणस्तरमा ह्रास नआउने गरी मौज्दात व्यवस्थापन गर्नुपर्दछ।

१२. **बेरुजुको लगत -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३९ मा प्रदेशका मन्त्रालय तथा निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको केन्द्रीय लगत राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष मतहतका कार्यालय समेतको बेरुजुको लगत राखेको देखिएन। ऐनमा तोकिए अनुसार लगत राखी सोको फर्स्यौंटको अनुगमन गर्नुपर्दछ।

डिभिजन वन कार्यालयहरू

१३. **बिरुवा खरिद** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २६ मा सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा निश्चित मापदण्डको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यलयहरू डोटीले यो वर्ष रु.२५ लाख, पहलमानपुर, कैलालीले रु.१६ लाख ९० हजार, धनगढीले रु.९ लाख ९८ हजार, अछामले रु.२५ लाख ३९ हजार, कञ्चनपूरले रु.१३ लाख ८२ हजार, बाजुराले रु.९ लाख ४१ हजारको विभिन्न बिरुवा खरिद गरी व्यक्ति, सामुदायिक वन उपभोक्ता समिति तथा सङ्ग संस्थालाई वितरण गरेको छ। खरिद भएका बिरुवाहरू किसानको माग र वृक्षारोपण स्थलको सुनिश्चितता भएको देखिएन। मागमा आधारित भई खरिद गरी प्रयोग भएका बिरुवाको अनुगमन गर्नुपर्दछ।

१४. **कोष दाखिला** - प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९(१) अनुसूची ७ मा सामुदायिक तथा साझेदारी बनको आन्तरिक बिक्री वितरणबाट प्राप्त हुने आम्दानीको १० प्रतिशत र बाह्य बिक्री वितरणबाट प्राप्त हुने आम्दानीको २५ प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, धनगढीले यो वर्ष सङ्कलन गरेको आय रु.१ करोड ३० लाख ४२ हजार प्रदेश सञ्चित कोषमा दाखिला नगरी रु. १ करोड २३ लाख ९० हजार धरौटी खातामा र रु.६ लाख ५२ हजार विविध खातामा राखेको पाइयो। उक्त रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

१५. **काठ दाउरा बिक्री -** सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ तथा नियमावली, २०७८ अनुसार काठ दाउराको मौज्दात व्यवस्थित गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार डिभिजन वन कार्यालय,

धनगढी अन्तर्गत भारताल साझेदारी वन उपभोक्ता समूह, धनगढी- १४ फुलवारीमा रहेको साल, असना, हल्दु तथा जामुनको ७५७ थानको ७५७०.८६ क्युविक फिट काठ र १६ चट्टा दाउराको रु.३५ लाख २७ हजार काठ तथा दाउरा मौज्दात रहेको देखिन्छ। कार्यालयले मौज्दातमा रहेका काठ तथा दाउरा लिलाम बिक्री गर्नुपर्दछ।

१६. **अनुदान** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४० मा सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानिनोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चितता हुनुपर्ने व्यवस्था छ। प्रदेश सरकारबाट निजी रूपमा सञ्चालित वन उपभोक्ता समूहलाई तारवार, पोखरी निर्माण, बिरुवा खरिद तथा रोपण कार्यको अनुदान वितरणसम्बन्धी कार्यक्रममा व्यवस्था छैन। डिभिजन वन कार्यालय, पहलमानपुरले आठ वन उपभोक्ता समूहलाई रु.७२ लाख ४७ हजार अनुदान दिएको देखियो। निजी उपभोक्ता समूहको नाम किटान गरी बजेट तथा कार्यक्रम स्वीकृत गरी अनुदान दिने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१७. **खोटो सङ्कलन** - खोटो सङ्कलन (कार्यविधि) निर्देशिका, २०६४ को मा खोटोको स्रोत सर्वेक्षणसम्बन्धी आधारभुत तथ्याङ्क सङ्कलन गर्ने, सल्लाका रूखहरूको साईज, छत्र घनत्व पहिचान हुने गरी तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयार गर्नुपर्ने र खोटो दिगोरूपमा सङ्कलन गर्न सकिने परिमाणसमेतलाई मध्यनजर गरी खोटो सङ्कलन गर्ने क्षेत्र निर्धारण गर्नुपर्ने व्यवस्था छ। वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन अनुसार डिभिजन वन कार्यालय, दार्चुला धनाश्री र भुमिराज सामुदायिक वन उपभोक्ता समितिको १४५.९३ हेक्टर वन क्षेत्रमा रहेका ५ हजार १७३ सल्लाका रूखहरूबाट २१ हजार १६६ के.जी. खोटो सङ्कलन गर्न मिल्नेमा ३० हजार ५९ केजी बढी सङ्कलन गरेको देखियो। क्रियाकलाप सञ्चालन गर्दा कार्यविधि तथा वातावरणिय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसार यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू

१८. **तारजाली खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) बमोजिम रु १ करोडसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था भएपनि उपभोक्ता समितिहरू मार्फत मालसामान खरिद गर्न सकिने कानुनी व्यवस्था गरेको देखिदैन। भू - तथा जलाधार व्यवस्थापन कार्यालय, डोटीले उपभोक्ता समितिहरूसँग सम्झौता गरी रु.१ करोड १४ लाख ८५ हजारको ग्यायविन तारजाली विभिन्न ३० आपूर्तिकर्ताबाट खरिद गरेको छ। कानुनविपरीत उपभोक्ता समितिहरूसँग सम्झौता गरी खरिद गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

१९. **योजना तथा कार्यक्रम** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ९ मा बजेट प्रस्ताव सम्बन्धी व्यवस्था छ। भू-तथा जलाधार व्यवस्थापन कार्यालय, डडेलधुरालाई यो वर्ष १०३ योजना तथा कार्यक्रमहरूमा रु.११ करोड ४७ लाख बजेट विनियोजन भएकोमा कुनैपनि योजना तथा कार्यक्रम सञ्चालन गरेको देखिएन। कानुनी व्यवस्था पुरा गरी बजेट विनियोजन हुनुपर्दछ।

घरेलु तथा साना उद्योग कार्यालयहरू

२०. **अनुदान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३(१क) मा कानुन बमोजिम दर्ता भएको संस्थाको सरकारी कोष प्रयोग गरी खरिद गर्दा ऐन बमोजिमको कार्यविधि पूरा गर्नुपर्ने व्यवस्था छ। घरेलु तथा साना उद्योग कार्यालय, कैलालीले एक उद्योगलाई रु.४८ लाख ५० हजार अनुदान उपलब्ध गराएकोमा अनुदान प्राप्तिकर्ता उद्योगले कानुन बमोजिम खरिद गरेको छैन। कानुन बमोजिम प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गर्नुपर्दछ।

२०.१. उद्योग, वाणिज्य तथा उपभोक्ता हितसम्बन्धी वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा ५ (क) मा अनुदान सहयोग रकम प्राप्त गर्ने उद्योगले सरकारी निकायबाट पछिल्लो ३ वर्षमा सहयोग नलिएको स्वघोषणा पेस गर्नुपर्ने तथा दफा ५ (च) मा सहयोग प्राप्त गर्ने उद्योगको स्थलगत अनुगमन गर्नुपर्ने व्यवस्था छ। घरेलु तथा साना उद्योग कार्यालय, कैलालीले रु.९७ लाख, अछामले रु.४८ लाख र बाजुराले रु.३३ लाख ८८ हजार विभिन्न व्यक्ति तथा संस्थालाई परम्परागत सीप तथा प्रविधिमा आधारित उद्योग सञ्चालनको लागि अनुदान प्रदान गरेकोमा बिगत ३ वर्षमा सार्वजनिक निकायहरूबाट दोहोरो अनुदान नलिएको सुनिश्चित गर्ने अभिलेख राखेको छैन। अनुदान वितरणमा कार्यविधिले तोकेबमोजिमको सर्त पालना गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा एकीकृत अनुदान नीति तर्जुमा नभएको, वनक्षेत्र अतिक्रमण, काठ मौज्दात, कार्यसम्पादन करार लगायतका बेहोरा औल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतका ३२ निकायहरूको लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति देहाय अनुसार छन्:
  - ➢ सरकारी कार्यालयतर्फ २८ निकायमा रु.४ करोड ७८ लाख १४ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.३६ लाख ७२ हजार फस्यौट भई रु.४ करोड ४१ लाख ४२ हजार बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।
  - ➢ समिति तथा अन्य संस्थातर्फ ४ निकायमा बेरुजु देखिएको छैन। यससम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन तथा नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन,
- कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवं महामारी नियन्त्रण,
- कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्धन,
- कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा बिस्तार,
- कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन,
- कृषि उपज, कृषि तथा पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउ बिजन एवं नक्ष सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण
- कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवं विकास तथा प्रवर्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण,
- कृषि मल, बिउ र विषादी आपूर्ति व्यवस्था,
- कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण,
- क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड तयारी र कार्यान्वयन,

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष मन्त्रालय र मातहत समेतका ३१ कार्यालयको निम्नानुसार रु.१ अर्ब ९२ करोड १८ लाख ६५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१८४५६३५	४५२१	५७५२०	१४१८९	१९२१८६५

नोटः *उल्लिखित लेखापरीक्षण अङ्कमा लेखापरीक्षण नभएको सहकारी रजिष्ट्रारको कार्यालय, धनगढीको विनियोजन तर्फ रु.२ करोड ६ लाख ७९ हजार समेत गरी रु.२ करोड ७ लाख ८७ हजार समावेश छैन।*

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यो वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार बजेट तथा खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक / सुविधा	३०४१९३	३०४१९३	१६६१९९	५४.६४
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१९७२	१९७२	६५२	३३.०६
२२१०० सेवा महसुल	१७१०६	१७१८६	१२०५३	७०.१३
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन र	७८५७५	७८५७५	६७३७६	८५.७५
२२३०० कार्यालय सामान तथा सेवा	२६८६१	२६८६१	२१९७३	८१.८

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२४०० सेवा तथा परामर्श खर्च	७२५८९	७३१६८	५९४२२	८१.२१
२२५०० कार्यक्रम सम्बन्धी खर्च	१८२०४८०	१७६०८३६	१२७११६५	७२.१९
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	३३३७७	३३३७७	२२५३७	६७.५२
२२७०० विविध खर्च	१२३७३	१२३७३	९७४७	७८.७८
२६४०० सामाजिक सेवा अनुदान	२६९७००	२३५६००	१६१३०१	६८.४६
२८१०० सम्पत्ति सम्बन्धी खर्च	७३९५	७३९५	५३६१	७२.४९
जम्मा	**२६४४६२१**	**२५५१५३६**	**१७९७७८६**	**७०.४६**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	२७२२१९	२५२२१९	६८५२८	२७.१७
कुल जम्मा	**२९१६८४०**	**२८०३७५५**	**१८६६३१४**	**६६.५६**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७०.४६ प्रतिशत, पुँजीगततर्फ २७.१७ प्रतिशत र समग्रमा ६६.५६ प्रतिशत खर्च गरेको छ।

३. **एकीकृत वित्तीय विवरण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७९ को दफा ३१(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरण अनुसार राजस्व प्राप्ति रु.२ करोड २६ लाख ६२ हजार देखाएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणमा रु.४५ लाख ६६ हजार देखाएको छ। मन्त्रालयले प्राप्ति रकम एकीन गरी प्रदेश लेखा नियन्त्रक कार्यालयसँग हिसाब भिडान गर्नुपर्दछ।

४. **आवधिक योजना -** प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७८।७९-२०८२।८३) परिलक्षित गरेको प्रादेशिक कृषि विकास नीति, कानुन र योजना तथा कार्यक्रम तयार नभएको, प्रादेशिक कृषि अनुसन्धान केन्द्र स्थापना नभएको, खाद्यान्न अपुग भएको जिल्लामा उत्पादन वृद्धिका विशेष कार्यक्रम सञ्चालन नभएको, एकीकृत कृषि बजार सूचना प्रणालीको विकास नभएको, कृषकको वर्गीकरण गरी उत्पादनमा दिइने कृषि अनुदानको प्रतिशत निर्धारणको कार्य नभएको, भूमि बैङ्क विशेष कार्यक्रम सञ्चालन नभएको, असल कृषि अभ्यास (GAP) कार्यान्वयन नभएको, प्रदेश भू-उपयोग नीति गुरुयोजना तयार नभएको, भू-उपयोग नक्सा र तथ्याङ्क समेतको आधारमा भू-उपयोग योजना तर्जुमा नभएको, गुठी जग्गा व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति तयार नभएको तथा कृषि बैङ्कको अवधारणा लागु भएको छैन। आवधिक योजनाले परिलक्षित गरेका कार्यक्रम तथा उद्देश्य पुरा गर्न मन्त्रालयले बजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८१।८२ को नीति तथा कार्यक्रममा समावेश भएका कोल्ड स्टोर, दुग्ध तथा माछामासु चिस्यान केन्द्रहरूको विद्युत महसुलमा सहुलियत प्रदान, स्थानीय तहसँगको लागत साझेदारीमा कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा कृषि एम्बुलेन्स, बीउबिजन क्षेत्रको अनुगमन तथा नियमनका लागि आवश्यक संस्थागत संरचना तयार, "हत्केलामा कृषि सेवा" अवधारणा अनुरुप कृषि प्रविधि र सेवालाई सहजै कृषकले प्रयोग गर्ने गरी आधुनिक कृषि सूचना प्रणालीमा विशेष जोड, "प्रदेशको पहिचान सहितको प्राङ्गारिक खेती प्रवर्धन कार्यक्रम" सञ्चालन गरी कृषि उपजको प्रमाणीकरण, ब्राण्डिङ र बजारीकरणमा सहयोग, प्रदेशभित्र रहेका सरकारी कृषि, पशुपन्छी तथा मत्स्य

फार्म, प्रयोगशाला र केन्द्रको स्तरोन्नत्ति गरिनुका साथै नयाँ स्रोत केन्द्रको सम्भाव्यता अध्ययन गरिने नीति तथा कार्यक्रमहरू कार्यान्वयन भएका छैनन। नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रम बजेटमा व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** प्रदेश सरकारको २०८१।८२ को बजेट वक्तव्यमा उल्लेख भएका कृषि प्रविधि र सेवामा कृषकको सहज पहुँच स्थापना हुने गरी आधुनिक कृषि प्रणालीमा जोड दिइने, प्राकृतिक प्रकोप (बाढी, डुबान, खडेरी, आँधी बेहरी), कीरा तथा रोगद्धारा नोक्सानीबाट कृषि तथा पशुपन्छीको क्षेत्रमा हुने हानी नोक्सानीमा जोखिम न्यूनीकरण गर्न विपद् व्यवस्थापन तथा राहत कार्यक्रम, प्रदेश स्तरमा एकीकृत कृषि प्रयोगशाला सञ्चालन सम्बन्धमा अध्ययन, कृषि तथा पशुपन्छी प्रसार सेवा, सङ्घीय सरकारको सहयोगमा कैलाली जिल्लामा स्कीम मिल्क पाउडर प्लान्ट स्थापना गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएका छैनन। बजेटमा समावेश गरेका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

७. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने बेहोरा उल्लेख छ। मन्त्रालयमा यो वर्ष रु.२ अर्ब ८० करोड ३७ लाख ५५ हजार बजेट विनियोजन भएकोमा रु.१ अर्ब ८६ करोड ६३ लाख १४ हजार (६६.५६ प्रतिशत) खर्च भएको छ। कार्यान्वयनयोग्य योजना तथा कार्यक्रम स्वीकृत गरी जिम्मेवारीको पालना हुनुपर्दछ।

८. **आन्तरिक नियन्त्रण प्रणाली -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३ मा प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

९. **जग्गा भाडा -** राष्ट्रिय आवास कम्पनी लिमिटेड र मन्त्रालयबीच २०८०।१।२८ मा मालपोत कार्यालय, बेलौरी कञ्चनपुरमा दर्ता स्रेस्ता कायम रहेको कञ्चनपुर जिल्ला पुनर्वास नगरपालिका वडा नं. ३ स्थित राष्ट्रिय आवास कम्पनी लिमिटेडको स्वामित्वमा रहेको ७४-२-१६ विगाह जग्गामा कृषि कार्यका लागि प्रति विगाह रु.२० हजारको दरले जग्गा भाडा लिने सम्झौता भएको छ। सो जग्गामध्ये नेपाल कृषि अनुसन्धान परिषद्ले ५-१०-० विगाह प्रयोग गरेको र ४९-१०-० विगाह कृषि व्यवस्था प्रवर्धन सहयोग तथा तालिम केन्द्रले भाडामा लगाएको छ। बाँकी १९-२-१६ विगाह जग्गामा २ खेल मैदान निर्माण तथा सुकुम्बासी बस्ती रहेकोले तोकिएको कार्यमा प्रयोग भएको छैन। अतिक्रमीत जग्गा फिर्ता लिनुपर्दछ।

१०. **अनुदान -** सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन नियमावली, २०७९ को नियम १३ मा अनुदान उपलब्ध गराउँदा एक अनुदानग्राहीले एक आर्थिक वर्षमा कार्यालयबाट एक कार्यक्रमका लागि मात्र अनुदान पाउने, अनुदानमा सञ्चालन हुने कार्यक्रम व्यवसायको प्रकृतिको आधारमा कम्तीमा पाँच वर्षका लागि व्यवसायको निरन्तरता रहने गरी सम्बन्धित कार्यालयसँग सम्झौता गर्नुपर्ने तथा एकपटक अनुदान पाएको अनुदानग्राहीलाई अनुदान प्राप्त गरेपछि सोही प्रकृतिको कामका लागि अनुदान प्रदान नगरिने व्यवस्था छ। कृषि ज्ञान केन्द्र, कञ्चनपुर, डोटी र बाजुराले १ हजार ९४० कृषक तथा

कृषक समूहलाई रु.१७ करोड ९५ लाख ५४ हजार र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाजुरा, दार्चुला, बैतडी, डोटी र कैलालीले १ हजार २८० कृषक तथा कृषक समूहलाई रु.२० करोड २० लाख २७ हजार अनुदान वितरण गरेको देखिन्छ। अनुदान रकम उपयोग तथा न्यूनतम ५ वर्ष निरन्तरता कायम भएको सम्बन्धमा अनुगमन हुनुपर्दछ।

११. **सहकारी** - प्रदेश सहकारी ऐन, २०७५ को दफा ६१ मा सहकारी संस्थाले वार्षिक तथा लेखापरीक्षण प्रतिवेदन, वार्षिक कार्यक्रम, नीति तथा योजना, खुद बचत सम्बन्धी नीति तथा योजना, सञ्चालनको नाम तथा बाँकी कार्यविधिको सूची, साधारण सभाको बैठक सम्बन्धी जानकारी, शेयर सदस्य सङ्ख्या, शेयर पुँजी, सञ्चालक सदस्यले लिएको ऋण, तिर्न बाँकी रकम, रजिष्ट्रार अधिकारीले तोकेको अन्य विवरण समावेश गरी प्रतिवेदन तयार गरी पेस गर्ने र रजिष्ट्रारले मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेशमा ३८८ सहकारी दर्ता भएकोमा सञ्चालनमा रहेका २३४ मध्ये ४६ सहकारीले प्रतिवेदन बुझाएका र बाँकी १८८ ले साधारणसभा र लेखापरीक्षण दुवै गराएका छैनन्। प्रदेश अन्तरगतका सहकारी संस्थाहरूमा बचतकर्ताको रु.५ अर्ब २६ करोड ८८ लाख ३३ हजार बचत रहेको र रु.४ अर्ब ९५ करोड ६४ लाख ऋण प्रवाह भएको अभिलेख पेस भएको छ। साधारण सभा समेत नगरेका सहकारी संस्थाको सञ्चालन सम्बन्धमा अनुगमन गरी कानुन अनुसार कारबाही गर्नुपर्दछ।

१२. **बेरुजुको लगत** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३९ मा प्रदेशका मन्त्रालय तथा निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको केन्द्रीय लगत राख्नु पर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष मतहतका कार्यालय समेतको बेरुजुको लगत राखेको देखिएन। ऐनमा तोकिए अनुसार लगत राखी सोको फर्स्यौटको अनुगमन गर्नुपर्दछ।

कृषि ज्ञानकेन्द्रहरू

१३. **ब्याज अनुदान** - सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन नियमावली, २०७९ को अनुसूची ९(ग) मा पाँच करोड रुपैयाँसम्मको कृषि ऋणमा अधिकतम ८ प्रतिशत व्याज अनुदान उपलब्ध गराउने व्यवस्था छ। नियम १३ मा अनुदानमा सञ्चालन हुने व्यवसायको प्रकृतिको आधारमा ५ वर्षको लागि व्यवसायको निरन्तरता रहने गरी सम्झौता गर्नुपर्ने उल्लेख छ। कृषि ज्ञान केन्द्र डडेल्धुराले यसवर्ष ब्याजमा अनुदान कार्यक्रम अन्तर्गत ३० कृषक समूहको रु.१९ लाख ६३ हजार ब्याज भुक्तानी गरेको छ। कृषि ऋण सम्झौता बमोजिमको काममा उपयोग र व्यवसाय निरन्तरताको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

१४. **मेसिन खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३(१क) मा कानुन बमोजिम दर्ता भएको संस्थाको सरकारी कोष प्रयोग गरी खरिद गर्दा ऐन बमोजिमको कार्यविधि पूरा गर्नुपर्ने व्यवस्था छ। उपभोक्ता कृषकहरूसँग सम्झौता गरी विभिन्न आपूर्तिकर्ताहरूबाट उपभोक्ताहरुले खरिद गरी कृषि ज्ञान केन्द्र, डडेलधुराले रु.४९ लाख २९ हजारको ७० थान, कञ्चनपुरले रु.१ करोड ७७ लाख ८५ हजारको १५२ थान पावर ट्रिलर, थ्रेसर, रिपर मेसिन लगायतका मेसिनको रकम भुक्तानी गरेको छ। खुला बोलपत्रबाट खरिद गर्नुपर्ने मेसिन उपकरण उपभोक्ता समितिहरूसँग सम्झौता गरी भएको खरिद कार्य प्रतिस्पर्धात्मक देखिएन।

१५. **सिँचाइ अनुदान** - सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन ऐन, २०७६ मा सिँचाइ अनुदानको लागि निजी फर्मलाई ५० प्रतिशत र समूह तथा सहकारीलाई ८५ प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्था छ। कृषि ज्ञान केन्द्र, कञ्चनपुरले सिँचाइको लागि ७७६ डिप ट्युवेल जडान गर्न १३ हजार ४१ लाभग्राहीलाई कुल लागतको ५० प्रतिशतले हुने रु.२ करोड २५ लाख ९० हजार अनुदान वितरण गरेको छ। जडान भएका ट्यूवेलहरूबाट थप सिँचाइ हुने क्षेत्रफल सहितको कार्यसम्पन्न प्रतिवेदनका सम्बन्धमा अनुगमन हुनुपर्दछ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू

१६. **ऋणको व्याज** - सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन नियमावली, २०८० को अनुसूची- ९(ग) मा पाँच करोड रुपैयाँसम्मको कृषि ऋणमा अधिकतम ८ प्रतिशत व्याज अनुदान उपलब्ध गराउने व्यवस्था छ। नियम १३ मा अनुदानमा सञ्चालन हुने व्यवसायको प्रकृतिको आधारमा ५ वर्षको लागि व्यवसायको निरन्तरता रहने गरी सम्झौता गर्नुपर्ने उल्लेख छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कैलालीले रु.२ करोड २० लाख ९७ हजार, कञ्चनपुरले रु.६९ लाख १ हजार, डडेलधुराले रु.११ लाख ६ हजार, डोटीले रु.९ लाख ८५ हजार र अछामले रु.७ लाख २८ हजार बैकवाट जारी भएको ऋण तथा व्याजको स्टेटमेन्टको आधारमा व्याज अनुदान भुक्तानी गरेको छ। कृषक/फर्मले कार्यविधि अनुसार कृषि व्यवसाय सञ्चालन गर्नका लागि लिएको ऋणमा मात्र व्याज अनुदान दिनुपर्नेमा व्यवसाय सञ्चालन गरेको यकिन नगरी अनुदान प्रदान गर्नु उपयुक्त देखिएन।

१७. **मिटमार्ट कार्यक्रम** – सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०८० को दफा २ (घ) को बुँदा नं. ४.७ मा कार्यक्रम सञ्चालन प्रक्रिया पूरा गर्नुपर्ने मापदण्डसम्बन्धी व्यवस्था छ। मिटमार्ट कार्यक्रममा संलग्न हुन दैनिक ठूलो पशुको हकमा १०० के.जी. र साना पशुको हकमा ५० केजी मासु बिक्री गर्नुपर्ने, सहर उन्मुख क्षेत्रलाई लक्षित गरी मासुको बिक्री वितरण गर्ने व्यवसायीलाई मात्र प्राथमिकता दिने र पशुवध गर्दा निस्कने फोहोरमैलाको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बझाङले मिटमार्ट कार्यक्रमको लागि मापदण्ड पुरा गरेको प्रमाण बेगर ९ व्यक्ति तथा समूहलाई रु.११ लाख ३३ हजार अनुदान प्रदान गरेको छ। निर्देशिकामा भएका मापदण्ड पुरा गरेको यकिन गरी अनुदान प्रदान गर्नुपर्दछ।

१८. **गौशाला निर्माण** - भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कैलाली र ९ पालिकाबीच भएको सम्झौता अनुसार निर्माण गरेको गौशालाको दिगो व्यवस्थापनको लागि कम्तीमा २५ प्रतिशत पानीको श्रोत व्यवस्थापन, घेरबार फेन्सिङ्ग तथा डाले घाँस र भुइँ घाँस रोपण गर्नुपर्ने उल्लेख छ। कार्यालयले ९ गौशाला निर्माणमा रु.१ करोड ७६ लाख ४७ हजार खर्च गरेकोमा सम्झौता बमोजिम पालिकाले पानीको श्रोत व्यवस्थापन, घेरबार, फेन्सिङ्ग तथा घाँस रोपण कार्य गरी प्रयोग भएको अभिलेख कार्यालयमा रहेको देखिएन। निर्मित गौशाला प्रयोग तथा व्यवस्थापनको अनुगमन गर्नुपर्दछ।

१९. **लागत अनुमान** - सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंछी प्रसार कार्यक्रम सञ्चालन निर्देशिका, २०८० को दफा १६(३) मा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दार्चुलाले २३ व्यक्तिगत फर्मलाई भेडी प्रवर्धन कार्यक्रमको रु.२९ लाख र १२ कृषि फर्मलाई

भैसी प्रवर्धन कार्यक्रमको रु.१७ लाख अनुदान प्रदान गरेकोमा लागत अनुमान तयार गरेको छैन। मापदण्डको आधारमा लागत अनुमान स्वीकृत गरी अनुदान वितरण गर्नुपर्दछ।

२०. **पशुपालन कार्यक्रम -** सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंछी प्रसार कार्यक्रम सञ्चालन निर्देशिका, २०८० को क्रियाकलाप नं. १.३.३ विपन्न समुदाय लक्षित पशुपालन कार्यक्रम सञ्चालन गर्दा एकै स्थानीय तहमा १५-२० जनाको ३ देखि ५ समूह गठन गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दार्चुलाले समूह गठन नगरी प्रतिव्यक्ति २ बाख्रा खरिद गर्नको लागि ९२ जनालाई रु.२८ लाख ४२ हजार र डोटीले १८५ जनालाई रु.४९ लाख ३२ हजार भुक्तानी गरेको छ। निर्देशिका अनुसार खर्च लेख्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा एकीकृत अनुदान नीति तर्जुमा नभएको, अनुदान वितरणको अनुगमन नभएको लगायतका बेहोरा औल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - **सरकारी कार्यालयतर्फ** - ३० निकायमा रु.३ करोड २८ लाख ९० हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.३ लाख ८६ हजार फस्यौट भई रु.३ करोड २५ लाख ४ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची- ९** मा रहेको छ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान, यातायात सुरक्षा,
- रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,
- प्रदेशस्तरको उर्जा, विद्युत, सिँचाइ, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना तर्जुमा, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार,
- प्रदेशस्तरमा उर्जा, विद्युत, सिँचाइ तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण,
- प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,
- प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय,
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,
- प्रदेशस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, सम्भार र नियमन।
- प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन,
- प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, सवारी चालक अनुमति र नवीकरण,
- प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन,
- प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार,
- वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्धन।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतका समेत ३१ सरकारी कार्यालयको निम्नानुसार रु.११ अर्ब ७३ करोड ३६ लाख ७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१०१५८५७७	३०५५	१५६९१०७	२८६८	११७३३६०७

नोटः *उल्लिखित लेखापरीक्षण अङ्कमा लेखापरीक्षण नभएको भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, धनगढीको विनियोजन तर्फ रु.२३ करोड १५ लाख ६१ हजार समेत गरी रु.२७ करोड ७७ लाख ११ हजार समावेश छैन।*

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	२८९७५६	२९३४४८	२२२७७७	७५.९२
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२४८३	२४८३	१२४४	५०.११
२२१०० सेवा महसुल	१६१८२	१६८३७	१२६६४	७५.२२
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	३४४१४	३४९२४	२८८८४	८२.७०
२२३०० कार्यालय सामान तथा सेवाहरू	२२२८५	२३७१५	१९९७९	८४.२५
२२४०० सेवा तथा परामर्श खर्च	६७९२१	६९१५६	५८११७	८४.०४
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१९२४२	१०७४२	१७३१	१६.११
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१६५९३	१६६१३	१३०५९	७८.६१
२२७०० विविध खर्च	८६४८	८६४८	७२९४	८४.३५
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१५६०८	१५७०८	१२०३४	७६.६१
जम्मा	**४९३१३२**	**४९२२७४**	**३७७७८३**	**७६.७४**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१४१०४७५२	१४४१५४५२	१००१२३५५	६९.४६
कुल जम्मा	**१४५९७८८४**	**१४९०७७२६**	**१०३९०१३८**	**६९.७०**

उल्लिखित विवरण अनुसार चालु खर्च ७६.७४ प्रतिशत, पुँजीगत खर्च ६९.४६ प्रतिशत र समग्रमा ६९.७० प्रतिशत खर्च भएको छ।

३. **एकीकृत वित्तीय विवरण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३१ मा लेखा उत्तरदायी अधिकृतले माहतहतका कार्यालय समेतको सम्पूर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आफ्नो र मातहतका निकाय समेतको एकीकृत वित्तीय विवरण तयार गरेको देखिएन। ऐनमा तोकिए बमोजिम एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **नीति तथा कार्यक्रम कार्यान्वयन -** प्रदेश सरकारको २०८१।८२ को नीति तथा कार्यक्रममा उल्लेख भएका मन्त्रालयसँग सम्बन्धित २५ नीति तथा कार्यक्रममध्ये आयोजना जीवन चक्रको अवधारणामा आयोजनाको पूर्व तयारी, निर्माण चरण र निर्माण पश्चात् व्यावसायिक योजना सहित दिगो सञ्चालन र व्यवस्थापनको लागि नीति परिमार्जन, प्रदेश गौरव तथा वहुवर्षीय आयोजनाको समीक्षा तथा पुर्नमूल्याङ्कन, नयाँ प्रविधिमा आधारित एकीकृत नदी नियन्त्रण तथा व्यवस्थापन मार्फत सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति र खेतीयोग्य जमीनको संरक्षण, सडक दुर्घटना न्यूनीकरणका लागि आवश्यक नीति तथा सडक सुरक्षा योजना तर्जुमा गरी उपयुक्त प्रविधिको प्रयोगलाई कार्यान्वयन, सवारी साधन र चालक अनुमतिपत्र सम्बन्धी अभिलेखको डिजिटाइजेसन (अभिलेखीकरण) र प्रदेश सार्वजनिक यातायातको भाडादर स्वचालित प्रणाली बमोजिम समायोजन गर्ने लगायतका कार्यक्रमहरू बजेट व्यवस्था नभएर कार्यान्वयन भएको पाइएन। नीति तथा कार्यक्रममा परेका विषयहरू बजेटमा समावेश गरी कार्यान्वयन हुनुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन** - प्रदेश सरकारको बजेट वक्तव्यमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित कार्यक्रममध्ये सडक दुर्घटना न्यूनीकरणका लागि आवश्यक नीति तथा सडक सुरक्षा योजना तर्जुमा गरी उपयुक्त प्रविधिको प्रयोगलाई कार्यान्वयन, प्रदेश गौरवका आयोजना र बहुवर्षीय आयोजनाको आवश्यकता र औचित्यको आधारमा असर र प्रभावको विश्लेषण गरी सान्दर्भिकता परीक्षण, प्रदेश सरकारले सार्वजनिक निजी साझेदारी मार्फत जलविद्युत निर्माणलाई सुरुवात, जलउत्पन्न प्रकोप व्यवस्थापनको उपयुक्त प्रविधिको प्रयोग गरिने, सङ्घ तथा स्थानीय तहसँगको सहकार्यमा प्रादेशिक खानेपानी तथा सरसफाइ गुरुयोजना तयार गरी कार्यान्वयन, स्थानीय तहसँगको साझेदारीमा स्मार्ट शौचालयमा निर्माण र यातायात व्यवस्थालाई सूचना प्रविधिमैत्री बनाइ चालक अनुमतिपत्र, सवारी साधन दर्ता र नवीकरण सेवा अनलाइन प्रणालीबाट सञ्चालन गर्ने लगायतका विषयहरू कार्यान्वयन भएको देखिएन। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमहरू कार्यान्वयन हुनुपर्दछ।

६. **कार्यसम्पादन करार** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २१(५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा निर्देशनालय प्रमुख वा जिम्मेवार व्यक्तिले प्रदेश सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुख वा निर्देशनालय प्रमुखसँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नुपर्ने व्यवस्था छ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्य सम्पादन मूल्याङ्कनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भएपनि मन्त्रालयले सो व्यवस्थाको कार्यान्वयन गरेको देखिएन।

७. **वित्तीय जिम्मेवारी तथा जवाफदेहिता** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, लेखा तयार गर्ने जिम्मेवारी, जवाफदेही हुनुपर्ने लगायतका बेहोरा उल्लेख छन्। यो वर्ष मन्त्रालय तथा मातहतका कार्यालयलाई कूल रु.१४ अर्ब ९० करोड ७७ लाख २६ हजार बजेट विनियोजन भएकोमा रु.१० अर्ब ३९ करोड १ लाख ३८ हजार खर्च भएको छ। मातहतका निकायबाट पूर्णरुपले वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा चालु खर्च ७६.७४ प्रतिशत र पुँजीगत खर्च ६९.६४ प्रतिशत र समग्रमा वित्तीय प्रगति ६९.७० प्रतिशत भएकाले वित्तीय जिम्मेवारी र जवाफदेहिताको पूर्ण पालना भएको देखिँदैन। खर्च गर्नसक्ने क्षमता अभिवृद्धि गर्दै कार्यान्वयनयोग्य कार्यक्रममा बजेट विनियोजन गरी वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्दछ।

८. **मध्यमकालीन खर्च संरचना** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ८ मा योजना आयोगले आर्थिक मामिला मन्त्रालयको समन्वयमा आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने प्रयोजनको लागि बजेट सीमा तर्जुमा गरी सम्बन्धित मन्त्रालय तथा निकायमा पठाउनुपर्ने र दफा ९ मा सीमाको अधीनमा रही बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रदेश नीति तथा योजना आयोगबाट मन्त्रालयलाई चालु खर्च रु.६० करोड एवं पुँजीगत खर्च रु.१२ अर्ब २० करोड ३४ लाख २८ हजार सीमा प्राप्त भएकोमा चालुतर्फ रु.३७ करोड ७७ लाख ८३ हजार एवं पुँजीगत तर्फ रु.१० अर्ब १ करोड २३ लाख ५५ हजार गरी रु.१० अर्ब ३९ करोड १ लाख ३८ हजार बजेट विनियोजन भएको छ। नीति आयोगले निर्धारण गरेको बजेट सीमा भन्दा रु.२ अर्ब ४१ करोड ३२ लाख ९० हजार घटी बजेट विनियोजन गरेकोले बजेट अनुमान तथ्यमा आधारित भएको देखिएन। मध्यमकालीन खर्च संरचनासँग तादाम्यता हुने गरी बजेट तर्जुमा गर्नुपर्दछ।

९. **आयोजना बैङ्क** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १९(१) मा प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्ने, योजना आयोगमा प्रदेशस्तरको आयोजना बैङ्क रहने र उक्त बैङ्कमा योजना आयोगले तोकेको मापदण्डको आधारमा मन्त्रालयले आयोजना प्रविष्ट गराउनुपर्ने व्यवस्था छ। प्रदेश सरकारको नीति तथा कार्यक्रममा प्रदेश गौरवका आयोजना छनोटको मापदण्ड तर्जुमा गर्ने उल्लेख भएतापनि मन्त्रालयबाट आयोजना वर्गीकरण तथा आयोजना बैङ्कको अवधारणालाई कार्यान्वयनमा ल्याएको देखिएन। ऐनले तोकेको विषय कार्यान्वयन गर्नुपर्दछ।

१०. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शनहरू उपलब्ध तोकी राष्ट्रिय लक्ष्य गन्तव्य र सूचकलाई सम्बोधन हुने गरी प्रादेशिक लक्ष्य, गन्तव्य र सूचकहरू तोकी सोही अनुसार संस्थागत प्रबन्ध, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली कार्यान्वयन गर्ने उल्लेख छ। यो वर्ष दिगो विकास लक्ष्य प्राप्तिका लागि गरिएको विनियोजनका आधारमा हेर्दा आर्थिक वर्षको अन्त्यसम्ममा भएको खर्चको विवरणअनुसार सुरु विनियोजनको ७१.१८ प्रतिशत दिगो विकासका लक्ष्य सङ्केत नगरी बजेट सूचना प्रणालीमा प्रविष्टि भएको देखिन्छ। प्राप्त विवरणमा समावेशी आर्थिक वृद्धि तथा मर्यादित कामतर्फ सबैभन्दा बढी २७.४९ प्रतिशत विनियोजन भएको देखिन्छ भने उद्योग, नवीन खोज र पूर्वाधार तर्फ सबैभन्दा कम ०.६७ प्रतिशत विनियोजन भएको देखिन्छ। यसैगरी स्वस्थ जीवनतर्फ सबैभन्दा बढी ८७.४२ प्रतिशत खर्च भएको देखिन्छ भने शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाजतर्फ सबैभन्दा कम २५.१७ प्रतिशत खर्च भएको देखिन्छ। दिगो विकास लक्ष्य पूरा हुने गरी कार्य गर्नुपर्दछ।

११. **योजना कार्यान्वयन** - सुदूरपश्चिम प्रदेश सरकार योजना तर्जुमा दिग्दर्शन, २०७८ मा आयोजनाहरूलाई प्राथमिकिकरण गरी मन्त्रालयको आवश्यकता र उपलब्ध स्रोतको आधारमा आयोजना बैङ्कमा समावेश गरी त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र बजेट तयार गरी प्राथमिकता प्राप्त योजनाहरू मात्र प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि गरी आर्थिक मामिला मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयको लागि विनियोजन भएको बजेटमध्ये सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालनमा रु.४ लाख ८२ हजार, विद्युत संरचना निर्माणमा रु.८ लाख ४८ हजार र अन्य सार्वजनिक निर्माणमा रु.५ करोड ७५ लाख तथा पूर्वाधार विकास कार्यालय, कञ्चनपुरले विनियोजन भएको ७ योजनाको रु.१२ करोड ३३ लाख, कैलालीले १८ योजनाको रु.८ करोड १५ लाख, बैतडीले ३ योजनाको रु.४२ लाख र बझाङले ४ योजनाको रु.३ करोड समेत रु.२९ करोड ७३ लाख ४८ हजारका योजना कार्यान्वयन गर्न सकेको देखिएन।

१२. **साना योजना** - आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० मा प्रदेश सरकारले कार्यान्वयन गर्ने आयोजनाको लागत र कार्य प्रकृतिको सीमा तोकिएको छ। जस अनुसार तीन करोड रुपैँयासम्मका आयोजना गाउँपालिकाबाट कार्यान्वयन हुने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहत कार्यालयमा ३ हजार २८० योजना सङ्ख्या रहेकोमा रु.५ लाखका ३८८, रु.६ लाखका ९८ र रु.१० लाखका ७४५ योजना सञ्चालनमा रहेका छन। साना योजनामा बजेट विनियोजन गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१३. **आवधिक योजना -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ३४ र ३५ मा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। प्रथम पञ्चवर्षीय योजना (२०७८।७९-२०८२।८३) मा समावेश भएका मन्त्रालयसँग सम्बन्धित बेहोरा कार्यान्वयन गर्न मन्त्रालयले यो वर्ष समेत सम्पादन गर्नुपर्ने यातायात पूर्वाधार क्षेत्रमा सडक पुल निर्माण विशेष कार्यक्रम समेत २० कार्यक्रमका लागि ६० अर्ब, विमानस्थलहरूको स्तरोन्नति र सुदृढीकरण लगायत ६ कार्यक्रममा रु.१ अर्ब, जलमार्गमा रु.५० करोड, झोलुङ्गे पुल/रज्जुमार्ग र केबलकारको रु.५ अर्ब ५० करोड तथा जलविद्युतमा रु.१ खर्ब खर्च हुने अनुमान गरेकोमा न्यून बजेट विनियोजन भएको देखिन्छ। मन्त्रालयले योजनामा समावेश भएका बेहोराहरू कार्यान्वयन गर्नुपर्दछ।

१४. **भौतिक प्रगति** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ११४ मा प्रदेशको आवधिक योजनाको आफ्नो मन्त्रालयसँग सम्बन्धित विषय कार्यान्वयन गराउने र आफ्नो मन्त्रालय र अन्तर्गतको निकायको बजेट कार्यान्वयन सम्बन्धमा भए गरेका काम कारबाहीको मूल्याङ्कन तथा समिक्षा गर्ने गराउने लगायतका जिम्मेवारी विभागीय मन्त्रीलाई रहेको उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार मन्त्रालयको मध्यमकालीन खर्च संरचनाको लक्ष्य र प्रगति स्थिति देहाय अनुसार रहेको छ।

सूचक	एकाई	२०८०।८१ को उपलब्धि	२०८१।८२ को लक्ष्य	२०८१।८२ को प्रगति	२०८१।८२ को प्रगति प्रतिशत
कालोपत्रे सडक	कि.मि.	२१८	२४५	१०६.२	४३.३५
खण्डास्मित सडक	कि.मि.	२८८	३२०	१०२.८	३२.१३
माटे सडक	कि.मि.	९२	१०२	१४७.१	१४४.२२
सडक पुल निर्माण	सङ्ख्या	१०	११	६	५४.५५
झोलुङ्गे पुल निर्माण	सङ्ख्या	१४	१६	०	०
जनता आवास योजना निजी आवास	सङ्ख्या	४६०	५००	११०	२२

उल्लिखित विवरणअनुसार माटे सडक निर्माणमा लक्ष्यको तुलनामा ४४.२२ प्रतिशत बढी प्रगति देखिएपनि कालोपत्रे सडक निर्माणमा ४३.३५ प्रतिशत, खण्डास्मित सडक निर्माणमा ३२.१३ प्रतिशत तथा जनता आवास योजनाको निजी आवास निर्माणमा २२ प्रतिशत मात्र प्रगति छ र झोलुङ्गे पुल निर्माणमा न्यून प्रगति भएको देखिन्छ। लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ।

१५. **बहुवर्षीय आयोजना** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व ऐन, २०७९ को दफा १२ मा आगामी वर्षहरूको लागि मन्त्रालयको पूर्व सहमतिमा बहुवर्षीय दायित्व सिर्जना हुने व्यवस्था छ। यो वर्ष थप ५७ योजनाको लागि रु.१ अर्ब ३४ करोड ८८ लाख समेत यो वर्षसम्म १४७ बहुवर्षीय आयोजनाको लागि रु.१० अर्ब ७५ करोड ३२ लाखको स्रोत सुनिश्चितता प्रदान गरेको छ। बजेट अभाव लगायतका कारणबाट रु.१९ अर्ब ९९ करोड ८४ लाखको बिनायक लयाटी पुलेतोला, रामारोशन सडक समेत ९ आयोजनाको म्याद २०८४ आषाढ मसान्तसम्म म्याद थप गरी कार्यसञ्चालन गरेको देखियो। मन्त्रालयको बहुवर्षीय आयोजनाको प्रगति विवरण तयार भएको देखिएन। पटकपटक म्याद थप गर्ने कार्यमा नियन्त्रण गरी तोकिएको अवधिमा आयोजना सम्पन्न गर्नुपर्दछ।

१६. **दायित्व तथा प्रतिवद्धता -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १२ मा प्रचलित कानुन बमोजिम सृजित दायित्वको अभिलेख राख्नुपर्ने तथा आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृत विना बहुवर्षीय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिवद्धता जनाउनु नहुने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार मन्त्रालय अन्तर्गत १ हजार ४५७ ठेक्का रु.३४ अर्ब ४९ करोड ६० लाख ५९ हजारको सम्झौता भएकोमा यो वर्षको अन्त्यसम्म रु.१५ अर्ब ३७ करोड २० लाख ८८ हजार दायित्व सिर्जना भएको देखिन्छ। उक्त दायित्व यो वर्षको प्रदेश सरकारको कुल खर्च रु.२२ अर्ब २० करोड २५ लाख ५४ हजारको ६९.२३ प्रतिशत हुन जान्छ। उपलब्ध स्रोतको तुलनामा प्रतिवद्धता रकम वृद्धि हुँदै गएकोले प्रदेश सरकारलाई उपलब्ध स्रोतका आधारमा बहुवर्षीय दायित्व सिर्जना गर्नुपर्दछ।

१७. **प्रदेश गौरवका आयोजना** - मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रदेश गौरवको आयोजनाको वित्तीय प्रगतिको अवस्था निम्नानुसार रहेको छः

(रु.हजारमा)

क्र.सं.	नाम	सम्झौता रकम	२०८१।८२ को बजेट	२०८१।८२ को खर्च	हाल सम्मको खर्च	हालसम्मको वित्तीय प्रगति (प्रतिशत)
१	चिसापानी जंगलघाट तुर्माखाँद कमलबजार गैरीटाड दर्ना जयगढ मेल्लेख बडिमालिका सडक	११७४३००	१८००००	१८००००	६१५७००	५२.४३
२	सिगाटा काडा जयबागेश्वरी गैराखाद दोगडी आटिचौर मार्तडी सडक	६१७६००	१७५०००	१६५६००	४९४८००	८०.१२
३	पातिहाल्ला तलकोट साइपाल हुम्ला सडक	२१३९००	५५०००	३२२७६	१६२९७६	७६.२०
४	भजनी छोटी भन्सार खिमडी ठुलीगाड सडक आयोजना	७७४००	६०००	५११४	६५५१४	८४.६३
५	सतबाझ श्रीभावर हाट दार्चुला सडक	१०८४३००	३०००	२९९८	२३६१२३	२१.७८
६	बेलौरी कलुबापुर नायल बुडर सडक	१३३७००	६८००	६७९८	६०२९८	४५.१०
७	दैजी जोगबुढा सलौन चिकरकट्टे पोखरा ढुङ्गागाड सडक	१३५३८००	८००००	८००००	४०७६००	३०.११
८	खलंगा खार देथला परिबगड सडक	७०७३००	१६००००	१५९९९०	३९३३९०	५५.६२
९	सहजपुर बोगटान दिपायल सडक	११०५४००	६००००	५९९८९	४२४७८९	३८.४३
जम्मा		**६४६७७००**	**७२५८००**	**६९२७६५**	**२८६११९०**	**४४.२४**

उल्लिखित प्रदेश गौरवका ९ आयोजनाको निर्माणको लागि रु.६ अर्ब ४६ करोड ७७ लाखको सम्झौता भएकोमा यो वर्ष रु.६९ करोड २७ लाख ६५ हजार समेत हालसम्म रु.२ अर्ब ८६ करोड ११ लाख ९० हजार खर्च भई ४४.२४ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ भने भौतिक प्रगतिको मूल्याङ्कन गरेको छैन। प्रादेशिक गौरवका आयोजनाको यथार्थ भौतिक प्रगति मूल्याङ्कन गरी समय र लागत वृद्धि नहुने गरी निर्माण सम्पन्न गर्नुपर्दछ।

१८. **रकमान्तर -** सुदूरपश्चिम विनियोजन ऐन, २०८१ को दफा ३ मा तोकिएका निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै अनुदान सङ्ख्यामा बचत हुने र कुनैमा अपुग हुने देखिएमा जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्ख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्ख्यामा रकम सार्न सकिने व्यवस्था छ। यो वर्ष मन्त्रालय र

अन्तर्गतका निकायका लागि रु.१४ अर्ब ५९ करोड ७८ लाख ८४ हजार विनियोजन भएकोमा रु.३० करोड ९८ लाख ४२ हजार रकमान्तरबाट थप भएको छ। मन्त्रालयले रकमान्तरबाट बजेट थप गरेपनि सुरु बजेट अनुसार खर्च गर्न सकेको देखिएन।

१९. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। शहरी विकास तथा भवन निर्माण कार्यालय, कैलालीले २७ योजनामा रु.२ करोड ५१ लाख ४२ हजार, डोटीले २३ योजनामा रु.१ करोड ८४ लाख ८४ हजार, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय कैलालीले ३० योजनामा रु.२ करोड ६२ लाख ५१ हजार र दार्चुलाले ६ योजनाहरूमा रु.४४ लाख ९४ हजार, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, डडेल्धुराले ८ योजनामा रु.६७ लाख ९१ हजार, बैतडीले १२ योजनामा रु.१ करोड १ लाख २३ हजार र डोटीले ४ योजनामा रु.३० लाख ४४ हजार गरी २४ योजनामा रु.१ करोड ९९ लाख ५८ हजार तथा पूर्वाधार विकास कार्यालय, डडेल्धुराले रु.३ करोड ५१ लाख ७२ हजार गरी जम्मा रु.१२ करोड ९५ लाख १ हजारको निर्माण सोझै खरिद गरेको छ। प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद गर्नुपर्दछ।

२०. **बेरुजुको लगत** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३९ मा प्रदेशका मन्त्रालय तथा निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको केन्द्रीय लगत राखु पर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष मतहतका कार्यालय समेतको बेरुजुको लगत राखेको देखिएन। ऐनमा तोकिए अनुसार लगत राखी सोको फर्स्यौंटको अनुगमन गर्नुपर्दछ।

पूर्वाधार विकास कार्यालयहरू

२१. **अधुरा योजना** - सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५२ मा खरिद सम्झौता र सोका शर्तहरू सम्बन्धी व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, बझाङले २०७३।७४ देखि २०८१।८२ मा सम्पन्न गर्नुपर्ने १३ योजनामा रु.२१ करोड २७ लाख ६७ हजार र बैतडीले २०८१।८२ मा सम्झौता गरी सम्पन्न गर्नुपर्ने ७ योजनामा रु.१ करोड ६२ लाख ७८ हजार गरी २० आयोजनामा रु.२२ करोड ९० लाख ४५ हजार खर्च गरेकोमा सम्झौता अवधि समाप्त भई निर्माण सम्पन्न हुन नसकि अधुरो अवस्थामा रहेको छन्। सम्झौता बमोजिम कार्य सम्पन्न गर्नुपर्दछ।

२२. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा रनिङ बिल वा अन्य विजकको भुक्तानी गर्दा नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, अछामले एक निर्माण व्यवसायीलाई पहिलो रनिङ बिलबाट भुक्तानी भैसकेको बिमाको रकम पून दोस्रो बिलबाट भुक्तानी गरेको रु.२७ लाख १२ हजार र पूर्वाधार विकास कार्यालय, डडेल्धुराले तीन ठेक्काबाट निर्माण व्यवसायीलाई बढी भुक्तानी दिएको रु.४८ लाख १३ हजार समेत बढी भुक्तानी गरेको रु.७५ लाख २५ हजार असुल गर्नुपर्दछ।

२३. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमयावली, २०६४ को नियम ११९ तथा खरिद सम्झौताको शर्त अनुसार मूल्य समायोजन भुक्तानी गर्न सकिने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, कैलालीले एक निर्माण व्यवसायीलाई रु.२३ लाख ७९ हजार र बैतडीले एक निर्माण व्यवसायीलाई रु.१५

लाख १७ हजार समेत रु.३८ लाख ९६ हजार मूल्य समायोजन भुक्तानी गर्दा फरक इन्डेक्स राखी बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

२४. **डिजाइन एण्ड बिल्ड सम्झौतामा मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्राक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्न नमिल्ने उल्लेख छ। ठेक्काको बोलपत्र कागजातअनुसार निर्माणमा आइपर्ने जोखिम निर्माण व्यवसायीले वेहोर्नुपर्ने भएकोले मूल्य समायोजन जोखिम सार्वजनिक निकायले लिन मिल्ने देखिदैन। सार्वजनिक लेखा समितिले डिजाइन एण्ड बिल्ड प्रक्रियावाट हुने निर्माण कार्यको भेरिएसन र मूल्य समायोजनलाई व्यवस्थित गर्न थप कानुनी व्यवस्था गर्न २०७६।११।८ मा निर्देशन दिएको छ। सड़क विभाग, पुल महाशाखा तथा योजना कार्यालयले लमसम प्रकृतिका पुल निर्माण कार्यमा डिजाइन एण्ड बिल्ड सम्झौता गर्दा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखेका कारण पूर्वाधार विकास कार्यालय डडेल्धुरा र कैलालीले २ खरिद सम्झौतामा रु.९९ लाख ४५ हजार मूल्य समायोजन भुक्तानी गरेका छन्। डिजाइन एण्ड बिल्ड लमसम प्रकृतिको ठेक्का भएकोले ऐनको व्यवस्थाअनुसार मूल्य समायोजन भुक्तानी दिन मिल्ने देखिदैन। मन्त्रिपरिषदबाट २०७८। ११।१६ मा स्वीकृत डिजाइन एण्ड बिल्ड कार्यको प्राविधिक नर्म्समा मूल्य समायोजन दिन सकिने व्यवस्था गरेको छ। मूल्य समायोजन सम्बन्धी व्यवस्था ऐनमा समावेश भएकोमा डिजाइन एण्ड बिल्ड प्रक्रियावाट निर्माण कार्य गराउने सम्बन्धमा समेत सार्वजनिक खरिद ऐनमा उल्लेख हुनुपर्नेमा मन्त्रिपरिषदबाट निर्णय भएको तथा सार्वजनिक खरिद अनुगमन कार्यालयले यस सम्बन्धी बोलपत्र कागजात तयार नगरेकोले मूल्य समायोजन, भेरिएसन लगायतका पक्षमा विविधता देखिएको छ। यस विधिबाट गरिने खरिद कार्यलाई खरिद ऐनमा व्यवस्थित गर्नुपर्दछ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरू

२५. **सम्झौता कार्यान्वयन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा खरिद सम्झौता तथा सो का शर्तहरू सम्बन्धी व्यवस्था छ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, डडेल्धुराले विभिन्न साइजको जिआई पाईप र सिमलेस पाइपहरूको आपूर्ति गर्न एक आपूर्तिकर्तासँग २०८१।१०।१३ मा २०८१।१२।२१ भित्र आपूर्ति गर्ने गरी रु.१ करोड ७ लाख ५० हजारमा सम्झौता गरेकोमा रु.४४ लाख ९७ हजार मूल्यका २ हजार २६८ थान सिमलेस पाइप आपूर्ति गरेको देखिएन। सम्झौताको शर्त बमोजिम कारवाही गरी आपूर्ति गर्न लगाउनुपर्दछ।

२६. **जन श्रमदान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा जनसहभागिताको अंश कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, कैलालीले १५ योजना उपभोक्ता समितिबाट रु.१ करोड २१ लाख ३५ हजारको कार्य गराई भुक्तानी गर्दा सम्झौता अनुसार उपभोक्ताको अंश रु.१३ लाख ९८ हजार कट्टी नगरी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ।

२७. **डन्डीको खपत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल बिजकको भुक्तानी गर्दा वास्तविक कार्यसम्पादनको आधारमा र पूरा गरिएको कार्यको परिमाणको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, कैलालीले ३ योजनामा फलामे

डण्डी प्रयोगको नापी किताब अनुसार निर्माण स्थलमा प्रयोग भएको परिमाण १ लाख ३३ हजार ९ सय २९ के.जी. भन्दा बढी १३ हजार ७० के.जी. डण्डी खपत देखाई रु.१९ लाख २० हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

सहरी विकास तथा भवन कार्यालयहरू

२८. **निर्माण स्थल** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ। शहरी विकास तथा भवन कार्यालय, कैलालीले नगर उद्यम मोहन्याल चौरीमा आरसीसी पर्खाल निर्माण र पञ्चपुरी कृषि सहकारी संस्थाको भवन निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग रु.६१ लाख ३२ हजारमा सम्झौता गरी रु.१६ लाख ९५ हजार भुक्तानी भए पश्चात् निर्माण स्थलको विवादले ठेक्का अन्त्य गरेको देखिन्छ। निर्माण स्थलको व्यवस्था गरी खरिद कार्य गर्नुपर्दछ।

२९. **योजना माग** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १० मा आर्थिक मामिला मन्त्रालयले बजेट छलफल, प्रस्तावित बजेट तथा कार्यक्रमको मूल्याङ्कनको आधारमा आगामी वर्षको बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। शहरी विकास तथा भवन कार्यालय, बैतडीका लागि यो वर्ष ४८ योजनामा रु.१४ करोड २४ लाख ३५ हजार बजेट विनियोजन भएकोमा उक्त योजनाहरू कार्यालयको प्रस्ताव अनुसार छनोट नभएकोले मागमा आधारित देखिएन। योजनामा रकम विनियोजन गर्दा मागमा आधारित हुनुपर्दछ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू

३०. **दर विश्लेषण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धि कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, दार्चुलाले सिँचाइ विभागबाट स्वीकृत भएको दर विश्लेषण नर्म्स-२०८१ को सि.नं. ५.३.४ को ४(ए) मा १ घन मिटर बालुवा सङ्कलन र ढुवानी १३ किलोमिटरका लागि ४० कार्य दिन (अदक्ष श्रमिक), ४(बी) मा १ घन मिटर ढुङ्गा सङ्कलन र ढुवानी १३ किलोमिटरका लागि ६० कार्य दिन (अदक्ष श्रमिक) र ४(सी) मा १ घन मिटर सबै साइजको गिट्टी सङ्कलन र ढुवानी १३ किलोमिटरका लागि ८० कार्य दिन (अदक्ष श्रमिक) राखी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। सोही नर्म्सको ४.१,४.२ र ४.३ मा उल्लेख भएको सङ्कलन खर्च र नर्म्स नं. ५.३.१ मा उल्लेख भएको नर्म्स प्रयोग गरी दर विश्लेषण गरेको कारण उपभोक्ता समितिबाट ९४ योजनामा रु.२ करोड ३२ लाख ६६ हजार बढी लागत अनुमान तयार भई कार्यान्वयन गरेको छ। न्यून दरलाई आधार मानी दर विश्लेषण गर्नुपर्दछ।

३१. **पालिका केन्द्रित योजना** - सुदूरपश्चिम प्रदेशको २०८१।८२ को बजेट तर्जुमा गर्दा दीगो न्यायपूर्ण सन्तुलित विकास मार्फत सुशासन र सामाजिक न्यायको सुदृढीकरण गर्ने उद्देश्य रहेको छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, दार्चुलाले कार्य क्षेत्रभित्र २९२ योजना सञ्चालनका लागि रु.४१ करोड ११ लाख बजेटबाट रु.३८ करोड २० लाख ४५ हजार खर्च गरेको छ। उक्त खर्च मध्ये शैल्यशिखर नगरपालिका भित्र १३८ योजना सञ्चालन गरी रु.२२ करोड ६७ लाख ४३ हजार

(५९ प्रतिशत) खर्च गरेको छ। प्रदेश सरकारले सन्तुलित रूपमा मागमा आधारमा बजेट विनियोजन गर्नुपर्दछ।

३२. **योजना कार्यान्वयन -** सङ्घ प्रदेश र स्थानीय तहको जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजना बाँडफाट तथा वर्गीकरण मापदण्ड, २०७६ मा पहाडी क्षेत्रमा कम्तीमा ५० हेक्टरदेखि १०० हेक्टरसम्मको सिँचाइ सेवा पुर्याउने आयोजना प्रदेश तहबाट सञ्चालन हुने गरी कार्यक्षेत्र तोकिएको छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन, बैतडीबाट स्थानीयतहको कार्यक्षेत्रमा परेका ३८० योजनाहरू सञ्चालन गरी रु.२९ करोड २६ लाख ९१ हजार खर्च गरेको देखिन्छ। प्रदेश स्तरका सिँचाइ आयोजनाहरू मात्र प्रदेश सरकारले निर्माण गर्नुपर्दछ।

३३. **दिग्दर्शनको पालना** – प्रदेश सरकारको २०८१।८२ को बजेट कार्यान्वयन सम्बन्धी दिग्दर्शनको क (७) मा नदी नियन्त्रण, तटवन्ध, भू-संरक्षण, घेरवार तथा पर्खाल, सिँचाइ कुलो, खानेपानी, मठ मन्दिर, विद्यालय भवन लगायत सबै नयाँ सार्वजनिक निर्माणका जटिल प्रकृतिका कार्यहरू प्रचलित कानुन बमोजिम ठेक्का प्रक्रियामार्फत गराउनुपर्ने व्यवस्था छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कैलालीले रु.२८ करोड ८२ लाख २२ हजारका १४६ वटा र कञ्चनपुरले रु.८ करोड १६ लाख ६५ हजारको ५८ वटा सिँचाइ कुलो र तटबन्ध निर्माण सम्बन्धी योजनाहरू उपभोक्ता समिति मार्फत गरेको छ। बजेट दिग्दर्शन बमोजिम योजना कार्यान्वयन गर्नुपर्दछ।

३४. **योजना छनोट र कार्यान्वयन -** सुदूरपश्चिम प्रदेश आयोजना बैङ्क तर्जुमा दिग्दर्शन, २०८० मा सबै मापदण्ड पूरा गरेका आयोजनाहरूलाई बजेट सुनिश्चित गर्ने व्यवस्था छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, डोटीबाट प्राप्त विवरण अनुसार २०७९।८० मा पातल सिँचाइ योजना, बडिकेदार डोटी समेत ३३ योजनामा रु.४ करोड ९४ लाख ३५ हजार विनियोजन भई रु.४ करोड ७३ लाख ९२ हजार, २०८०।८१ मा रु.८ करोड २३ लाख ९४ हजार विनियोजन भएकोमा रु.७ करोड ६७ लाख २५ हजार र २०८१।८२ मा रू ५ करोड २३ लाख विनियोजन भई रु.४ करोड २ लाख २३ हजार खर्च भएको छ। उल्लिखित योजनामा तीन वर्षमा रु.१८ करोड ४१ लाख २९ हजार बजेट विनियोजन भई रु.१६ करोड ४३ लाख ४० हजार खर्च खर्च भएको छ। उपभोक्ता समितिबाट सञ्चालित उक्त योजनाहरूको विस्तृत अध्ययन प्रतिवेदन नभएकोले सिँचित कमाण्ड क्षेत्र, योजना सम्पन्न गर्न लाग्ने खर्च तथा समय खुलेको छैन। प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा समावेश भएका योजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - निष्क्रिय पेस्की प्रतिवेदनमा उल्लेख नगरेको, अधुरा ठेक्का, वहुवर्षीय आयोजनाको प्रभावकारी कार्यान्वयन हुन नसकेको, प्रादेशिक सडक गुरुयोजना तयार नगरेको, स्थानीय तहसँग समन्वयमा सडक सिँचाइ लगायतका बेहोरा औंल्याइएकोमा स्थितिको सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - सरकारी कार्यालयतर्फ यो वर्ष रु.२९ करोड ६७ लाख ३६ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.२ करोड १ लाख ५ हजार फस्यौंट भई रु.२७ करोड ६६ लाख ३१ हजार रकम बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची- ९** मा रहेको छ।

सामाजिक विकास मन्त्रालय

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन तथा नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा,
- शैक्षिक परामर्श सेवाको मापदण्ड, निर्धारण, अनुमति तथा नियमन,
- प्रदेशस्तरमा पुस्तकालय, सङ्ग्रहालय, अभिलेखालय सम्बन्धी नीति,
- प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम, छात्रवृत्ति, पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामग्री निर्माण, उत्पादन र वितरण,
- प्रदेशस्तरको मानव संशोधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,
- प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापन,
- माध्यमिक तहको परीक्षा व्यवस्थापन,
- प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,
- समाजकल्याण र सङ्घ संस्थासम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन,
- खेलकुद र खेलकुद पूर्वाधारको विकास र प्रवर्धन,
- खेलकुद प्रशासन र सङ्घ संस्थाको समन्वय र नियमन।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष मन्त्रालय र मातहत समेतका ४९ कार्यालयको निम्नानुसार रु.१६ अर्ब ११ करोड १८ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
४६६९६५१	१००८१५०६	२८००६५	१०८०६५८	**१६१११८८०**

उल्लिखित लेखापरीक्षणमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् मातहतका कार्यालयबाट भएको खर्च रु.२२ करोड ६९ लाख २२ हजार समावेश छैन।

२. **समिति र अन्य संस्था** - १२ कार्यालयको रु.५ अर्ब ३९ करोड ६३ लाख ५९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीको मन्त्रालयमा यो वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार बजेट तथा खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	७६८१४७	७७९०८२	५७९६३४	७४.४०
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	४१८९	४१८९	१४५१	३४.६४
२२१०० सेवा महसुल	६१३४८	७०७४८	६३८३३	९०.२३

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	९५०६३	९५९६३	८४६३६	८८.२०
२२३०० कार्यालय सामान तथा सेवा	८११४४	८१३९४	६९६७०	८५.६०
२२४०० सेवा तथा परामर्श खर्च	५४२१९०	५४१४९०	४८७२०५	८९.९७
२२५०० कार्यक्रम सम्बन्धी खर्च	२१६३८५१	२१२२४९६	१६०९९०२	७५.८५
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	३७१५२	३७१९५	२७३६०	७३.५६
२२७०० विविध खर्च	१४७४३	१४७४३	१३९१२	९४.३६
२५३०० अन्य सहायता	१२७३	१२७३	१२६५	९९.३७
२६४०० सामाजिक सेवा अनुदान	५७०९०	५४६९०	४९६०९	९०.७१
२७१०० सामाजिक सुरक्षा	३९३०५	९४००५	९२५७६	९८.४८
२७२०० सामाजिक सहायता	१८९०८९	१६५७८८	१३७४२६	८२.८९
२८१०० सम्पत्ति सम्बन्धी खर्च	२५८३७	२६७७७	२३६७४	८८.४१
जम्मा	**४०८०४२१**	**४०८९८३३**	**३२४२१५३**	**७९.२७**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	२९१३७३४	२३७०६२८	१६५४४१९	६९.७९
कुल खर्च	**६९९४१५५**	**६४६०४६१**	**४८९६५७३**	**७५.७९**

उल्लिखित विवरणअनुसार मन्त्रालयले चालुतर्फ ७९.२७ प्रतिशत, पुँजीगततर्फ ६९.७९ प्रतिशत र समग्रमा ७५.७९ प्रतिशत खर्च गरेको छ।

४. **एकीकृत वित्तीय विवरण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३१(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरण अनुसार खर्च रु.२ अर्ब ७९ करोड ३० लाख २६ हजार र राजस्व प्राप्ति रु.२ करोड ६२ लाख १६ हजार देखाएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणमा खर्च रु.४ अर्ब ८९ करोड ६५ लाख ७३ हजार र राजस्व प्राप्ति रु.१० अर्ब ८ करोड १५ लाख ६ हजार देखाएको छ। मन्त्रालयले खर्च र प्राप्ति रकम एकीन गरी प्रदेश लेखा नियन्त्रक कार्यालयसँग हिसाब भिडान गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य (सन २०१६-२०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्था, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन मार्गदर्शनहरू तयार गरेको छ। राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचकको प्रतिनिधित्व हुने गरी प्रादेशिक लक्ष्य, गन्तव्य र सूचकहरूका आधारमा संस्थागत प्रबन्ध, तथ्याङ्क व्यवस्था, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली कार्यान्वयन गरी प्रदेशस्तरमा दिगो विकास लक्ष्य तथा सूचकहरू स्थानीयकरण गरेको पाइएन। दिगो विकास लक्ष्य तथा सूचकको स्थानीयकरण गरी राष्ट्रिय दिगो विकास लक्ष्य पूरा गर्न सघाउ पुग्ने गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन** - प्रदेश सरकारको २०८१।८२ को बजेट वक्तव्यमा उल्लेख भएका प्रदेशभित्रका ज्येष्ठ नागरिकहरूको स्वास्थ्य समस्याहरूको उचित व्यवस्था गर्नका लागि स्थानीय तहसँगको समन्वय र सहकार्यमा विशेष कार्यक्रमहरू सञ्चालन नभएको, प्रादेशिक अस्पतालहरूमा जेरियाट्रिक इकाईहरूको स्तरोन्नति गरी सेवा सुदृढ हुन नसकेको, सेती, महाकाली र टीकापुर

अस्पतालहरूबाट एकल महिला, 'क' वर्गको अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूलाई निःशुल्क परीक्षण र औषधी व्यवस्था कार्यान्वयनमा आएको देखिएन। बजेटमा समावेश गरेका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

७. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५५ सम्ममा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयलाई कुल रु.६ अर्ब ४६ करोड ४ लाख ६१ हजार बजेट व्यवस्था गरी रु.४ अर्ब ८९ करोड ६५ लाख ७३ हजार अर्थात् ७५.७९ प्रतिशत खर्च भएको छ। कार्यान्वयनयोग्य योजना तथा कार्यक्रम स्वीकृत गरी जिम्मेवारीको पालना हुनुपर्दछ।

८. **रकमान्तर** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २२ मा रकमान्तर सम्बन्धी व्यवस्था छ। मन्त्रालय तथा मातहतका निकाय तथा कार्यालयहरूको सुरु बजेट रु.६ अर्ब ९९ करोड ४१ लाख ५५ हजारमध्ये बजेट तथा कार्यक्रममा रकमान्तरबाट रु.५३ करोड ३६ लाख ९४ हजार घटाई रु.६ अर्ब ४६ करोड ४ लाख ६१ हजार बजेट व्यवस्था गरी रु.४ अर्ब ८९ करोड ६५ लाख ७३ हजार खर्च भएको छ। मन्त्रालयले सुरु बजेटको ७.६३ प्रतिशत रकमान्तरबाट घटाई बजेट व्यवस्था गरेको देखिन्छ।

९. **सामाजिक विकासको अवस्था** - प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा उल्लिखित लक्ष्य, सूचक र प्रगति स्थितिको आधारमा यस प्रदेशको सामाजिक विकासको अवस्था निम्नानुसार रहेको छः

क्र.सं.	सूचक	योजनाको लक्ष्य	राष्ट्रिय स्थिति २०८१।८२	प्रदेशको स्थिति २०८१।८२
१	वार्षिक औसत आर्थिक वृद्धि दर (प्रतिशत)	१०.५	४.६१	३.३२
२	प्रति व्यक्ति राष्ट्रिय आय (अमेरिकी डलर)	१७१५	१५१७	११५३
३	निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (प्रतिशत)	११	२०.२७	३४.१०
४	बहुआयामिक गरिबिमा रहेको जनसङ्ख्या (प्रतिशत)	१३	१७.४	२५.३०
५	मानव विकास सूचकाङ्क	०.६२१	०.६२२	०.५४७
६	लैंगिक विकास सूचकाङ्क	०.९६३	०.८८५	०.९०३
७	विद्युतमा पहुँच प्राप्त परिवार (प्रतिशत)	९९	९९	८६.६
८	अपेक्षित आयु (जन्म हुँदाको) (वर्ष)	७२	७१.३	७१.१
९	साक्षरता दर	९०	७६.३	७६.२
१०	मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) (जना)	१३०	१५१	११०

***स्रोतः** सुदूरपश्चिम प्रदेशको प्रथम योजना, आर्थिक सर्वेक्षण २०८१।८२ र अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण २०८१।८२*

उल्लिखित लक्ष्य र प्राप्तिको अवस्थाबीच विश्लेषण गर्दा मानव विकास सूचकाङ्क ०.५४७ छ भने राष्ट्रिय मानव विकास सूचकाङ्क ०.६२२ रहेको छ। प्रदेशको मानव विकास सूचकाङ्क राष्ट्रिय स्तरको मानव विकास सूचकाङ्क भन्दा ०.०७५ घटी देखिन्छ। त्यसैगरी प्रदेशको निरपेक्ष गरिबी ३४.१० प्रतिशत रहेकोमा राष्ट्रिय स्थिति २०.२७ प्रतिशत रहेको छ। प्रदेशको निरपेक्ष गरिबी राष्ट्रियस्तर भन्दा १३.८३ प्रतिशत बढी रहेको छ। आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रमहरूसँग आवद्ध गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।

१०. **उपचार सहायता** - सुदूरपश्चिम प्रदेश स्वास्थ्य उपचार आर्थिक सुविधा सम्बन्धी कार्यविधि, २०८० को दफा ७, ८ मा कडा रोगको उपचार सुविधा तथा दफा ९ मा आपतकालीन खर्च सुविधा सम्बन्धी

व्यवस्था उल्लेख छ। मन्त्रालयले औषधी उपचारका लागि यो वर्ष ६६१ जनालाई रु.६ करोड २२ लाख ७८ हजार औषधी उपचार सहायता दिएको छ। दिएको उपचार सहायता लक्षित वर्गसम्म पुगेको विवरण सार्वजनिक गर्नुपर्दछ।

११. **नमुना विद्यालय** - जयपृथ्वी बहादुर सिंह शैक्षिक पूर्वाधार विकास तथा विद्यालय शिक्षा गुणस्तर सुधार कार्यक्रम, विद्यालय शिक्षामा पहुँच वृद्धि, गुणस्तर सुधार, शैक्षिक पूर्वाधार निर्माण र सिकाई सुधार अन्तर्गत प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा प्रदेश सभा निर्वाचन क्षेत्रमा मापदण्ड तयार गरी एक विद्यालय छनोट गरी नमुना विद्यालय सञ्चालन गर्ने वार्षिक कार्यक्रम तयार गरेकोमा ३२ नमूना विद्यालय छनोट गरी विद्यालय सुधारको गुरुयोजना तयार गरेको छ। स्थानीय तहले एक नमुना विद्यालय कार्यक्रम सञ्चालन गरेकोले अन्य निकायबाट सोही कार्यक्रम गर्नु उचित देखिएन। कार्यक्रममा तीन तहका सरकारबीच समन्वय हुनुपर्दछ।

११.१. सामाजिक विकास कार्यालय डडेल्धुराले १६ विद्यालयहरूलाई ७९ लाख ८२ हजार, कैलालीले ७ विद्यालयहरूलाई रु.३६ लाख ५३ हजार र कञ्चनपुरले ६ विद्यालयहरूलाई रु.३० लाख ६८ हजार विद्यालय सुधार योजना अन्तर्गत सूचनामा खर्च लेखेको छ। सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला व्यवस्थापनको लागि स्थानीय तहले कार्यक्रम सञ्चालन गर्दा दोहोरो हुने अवस्था छ। प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१२. **छात्रवृत्ति** - एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६ को बुँदा नं. १२ मा चिकित्सा शिक्षा आयोगबाट एमबीबीएस प्रवेश परीक्षा उत्तीर्ण गरी नेपाल सरकार वा निकायबाट एमबीबीएस अध्ययन छात्रवृत्ति दायरा बाहिरको ९ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था छ। मन्त्रालयले विगत तीन वर्षसम्म ९ जनाका दरले २७, २०८०।८१ मा ८ र यो वर्ष थप ९ समेत ४४ जनालाई हालसम्म रु.१४ करोड ६७ लाख ४९ हजार छात्रवृत्ति वितरण गरेको छ।

छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्दा दलित, आदिवासी जनजाति, सीमान्तकृत, लोपोन्मुख समुदायका, पिछडिएको क्षेत्रका विद्यार्थीहरू प्राथमिकता हुनुपर्नेमा यस वर्षमा ३ जना महिला र १ जना राना थारु समुदाय सहित ९ छनोट भएकोले पहुँच र प्रतिनिधित्व सुनिश्चित भएको पाइएन। लक्षित तथा संवेदनशील समुदायका विद्यार्थीको लागि समेत कार्यक्रमको पुनरावलोकन गरी नेपाल सरकारसँग समन्वय गरी दोहोरो नपर्ने गरी भुक्तानी गर्नुपर्दछ।

१३. **बेरुजुको लगत** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३९ मा प्रदेशका मन्त्रालय तथा निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको केन्द्रीय लगत राख्नु पर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष मतहतका कार्यालय समेतको बेरुजुको लगत राखेको देखिएन। ऐनमा तोकिए अनुसार लगत राखी सोको फर्स्यौंटको अनुगमन गर्नुपर्दछ।

सामाजिक विकास कार्यालयहरू

१४. **अनुदान वितरण** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ३९ बमोजिम कुनै सङ्घ वा संस्थालाई आर्थिक सहायता तथा अनुदान दिँदा अनुदान लक्ष्य अनुसार परिचालन गरेको अनुगमन गर्नुपर्ने व्यवस्था छ। सामाजिक विकास कार्यालय बैतडीले ७५ महिला, अपाङ्गता भएका ३०, दलित समुदायका २५ र द्वन्द्व प्रभावित २० समेत १५० जनालाई

रु.३० लाख र कैलालीले १७७ जनालाई रु.३५ लाख ४० हजार स्वरोजगार तथा सीपमूलक अनुदान वितरण गरेको देखिन्छ। कार्यक्रमको लक्ष्य तथा नतिजाको सुनिश्चित हुने गरी अभिलेख एवं अनुगमन गर्नुपर्दछ।

समिति तथा अन्य संस्था

१५. **वित्तीय स्थिति** - प्रदेश मातहत सञ्चालनमा रहेका अस्पतालको आय-व्ययको स्थिति देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

अस्पतालको नाम	गत वर्षको जिम्मेवारी	यस वर्षको आय	जम्मा आय	यस वर्षको खर्च	यस वर्षको बचत	बाँकी
सेती प्रादेशिक अस्पताल, धनगढी	६६६१९	९४०४२०	१००७०३९	९४२४६१	-२०४१	६४५७८
टीकापुर अस्पताल, कैलाली	१५४६८	४२५४२४	४४०८९२	४२८८६९	-३४४५	१२०२३
महाकाली अस्पताल, कञ्चनपुर	१७५७६	४३१३३३	४४८९०९	४२८६९९	२६३४	२०२१०
जिल्ला अस्पताल, डोटी	६०६०	१२८८३२	१३४८९२	१२६३२९	२५०३	८५६३
जिल्ला अस्पताल, बैतडी	१६९०	१४६४००	१४८०९०	१३८८५७	७५४३	९२३३
जिल्ला अस्पताल, बाजुरा	७२१९	१२२१६३	१२९३८१	१२५७५२	-३५८९	३६३०
जिल्ला अस्पताल, दार्चुला	३५०३	१११४८२	११४९८६	११३६४९	-२१६७	१३३६
जिल्ला अस्पताल, अछाम	२७१२	१०७४०८	११०१२०	१०६२०९	११९९	३९११
जिल्ला अस्पताल, बझाङ	४०९२	१४८१२२	१५२२१४	१४९२८३	-११६१	२९३१
जम्मा	**१२४९३९**	**२५६१५८४**	**२६८६५२३**	**२५६०१०८**	**१४७६**	**१२६४१५**

१६. **विद्युत लोड क्षमता** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ३८ (११) मा सरकारी रकम खर्च गर्दा वा आर्थिक कारोबार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना, हानिनोक्सानी वा लापरबाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रबन्ध मिलाउनुपर्ने व्यवस्था छ। सेती प्रादेशिक अस्पताल, धनगढीले एक मेडिकल प्रणालीद्वारा उत्पादित रु.४५ लाख २० हजारको १.५ टि एमआरआई मेसिनमा विद्युत आपूर्तिको जेनेरेटर प्यानल जल्न गई एमआरआईको म्यागनेटले कार्य नगरेको स्थिति छ। त्यसैगरी, गैह्र आवासीय नेपाली सङ्घले रु.३ करोड ३३ लाख ६७ हजारको अक्सिजन उत्पादन मेसिन उपलब्ध गराएकोमा विद्युत आपूर्तिको पर्याप्त भोल्टेज नहुँदा उपयोगमा आएको छैन। मेसिन उपयोग नहुँदा रु.१ करोड ३ लाख ३१ हजारको अक्सिजन खरिद गर्नुपरेको छ। उच्च भोल्टेजको विद्युत लाईन जडान गरी उपयोगको उचित प्रवन्ध गर्नुपर्दछ।

१७. **निर्माण तथा मर्मत** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। सेती प्रादेशिक अस्पतालले अस्पताल भवन तथा परिसर मर्मत सुधार कार्यलाई ७ टुक्रा पारी रु.६२ लाख ३३ हजार तथा जिल्ला अस्पताल दार्चुलाले रु.१ करोड ८९ लाख ४६ हजारको औषधीजन्य सामग्रीहरू सोझै खरिद विधि मार्फत खरिद गरेको छ। प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गर्नुपर्दछ।

सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान

सुदूरपश्चिम प्रदेशभित्रका सम्पूर्ण भाषा, साहित्य, कला तथा संस्कृतिलाई संरक्षण, संवर्द्धन र विकास गर्न भाषा, साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्रको अनुसन्धान एवं मौलिक सृजनाका माध्यमद्वारा समाज उपयोगी कृतिहरू तयार गर्न, गराउन र यस क्षेत्रका "प्रतिभाहरूको सम्मान र कदर" को लागि सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ अन्तर्गत यस प्रतिष्ठानको स्थापना भएको हो।

१८. **काम र अधिकार** - सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ (पहिलो संशोधन २०८१ समेत) को दफा ७ मा प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा २५ सदस्यीय एक सभा रहने व्यवस्था छ। प्रतिष्ठानको सभा गठन नभएकोले काम, कर्तव्य र अधिकारको प्रयोग हुने अवस्था देखिएन। यस वर्ष रु.१ करोड २८ लाख ६० खर्च गरेको छ। सभा गठन गरी वार्षिक कार्यक्रम गर्नुपर्दछ।

प्रदेश खेलकुद परिषद्

सुदूरपश्चिम प्रदेश खेलकुद ऐन, २०७६ को दफा ३ को उपदफा (१) बमोजिम प्रदेश सरकारलाई खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने, प्रदेश, अन्तर प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने, संस्कृति, खेलकुद भौतिक संरचना निर्माण, सञ्चालन, संरक्षण तथा रेखदेख गर्ने गरी यो परिषद्को स्थापना भएको हो।

१९. **खेल सामग्री** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रु.२० लाख भन्दा बढी लागत अनुमान भएका मालसामान राष्ट्रिय बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। परिषद्ले यो वर्ष ९ खेलकुद कार्यक्रम गरी रु.५ करोड २६ लाख ७२ हजारका खेल सामग्री र जर्सि सोझै खरिद विधि मार्फत खरिद गरेको छ। नियमावलीको व्यवस्था पालनागरी खेल सामग्री प्रतिस्पर्धात्मक विधिद्वारा खरिद गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित बेहोरामध्ये छात्रवृत्ति वितरणको अनुगमन नभएको लगायतका बेहोरा औंल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहतका निकायहरूको लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति देहाय अनुसार छन्:

➢ सरकारी कार्यालयतर्फ ३७ निकायमा रु.१७ करोड ६९ लाख ६१ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.२७ लाख ९८ हजार फर्स्यौंट भई रु.१७ करोड ४१ लाख ६३ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

➢ समिति तथा अन्य संस्थातर्फ १२ निकायमा रु.४ करोड ७४ लाख ८६ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.३१ हजार फर्स्यौंट भई रु.४ करोड ७४ लाख ५५ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा समावेश छ।

प्रदेश नीति तथा योजना आयोग

सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्:

- दीर्घकालीन नीति तथा योजना तर्जुमा,
- अनुगमन तथा मूल्याङ्कन,
- तहगत समन्वय,
- अध्ययन अनुसन्धान र अन्वेषण,
- प्रचलित कानुन बमोजिम तोकिएका अन्य कार्य।

१. **लेखापरीक्षण अङ्क-** यो वर्ष आयोगको रु.३ करोड २ लाख ४७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३०२४७	०	०	०	३०२४७

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीमा आयोगको यस वर्षको आर्थिक सङ्केत र वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	१०३९५	१०३९५	६३६१	६१.१९
२२१०० सेवा महसुल	१०४०	१०४०	७३९	७१.०६
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	३२७९	३२७९	१९६४	५९.९०
२२३०० कार्यालय सामान तथा सेवा	१६०३	१६०३	१२५७	७८.४१
२२४०० सेवा तथा परामर्श खर्च	४१३६	४१३६	३२०३	७७.४४
२२५०० कार्यक्रम सम्बन्धी खर्च	१८८४०	१८८४०	११५४०	६१.२५
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१८५९	१८५९	१३४३	७२.२४
२२७०० विविध खर्च	६५१	६५१	६३९	९८.१६
२८१०० सम्पत्ति सम्बन्धी खर्च	२३६०	२३६०	२०२०	८५.५९
जम्मा	**४४१६३**	**४४१६३**	**२९०६६**	**६५.८२**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति र खर्च	१९००	१९००	११८१	६२.१६
कुल खर्च	**४६०६३**	**४६०६३**	**३०२४७**	**६५.६७**

उल्लिखित विवरणअनुसार चालु खर्च ६५.८२ प्रतिशत, पुँजीगत खर्च ६२.१६ प्रतिशत र समग्रमा ६५.६७ प्रतिशत खर्च गरेको छ।

३. **आवधिक योजना** - प्रदेशले "आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम" भन्ने दीर्घकालीन सोचसहित प्रथम पञ्चवर्षीय योजना (२०७८।७९-२०८२।८३) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। योजनाले २०८१।८२ सम्म सूचकको लक्ष्य र प्राप्तिको अवस्था निम्नानुसार रहेको छः

लक्षित क्षेत्र	आधार वर्ष २०७७।७८ को स्थिति	२०८१।८२ सम्मको लक्ष्य	२०८१।८२ को स्थिति
आर्थिक वृद्धि दर (प्रतिशत)	३.६	११.३	३.३२
पुँजीगत बजेट प्रक्षेपण (प्रतिशत)	७५.२२	८२	५५.४०
कुल पुँजीगत खर्च (रु.करोड)	१६७६	२९२२	१२४७
निरपेक्ष गरिबी	२४.६	१४	३४.१०
मानव विकास सूचाङ्क	०.५४७	०.५९९	०.५४७
प्रमुख अन्नबाली धान, मकै, कोदो र फापर उत्पादन (मे.ट.)	१११६९१६	१६३५२७७	७६९३००
विद्युतको पहुँच प्राप्त परिवार (प्रतिशत)	६४.६९	९०	८६.६०

(स्रोतः प्रथम प्रदेश आवधिक योजना, सुदूरपश्चिम प्रदेश आर्थिक सर्वेक्षण, २०८१।८२।

प्रदेशले आवधिक योजनामा आर्थिक वृद्धि दर ११.३ प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा ३.३२ प्रतिशत रहेको, कुल पुँजीगत खर्च २९ करोड २२ लाख गर्ने लक्ष्य लिएकोमा १२ करोड ४७ लाख गरेको देखिन्छ। प्रदेशले निरपेक्ष गरिबी तथा मानव विकास सूचाङ्कको पनि लक्ष्य अनुसार स्थिति सुधार गरेको छैन। आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रमहरूसँग आवद्ध गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ६(१) मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमाअघि योजना आयोगले आगामी तीन वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने उल्लेख छ। प्रदेशको आधार वर्ष २०७९।८० को लागि तयार गरिएको मध्यमकालीन खर्च संरचना बमोजिम विगत ३ वर्षको खर्चको प्रक्षेपण र बजेटको अवस्था निम्नानुसार छ।

(रु.हजारमा)

आर्थिक वर्ष	मध्यमकालीन बजेट प्रक्षेपण	विनियोजित बजेट	बजेट खर्च	प्रक्षेपणको तुलनामा विनियोजन प्रतिशत	विनियोजनको तुलनामा खर्च प्रतिशत
२०७९।८०	३६७४६४६५	३६७४६४६५	२४०६३०९५	१००	६५.४८
२०८०।८१	४०४२१११२	२९२६५९३२	१८५१३५७७	७२.४०	६३.२६
२०८१।८२	४४४६३२२३	३१६२९८२८	२२२०२५५५	७१.१३	७०.१९

आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेट कार्यक्रमबीच सामञ्जस्यता कायम गरी तोकिएको लक्ष्य हासिल गर्ने गरी नीति तथा कार्यक्रमको कार्यान्वयन हुनुपर्दछ।

५. **एकीकृत वित्तीय विवरण** - सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३१(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नु पर्ने व्यवस्था छ। आयोगले एकीकृत वार्षिक वित्तीय विवरण तयार गरी पेस गरेको छैन। आयोगले एकीकृत वार्षिक वित्तीय विवरण तयार तथा पेस गर्नुपर्दछ।

६. **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख छ। आयोगमा यो वर्ष रु.४ करोड ६० लाख ६३ हजार बजेट विनियोजन भएकोमा रु.३ करोड २ लाख ४७ हजार खर्च भई विनियोजित बजेटको ६५.६७ प्रतिशत खर्च भएको छ। जिम्मेवारी र जवाफदेहिता पालना हुनुपर्दछ।

७. **आन्तरिक नियन्त्रण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३(१) मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। आयोगले कानुन निर्माण भएको तीन वर्षसम्म पनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

८. **आयोजना बैङ्क** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १५ (क) मा प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्ने, योजना आयोगमा प्रदेश स्तरको एक आयोजना बैङ्कमा योजना आयोगले तोकेको मापदण्डको आधारमा रही मन्त्रालयले आयोजना प्रविष्ट गराउनुपर्ने व्यवस्था छ। उक्त व्यवस्था बमोजिम प्रदेश आयोजना बैङ्क तयार भएको छैन। आयोजना बैङ्क स्थापना गरी कार्यान्वयन ल्याउनुपर्दछ।

९. **विकासको अवस्था -** आवधिक योजना अनुसारको लक्ष्य, राष्ट्रिय तथा प्रदेशको विकासको अवस्था निम्नानुसारको रहेको छः

क्र.सं.	सूचक	योजनाको लक्ष्य	राष्ट्रिय स्थिति	प्रदेशको स्थिति
१	वार्षिक औसत आर्थिक वृद्धि दर (प्रतिशत)	१०.५	४.६१	३.३२
२	प्रति व्यक्ति राष्ट्रिय आय (अमेरिकी डलर))	१७१५	१५१७	११५३
३	निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (प्रतिशत)	११	२०.२७	३४.१०
४	बहुआयामिक गरिबिमा रहेको जनसङ्ख्या (प्रतिशत)	१३	१७.४	२५.३०
५	मानव विकास सूचकाङ्क	०.६२१	०.६२२	०.५४७
६	लैंगिक विकास सूचकाङ्क	०.९६३	०.८८५	०.९०३
७	विद्युतमा पहुँच प्राप्त परिवार (प्रतिशत)	९९	९९	८६.६
८	अपेक्षित आयु (जन्म हुँदाको) (वर्ष)	७२	७१.३	७१.१
९	साक्षरता दर	९०	७६.३	७६.२
१०	मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) (जना)	१३०	१५१	११०

*(**स्रोतः** सुदूरपश्चिम प्रदेशको प्रथम योजना, आर्थिक सर्वेक्षण २०८१।८२ र अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण २०८१।८२)*

उल्लिखित लक्ष्य र प्राप्तिको अवस्थाबीच विश्लेषण गर्दा मानव विकास सूचकाङ्क ०.५४७ छ भने राष्ट्रिय मानव विकास सूचकाङ्क ०.६२२ रहेको छ। प्रदेशको मानव विकास सूचकाङ्क राष्ट्रिय स्तरको मानव विकास सूचकाङ्क भन्दा ०.०७५ घटी देखिन्छ। त्यसैगरी प्रदेशको निरपेक्ष गरिबी ३४.१० प्रतिशत रहेकोमा राष्ट्रिय स्थिति २०.२७ प्रतिशत रहेको छ। प्रदेशको निरपेक्ष गरिबी राष्ट्रियस्तर भन्दा १३.८३ प्रतिशत बढी रहेको छ। प्रदेशको विकासको अवस्था राष्ट्रिय विकासको भन्दा न्यून देखिन्छ। आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रमहरूसँग आवद्ध गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।

१०. **बैठक तथा छलफल** - सुदूरपश्चिम प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७८ को बुँदा नं. ५ मा प्रदेश विकास समस्या समाधान समितिको प्रत्येक त्रैमासिक अवधि समाप्त भएपछि अर्को महिनाको

अन्तिम हप्ताभित्र बैठक बस्ने र प्राप्त समस्या समाधानको निर्णय गरी कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था छ। समितिको यसवर्ष एकपटक बैठक बसी प्रहरी समायोजन, खुटीया-दिपायल-उरे भञ्ज्याङ सडक, सेती लोकमार्ग आयोजनाको बजेट व्यवस्थापन लगायतका ३१ निर्णय गरेको देखिन्छ। समितिको निर्णय कार्यान्वयनको अनुगमन गर्नुपर्दछ।

११. **प्रदेश गौरवका आयोजना** - आयोगबाट प्राप्त विवरण अनुसार प्रदेश गौरवको आयोजनाको वित्तीय प्रगतिको अवस्था निम्नानुसार रहेको छः

(रु.हजारमा)

क्र.सं.	नाम	सम्झौता रकम	२०८१।८२ को बजेट	२०८१।८२ को खर्च	हालसम्मको खर्च	हालसम्मको वित्तीय प्रगति (प्रतिशत)
१	चिसापानी जंगलघाट तुर्माखाँद कमलबजार गैरीटाड दर्ना जयगढ मेल्लेख बडिमालिका सडक	११७४३००	१८००००	१८००००	६१५७००	५२.४३
२	सिगाटा काडा जयबागेश्वरी गैराखाद दोगडी आटिचौर मार्तडी सडक	६१७६००	१७५०००	१६५६००	४९४८००	८०.१२
३	पातिहाल्ला तलकोट साइपाल हुम्ला सडक	२१३९००	५५०००	३२२७६	१६२९७६	७६.२
४	भजनी छोटी भन्सार खिमडी ठुलीगाड सडक आयोजना	७७४००	६०००	५११४	६५५१४	८४.६३
५	सतबाझ श्रीभावर हाट दार्चुला सडक	१०८४३००	३०००	२९९८	२३६१२३	२१.७८
६	बेलौरी कलुवापुर नायल बुडर सडक	१३३७००	६८००	६७९८	६०२९८	४५.१
७	दैजी जोगबुढा सलौन चिकरकट्टे पोखरा ढुङ्गागाड सडक	१३५३८००	८००००	८००००	४०७६००	३०.११
८	खलंगा खार देथला परिबगड सडक	७०७३००	१६००००	१५९९९०	३९३३९०	५५.६२
९	सहजपुर बोगटान दिपायल सडक	११०५४००	६००००	५९९८९	४२४७८९	३८.४३
जम्मा		**६४६७७००**	**७२५८००**	**६९२७६५**	**२८६११९०**	**४४.२४**

उल्लिखित प्रदेश गौरवका ९ आयोजना निर्माणको लागि रु.६ अर्ब ४६ करोड ७७ लाखको सम्झौता भएकोमा यो वर्ष रु.६९ करोड २७ लाख ६५ हजार समेत हालसम्म रु.२ अर्ब ८६ करोड ११ लाख ९० हजार (४४.२४ प्रतिशत) खर्च भएको छ। प्रादेशिक गौरवका आयोजनामा समय र लागत वृद्धि नहुने गरी निर्माण सम्पन्न गर्नुपर्दछ।

१२. **अनुगमन तथा मूल्याङ्कन** - आयोगले प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७८ तयार गरी लागु गरेको छ। निर्देशिकाले तोकेअनुसार अनुगमन सम्बन्धी कार्यका लागि तोकिएको ढाँचाको फाराम तथा विद्युतीय अनुगमन प्रणाली कार्यान्वयनमा ल्याउने, निर्देशिकाको बुँदा नं.२२ बमोजिम अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको विश्लेषण गरी देखिएका कमिकमजोरी सुधारका लागि आवश्यक कारबाही गर्नुपर्ने लगायतका व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन। निर्देशिकाले तोकेबमोजिम अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - विगतका प्रतिवेदनमा आवधिक योजनाले तय गरेका लक्ष्यको समीक्षा नगरेको, मध्यमकालीन खर्च संरचना र आवधिक योजनाबीच तादाम्यता कायम नगरेको, आयोजना बैङ्क तयार गरी योजनालाई प्राथमिकताका आधारमा कार्यान्वयन नगरेको, लगायतका बेहोरा औंल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - आयोगको यो वर्ष रु.१ लाख ९० हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौट नभई सोही रकम बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ बमोजिम प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई व्यवस्थित गरी प्रदेश एवम् स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी समेत बनाउन प्रदेश लोकसेवा आयोग ऐन, २०७६ बमोजिम आयोगको मिति २०७७ चैत्र १८ गते स्थापना भएको छ।

१. **लेखापरीक्षण अङ्क** - यो वर्ष आयोगको रु.५ करोड ४ लाख ५६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
४९५६९	८७३	१४	०	५०४५६

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यो वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार बजेट तथा खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	२४०१८	२४०१८	१३९७०	५८.२
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२१६	२१६	४९	२२.६
२२१०० सेवा महसुल	१३६०	१३६०	७६७	५६.४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	३४९२	३४९२	२५२०	७२.२
२२३०० कार्यालय सामान तथा सेवा	५४८७	५४८७	४४५९	८१.३
२२४०० सेवा तथा परामर्श खर्च	७८४९	७८४९	५३५४	६८.२
२२५०० कार्यक्रम सम्बन्धी खर्च	३९००	३९००	१४२१	३६.४
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	३३१०	३३१०	१४७७	४४.६
२२७०० विविध खर्च	२१४०२	२१४०२	१३९०२	६५.०
२८१०० सम्पत्ति सम्बन्धी खर्च	३२३४	३२३४	२०११	६२.२
जम्मा	७४२६८	७४२६८	४५९३०	६१.८
पुँजीगत खर्च				
३१००० स्थिर सम्पत्ति प्राप्ति खर्च	५०००	५०००	३६३९	७२.८
कुल जम्मा	७९२६८	७९२६८	४९५६९	६२.५

उल्लिखित विवरणअनुसार चालुतर्फ ६१.८, पुँजीगततर्फ ७२.८ र समग्रमा ६२.५ प्रतिशत खर्च भएको छ।

३. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३१(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको सम्पूर्ण आयव्ययको एकीकृत

वित्तीय विवरण तयार गरी पेस गर्नुपर्ने व्यवस्था छ। आयोगले एकीकृत वित्तीय विवरण तयार गरेको छैन। कानुनले तोके अनुसार एकीकृत वित्तीय विवरण तयार तथा पेस गर्नुपर्दछ।

४. **पाठ्यक्रम निर्माण** - प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ३ मा आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा, स्थानीय तहको सङ्गठित संस्थाको सेवा अन्तर्गतका सेवा, समूह तथा उपसमूह तहको पदको लागि आवश्यकता अनुसार पाठ्यक्रम निर्माण गर्ने व्यवस्था छ। आयोगले हालसम्म स्वास्थ्य सेवा, इन्जिनियरिङ्ग सेवा, वन सेवा, कृषि सेवा, प्रशासन, विविध सेवा, न्याय सेवा, आर्थिक योजना तथा तथ्यांक समेत ९ सेवाका विभिन्न समूह, उपसमूह, तहका संयुक्त र एकल परीक्षा हुने गरी १६२ पदहरूको पाठ्यक्रम तयार गरेतापनि न्याय सेवा र स्वास्थ्य तर्फ आंशिक पदहरूको पाठ्यक्रम तयार गरी पदपूर्तिको प्रकृया सुरुवात गरेको देखिएन। खाली पदको पाठ्यक्रम तयार गरी पदपूर्ति प्रकृया सुरु गर्नुपर्दछ।

५. **पदपूर्ति** - प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १४ बमोजिम खुला प्रतियोगिता, अन्तरतह प्रतियोगिता र आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिने पदमा आयोगको सिफारिसमा नियुक्ति गरिने व्यवस्था छ। कार्यतालिका अनुसार समयमै परीक्षा सञ्चालन नहुँदा आयोगले २०८१।८२ मा प्रदेश निजामती सेवातर्फ ६२० पदसङ्ख्याको लागि २९ हजार ५८४ दरखास्त स्वीकृत गरेकोमा अधिकृतस्तर तहका ३५ पदमा मात्र लिखित परीक्षा सञ्चालन भएको देखियो। उक्त पदमा ३७२ जना लिखित परीक्षामा सहभागी भई ५८ जना सफल भएका छन्। सो मध्ये ३४ जनालाई पदपूर्तिको लागि सिफारिस गरेको छ। कार्यतालिका अनुसार परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा पाठ्यक्रम निर्माण, वार्षिक कार्यतालिका अनुसार कार्यसम्पादन गरी प्रगति हासिल नगरेको लगायतका बेहोरा औँल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - आयोगको यो वर्ष रु.१ लाख २ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट सम्पूर्ण बेरुजु फर्स्यौंट भएको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० बमोजिम प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको मुद्दामा सुदूरपश्चिम प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो।

१. **बजेट खर्च -** मुख्य न्यायाधिवक्ताको कार्यालयको यो वर्ष देहाय अनुसार बजेट तथा खर्च गरेको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त भएको छः

(रु.हजारमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२१६५८	०	३९६	०	२२०५४

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यो वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार बजेट तथा खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	९५५३	९५५३	७३४६	७६.९०
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	५३	५३	५३	१००.००
२२१०० सेवा महसुल	७३८	७३८	६१०	८२.६६
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१८०७	१३८७	१७३२	१२४.८७
२२३०० कार्यालय सामान तथा सेवा	१०३२	१०३२	१०१९	९८.७४
२२४०० सेवा तथा परामर्श खर्च	१७८१	१७८१	१५९६	८९.६१
२२५०० कार्यक्रम सम्बन्धी खर्च	४३००	४३००	३२१८	७४.८४
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	२३२०	२२३०	२२९३	१०२.८३
२२७०० विविध खर्च	६१०	६१०	६१०	१००.००
२८१०० सम्पत्ति सम्बन्धी खर्च	३००	३००	२७१	९०.३३
जम्मा	**२२४९४**	**२१९८४**	**१८७४८**	**८५.२८**
पुँजीगत खर्च				
३१००० स्थिर सम्पत्ति प्राप्ति खर्च	२९१०	२९१०	२९१०	१००.००
कुल जम्मा	**२५४०४**	**२४८९४**	**२१६५८**	**८७.००**

उल्लिखित विवरणअनुसार चालुतर्फ ८५.२८ प्रतिशत, पुँजीगततर्फ १०० प्रतिशत र समग्रमा ८७ प्रतिशत प्रतिशत खर्च भएको छ।

३. **लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३६ को उपदफा (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। कार्यालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ गतेको घटनाको कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.२ करोड १६ लाख ५८ हजार र धरौटीतर्फ रु.३ लाख ९६ हजार गरी जम्मा रु.२ करोड २० लाख ५४ हजारको लेखापरीक्षण गरिएको छैन।

खण्ड

२

स्थानीय तह

स्थानीय तह

संविधान बमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्। नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा साझा अधिकारको व्यवस्था भए अनुसार कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी सेवा प्रवाह भइरहेको देखिन्छ।

१. **संवैधानिक र कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ मा स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित हुने तथा गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुने साथै धारा २२१ मा स्थानीय तहका व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहने व्यवस्था छ। त्यसैगरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत तथा शासन पद्धतिलाई सुदृढ गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा रहेको छ।

२. **काम, कर्तव्य र अधिकार** - नेपालको संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाइ निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - सुदूरपश्चिम प्रदेशमा ८८ स्थानीय तह रहेका छन्। गाउँपालिकामा ५ देखि २१ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको सङ्ख्या, सिमाना, जनसङ्ख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा १ उप-महानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाइ कार्यान्वयनमा ल्याउनसक्ने व्यवस्था छ। स्रोत सङ्कलन, विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानुन स्थानीय तहले बनाउन सकेका छैनन्। आवश्यकता अनुसारका कानुन बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा अपेक्षित सुधार हुन सकेको छैन। कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानुन निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने बेहोरा विगत वर्ष औँल्याइएकोमा यो वर्ष पनि उल्लेखनीय सुधार भएको छैन।

५. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहको आर्थिक कार्यविधिलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुकुल हुने गरी आर्थिक कार्यविधिसम्बन्धी कानुन बनाउन बाँकी रहेको छ। आर्थिक कारोबार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थानुसार गरेको देखियो। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानुन बनाइ लागु गर्नुपर्दछ।

६. **समग्र आय व्यय** - यो वर्ष लेखापरीक्षण भएका ८६ स्थानीय तहको देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.४ अर्ब ६९ करोड १ लाख र यो वर्षको आय रु.५७ अर्ब ७८ करोड ४८ लाख मध्ये रु.५७ अर्ब ८० करोड ४ लाख खर्च भएको देखिन्छ। कुल खर्चमध्ये चालु खर्च रु.१२ अर्ब १३ करोड १३ लाख, पुँजीगत खर्च रु.३० अर्ब १० करोड ५४ लाख र वित्तीय तथा अन्य खर्च रु.१५ अर्ब ५६ करोड ३८ लाख समेत बाँकी रु.४ अर्ब ६७ करोड ४५ लाख आगामी वर्षको लागि जिम्मेवारी सरेको छ

(रु.लाखमा)

क सं	विवरण	सङ्ख्या	सुरु मौज्दात	सङ्घीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बाँडफाँट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	वित्तीय खर्च	कुल खर्च	मौज्दात बाँकी
१	उप महानगरपालिका	१	४९२३	९६७७	१०२३	२२५८	५८३८	६०८०	२४८७६	१०१४२	६२९४	६९०२	२३३३८	६४६१
२	नगरपालिका	३२	२६२४७	१४०६३४	१२५९३	४०९४४	१०३४८	७३२०३	२७७७२२	१४०८६६	५४५५२	८२३४७	२७७७६५	२६२०४
३	गाउँपालिका	५३	१५७३१	१५२१६४	१६६३५	४४८९४	२६१२	५८९४६	२७५२५१	१५००४६	६०४६७	६६३८९	२७६९०१	१४०८०
	जम्मा	**८६**	**४६९०१**	**३०२४७५**	**३०२५१**	**८८०९६**	**१८७९८**	**१३८२२९**	**५७७८४८**	**३०१०५४**	**१२१३१३**	**१५५६३८**	**५७८००४**	**४६७४५**

७. **वित्तीय हस्तान्तरण** - महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार यो वर्ष सङ्घीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

क सं	अनुदानको किसिम	स्वीकृत बजेट रु			यथार्थ हस्तान्तरण रु		
		सङ्घ	प्रदेश	जम्मा	सङ्घ	प्रदेश	जम्मा
१	समानीकरण	९५४८९००	८६००००	१०४०८९००	८७६१९९६	८६००००	९६२१९९६
२	सशर्त	२२२२२१७१	१४२९१४०	२३६५१३११	१९५४३४५३	११९७६०१	२०७४१०५४
३	समपूरक	१००७०००	५०००००	१५०७०००	६६८०६५	३६६१७९	१०३४२४४
४	विशेष	७०३८००	१००००००	१७०३८००	४०८६३०	५५०९३५	९५९५६५
	जम्मा	**३३४८१८७१**	**३७८९१४०**	**३७२७१०११**	**२९३८२१४४**	**२९७४७१५**	**३२३५६८५९**

नोटः उल्लिखित विवरणमा वित्तीय हस्तान्तरण अन्तर्गत सशर्त, विशेष र समपूरक अनुदान खर्च नभई बाँकी रहेको रकम सङ्घ तथा प्रदेश सञ्चित कोषमा फिर्ता भएको रकम समायोजन गरेको छ।

स्थानीय तहका लागि स्वीकृत वित्तीय हस्तान्तरणमध्ये नेपाल सरकारबाट ९०.८१ प्रतिशत तथा प्रदेश सरकारबाट ९.१९ प्रतिशत हस्तान्तरण भएको छ।

८. **आन्तरिक स्रोत** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउनसक्ने कर तथा शुल्क सम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष लेखापरीक्षण भएका ८६ स्थानीय तहको २०८१।८२ को कुल आन्तरिक आय रु.१ अर्ब ८७ करोड ९७ लाख ७८ हजार रहेको छ। स्थानीय तहको आन्तरिक आयले चालु खर्च धान्न नसकेको अवस्था छ। स्थानीय तहको क्षमता बढाई आन्तरिक आयमा वृद्धि गर्नुपर्दछ।

९. **खर्च व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट पेस र पारित तथा दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ। सुदूरपश्चिम प्रदेशमा रहेका ८६ स्थानीय तहको कुल खर्चमध्ये चालु खर्च रु.३० अर्ब १० करोड ५३ लाख ६९ हजार (५२.०८ प्रतिशत),

पुँजीगत खर्च रु.१२ अर्ब १३ करोड १२ लाख ८८ हजार (२०.९९ प्रतिशत) र वित्तीय तथा अन्य खर्च रु.१५ अर्ब ५६ करोड ३७ लाख ६७ हजार (२६.९३ प्रतिशत) खर्च रहेको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(४) बमोजिम स्थानीय तहले आफूले उठाएको आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नु पर्ने प्रावधानको पालना हुन सकेको छैन।

१०. **प्रदेश र स्थानीय तहबीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद्को व्यवस्था छ। प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न प्रदेश समन्वय परिषदलाई प्रभावकारी बनाउनुपर्दछ।

११. **लेखापरीक्षणमा बेरुजु अङ्क -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ८६ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक ७ हजार ५३८ दफा र लगती ७ हजार १२१ दफाबाट रु.२ अर्ब २० करोड ८५ लाख ९६ हजार बेरुजु औंल्याइएकोमा स्थानीय तहहरूबाट प्राप्त प्रतिक्रियाबाट रु.२६ करोड ३८ लाख ९० हजार बेरुजु फर्स्यौंट तथा रु.२ करोड २१ लाख ४ हजार थप भई रु.१ अर्ब ९६ करोड ६८ लाख ११ हजार बेरुजु बाँकी रहेको छ। बाँकी रहेको बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

वर्गीकरण	बेरुजु अङ्क	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**२१२७३७**	**१०.८२**
२. नियमित गर्नुपर्ने	**१५१६१२९**	**७७.०९**
२.१ अनियमित भएको	८४०४२४	४२.७३
२.२ प्रमाण कागज पेस नभएको	६७२५५३	३४.२०
२.३ शोधभर्ना नलिएको	३१५२	०.१६
३. पेस्की	**२३७९४५**	**१२.१०**
जम्मा बेरुजु	**१९६६८११**	**१००**

नोटः उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।

लेखापरीक्षण भएका स्थानीय तहमध्ये स्थानीय तहको किसिम अनुसार लेखापरीक्षण अङ्कमा बेरुजु अङ्क निम्न रहेको छ।

(रु.हजारमा)

क सं	स्थानीय तह	स्थानीय तह सङ्ख्या	लेखापरीक्षण रकम	पेस्कीसमेत बेरुजु	बेरुजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
१	उप महानगरपालिका	१	४८२१४९४	९४३८६	११९७२	१.९६	१.७१
२	नगरपालिका	३२	५५५४८५५९	८७६०२७	१४१०१६	१.५८	१.३२
३	गाउँपालिका	५३	५५२१५१७७	९९६३९८	८४९५७	१.८०	१.६५
	जम्मा	**८६**	**११५५८५२३०**	**१९६६८११**	**२३७९४५**	**१.७०**	**१.५०**

यससम्बन्धी विस्तृत विवरण **अनुसूची-१४** मा समावेश छ।

१२. **लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणबाट देखिएका मुख्य वेहोरा देहाय अनुसार छन्:

- **कानुन निर्माण तथा परिपालना** - सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमूना कानुन अनुसार केही स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरुपता नरहेको, कानुनको परिपालना नभएको लगायत व्यहोरा देखिएका छन्।

- **वित्तीय विवरण तथा लेखापरीक्षण** - तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार नगरेको, एकीकृत वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारमहरू प्रयोगमा नल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दात भन्दा फरक हुने गरी यस वर्ष जिम्मेवारी सारेको, वर्षान्तको मौज्दात फरक परेकोमा बैङ्क हिसाब मिलान विवरण तयार नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको, सबै आर्थिक कारोबारहरू स्थानीय सञ्चित कोष प्रणाली (सुत्र) बाट नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फर्स्यौंट, सम्परीक्षण नगराएको स्थिति छ।

- **सङ्गठन संरचना तथा मानव संशाधन** - कार्यबोझको आधारमा दरबन्दी स्वीकृति र पदपूर्ति नगरेको, दक्ष र तालिमप्राप्त जनशक्ति व्यवस्थापन नहुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, दरबन्दी बेगर करार सेवामा नियुक्ति गरेको, कार्यसम्पादन सूचक बेगर अतिरिक्त तथा थप प्रोत्साहन भत्ता खर्च लेखेको, एकमुष्टरूपमा कर्मचारी कल्याणकोषमा रकम ट्रान्सफर गरेको, पदाधिकारी तथा कर्मचारीलाई कानुन व्यवस्था नभएका विभिन्न सुविधा प्रदान गरेको लगायत वेहोरा देखिएका छन्।

- **योजना तर्जुमा बजेट तथा कार्यक्रम**- केही स्थानीय तहमा तोकिएको समयमा बजेट पेस नभएको, बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि स्वीकृत नगरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, बजेट अवण्डामा राखी पटके निर्णयबाट बाँडफाँट गरी खर्च गरेको, सीमाभन्दा बढी रकमान्तर गरेको र विभिन्न कोषमा रहेका रकम प्रयोजन समाप्त भएपछि सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको स्थिति देखिएको छ।

- **आन्तरिक आय** - लक्ष्य अनुसार सम्पत्ति कर, बहाल कर लगायतका राजस्व असुली नभएको, विभिन्न व्यक्ति वा संस्थाबाट उठ्न बाँकी रकम असुल नगरेको, असुल भएको राजस्व तोकिएको अवधिभित्र सञ्चित कोष दाखिला नगरेको, प्रतिस्पर्धात्मक विधिबाट समयमा नै आय ठेक्का नगरेको एवम् सम्झौता अनुसारको रकम असुल नगरेको, प्रदेश कानुन अनुसार राजस्व बाँडफाँट नगरेको लगायत वेहोरा यो वर्ष समेत देखिएका छन्।

- **खरिद व्यवस्थापन** - आवश्यकता पहिचान नगरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको एवम् पेस भएका प्रतिवेदनहरू कार्यान्वयन नगरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी सोझै खरिद गरेको, सम्झौता अवधिमा कार्य सम्पन्न नगरेको, तोकिएको सीमाभन्दा बढी लागत अनुमान भएका कार्य उपभोक्ता समितिबाट गराएको, उपभोक्ता समितिले सम्झौता अनुसारको योगदान नगरेको, मालसामान खरिदमा ओभरहेड भुक्तानी गरेको, भेरिएसन स्वीकृत नगराई सम्झौतामा उल्लेखित भन्दा बढी कार्यको भुक्तानी

गरेको, सुत्र एवम् सूचकाङ्क फरक पारी बढी मूल्य समायोजन भुक्तानी गरेको लगायतका व्यहोरा देखिएका छन्।

- **खर्च व्यवस्थापन -** आन्तरिक आयको विश्लेषण नगरी सुविधा एवं भत्ता वितरण गरेको, बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेस्की रकम म्याद भित्र फर्स्यौंट नगरेको, विद्यालयका शिक्षकहरूको पारिश्रमिक तथा अन्य रकमहरू बढी निकासा गरेको, निश्चित मापदण्ड बेगर आर्थिक सहायता वितरण गरेको, वितरणमुखी तथा अनुत्पादक खर्च गरेको, अनुदान वितरणको मापदण्ड नबनाएको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, खर्च नभई बाँकी रहेको अनुदान रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको लगायत वेहोरा देखिएका छन्।

- **अभिलेख तथा अनुगमन -** स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फर्स्यौंट हुन बाँकी पेस्की र बेरुजुको अभिलेख नराखेको अवस्था छ। लक्षितवर्गमा दिने अनुदान सो समूहमा पुगे नपुगेको अनुगमन नगरेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवम् गुणस्तरको अनुगमन नगरेको, स्थानीय तहभित्र उत्पादन भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन गर्न नसकेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन गरेको लगायतका अवस्था देखिएका छन्।

स्थानीय तहले स्रोत र साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाह तथा जिम्मेवारी एवं जवाफदेहिताको पालना सम्बन्धमा देखिएका व्यहोराहरू सम्बन्धित स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ।

१३. **बेरुजु फर्स्यौंट तथा सम्परीक्षण** - सुदूरपश्चिम प्रदेशका ८६ स्थानीय तहको गत वर्षसम्मको कुल बेरुजु रु.१७ अर्ब ७५ करोड ३८ लाख ११ हजार रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रु.४८ करोड ८६ लाख ६७ हजार फर्स्यौंट भएको र रु.३ करोड ९८ लाख ६३ हजार सम्परीक्षणबाट कायम बेरुजु समेत रु.१७ अर्ब ३० करोड ५० लाख ७ हजार बाँकी रहेकोमा यो वर्षको लेखापरीक्षणबाट थप भएको रु.१ अर्ब ९६ करोड ६८ लाख ११ हजारसमेत रु.१९ अर्ब २७ करोड १८ लाख १८ हजार बेरुजु बाँकी रहेको छ।

१३.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुन बमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले यस सम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजु असुल फर्स्यौंट एवं नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको छ।

१३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाइ कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्नसक्ने उल्लेख छ।स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजु फर्स्यौंटको विधि र प्रक्रियासमेत खुलाइ स्पष्ट कानुनी व्यवस्था गरी बेरुजु फर्स्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

परिच्छेद

८



लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

परिच्छेद - ४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३८ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्थाअनुसार बेरुजुको कारबाहीको विवरण प्राप्त भएको छ।

१. **प्रतिवेदन कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा १९(५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस गर्ने व्यवस्था छ। महालेखापरीक्षकले गत वर्षसम्म प्रदेशका ७ प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेस गरेकोमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा पहिलो, चौथो, छैटौं र सातौं प्रतिवेदनउपर छलफल हुन बाँकी रहेको छ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ १४१ कार्यालयको लेखापरीक्षण भएकोमा १३७ कार्यालयको सैद्धान्तिक दफा १ हजार ७२९ र लगती दफा ९३२ बाट रु.५८ करोड २९ लाख २६ हजार (प्रतिक्रियाबाट भएको थप बेरुजु समेत) बेरुजु देखिएकोमा १५ कार्यालयको प्रमाण तथा प्रतिक्रिया पेस भई सैद्धान्तिक दफा १ र लगती दफा ८२ को रु.२ करोड ७० लाख ६३ हजार फर्स्यौंट भई रु.५५ करोड ५८ लाख ६३ हजार बाँकी रहेको छ। समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १८ निकायको सैद्धान्तिक दफा २३७ र लगती दफा ९५ बाट रु.४ करोड ९० लाख ५७ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट १ निकायको लगती दफा २ को रु.३१ हजारबाट फर्स्यौंट भई रु.४ करोड ९० लाख २६ हजार बाँकी रहेको छ। कानुनबमोजिम बेरुजु फर्स्यौंट गर्नुपर्दछ।

३. **सम्परीक्षण** - गत वर्ष प्रदेशको सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फको रु.२ अर्ब ९८ करोड ४० लाख २० हजार बेरुजु रहेकोमा सम्परीक्षणबाट रु.४ करोड ८ लाख ४० हजार फर्स्यौंट तथा रु.४ लाख ९९ हजार बेरुजु थप भई रु.२ अर्ब ९४ करोड ३६ लाख ७९ हजार बेरुजु बाँकी रहेको छ। सोमा यो वर्ष रु.६० करोड ४८ लाख ८९ हजार थप भई रु.३ अर्ब ५४ करोड ८५ लाख ६८ हजार बाँकी रहेको छ।

४. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनुपर्दछ। प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी बहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ।

परिच्छेद

५



भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

दिगो विकासका लागि स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्न प्रयत्नशील रहनुपर्दछ। प्रदेशले यसका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरी उपयुक्त सङ्गठनात्मक संरचना, कर्मचारी व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन तथा परिचालन लगायतका कार्यहरू गर्नुपर्दछ। प्रदेश सरकारको यो वर्षको लेखापरीक्षणबाट देखिएका कमी कमजोरीहरूमा पुनरावृत्ति नहुने गरी आर्थिक र वित्तीय अनुशासन कायम गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

शासकीय प्रबन्ध

१. नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका एकल तथा साझा अधिकार सूची अनुसारका आवश्यक कानुन सम्बद्ध पक्षसँगको समन्वयमा प्रदेशले तर्जुमा गरी कार्य सम्पादन प्रभावकारी बनाउनुपर्दछ।

२. प्रत्यायोजित अधिकारअन्तर्गत कानुन निर्माण गर्दा स्रोत उल्लेख गरी समेटिएका विषय प्रत्यायोजित अधिकारक्षेत्रभित्र रहेको सुनिश्चितता गर्नुपर्दछ।

३. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा समयमै जानकारी गराई फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने व्यवस्था गर्नुपर्दछ।

४. मातहतका कार्यालयहरूबाट गराउनुपर्ने कार्यहरू मन्त्रालयमा एकमुष्ट बजेट राखी मन्त्रालयहरू कार्य सञ्चालनस्तरका काममा संलग्न नभई नियमन, समन्वय, अनुगमनमा केन्द्रित रहनुपर्दछ।

५. सङ्घ, प्रदेश र स्थानीय तहबीच संरचना र काममा हुने दोहोरोपनालाई अन्त्य गर्दै सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सार्वजनिक वित्त व्यवस्थापन

६. क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था र जनसहभागिता लगायतका पक्षमा ध्यान दिई कार्यान्वयनयोग्य बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

७. पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षमा भुक्तानी सार्ने गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

८. सङ्घ/प्रदेश/स्थानीय तहबीच अनुदान निकासाको सम्बन्धमा अनुदान प्राप्त गर्ने तहमा वर्षान्तमा बाँकी रहेको मौज्दात फिर्ता गर्नुपर्दछ।

९. राजस्वबाट चालु खर्च धान्न कठिनाइ भैरहेको सन्दर्भमा उपयुक्त कार्य विवरण बेगरको पद र कार्यक्षेत्र दोहोरो पर्ने गरी स्थापना भएका निकायहरूको पुनरावलोकन गर्नुपर्दछ।

१०. अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुनेगरी मात्र अनुदान प्रदान गर्नुपर्दछ।

११. व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत प्रकृतिको कार्यमा खर्च गर्न अनुदान दिँदा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरूमा लगानी गर्दा लगानीको प्रकृति (शेयर वा ऋण) उल्लेख गर्नुपर्दछ। संस्थाहरू विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुदैन।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

१२. सार्वजनिक निकायले जुनसुकै हिसाबले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्यरूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

१३. मर्मत सम्भार हुनसक्ने जिन्सी सामग्री मर्मत सम्भार गरी सार्वजनिक सम्पत्तिको उच्चतम उपयोग गर्नुपर्दछ।

१४. प्रयोगमा नभएका भवन, उपकरण, सवारी साधन लगायत सम्पत्तिहरू हस्तान्तरण एवं व्यवस्थापन गर्नुपर्दछ।

विकास व्यवस्थापन

१५. खरिद सम्झौताको म्यादलाई वैज्ञानिक एवं वस्तुनिष्ठ बनाउनुपर्दछ।

१६. एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

१७. जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१८. प्रदेश सरकारले आयोजना बैङ्क स्थापना गरी आयोजना बैङ्कमा राखेका आयोजनाहरूलाई मात्र बजेट विनियोजन गरी आयोजनाहरू कार्यान्वयन गर्नुपर्दछ।

१९. प्रदेश अन्तर्गत निर्माण भैरहेका प्रादेशिक गौरवका योजनाहरूको नियमित अनुगमन तथा प्रगति समीक्षा गर्नुपर्दछ।

२०. सङ्घबाट प्रदेशमा हस्तान्तरण भएका र प्रदेशबाटै कार्यान्वयन सुरु गरिएका क्रमागत योजनाहरूलाई बजेट विनियोजन नगरी अधुरो राख्ने गरेकोले योजनाहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गरी लाभ लागतको दृष्टिकोणले समेत कानुन बमोजिम टुङ्ग्याउनुपर्दछ।

२१. दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बजेटबीच सामाञ्जस्यता कायम गर्नुपर्दछ।

सूचना प्रविधि

२२. एकैप्रकारको कामको लागि निकायगतरूपमा भिन्नाभिन्नै सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

२३. सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवास्तर सम्झौता तथा गोपनियता सम्झौता अनिवार्य गर्नुपर्दछ।

२४. प्रदेश मातहतका कार्यालयहरूले प्रयोग गरेको विद्युतीय सवारी दर्ता प्रणालीले कार्यालयहरूको आवश्यकतानुसार सूचना प्रदान गर्न नसकेकोले यसमा सुधार हुनुपर्दछ।

२५. तथ्याङ्क सत्यापन गर्ने प्रणालीको विकास गर्ने तथा सार्वजनिक निकायबाट सञ्चालित सूचना प्रविधि प्रणालीको नियमितरूपमा परीक्षण गरी सूचना प्रविधिको विश्वसनियतामा अभिवृद्धि गर्नुपर्दछ।

सार्वजनिक प्रशासन

२६. प्रदेश र स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

२७. प्रादेशिक अस्पतालहरूमा प्रयोग नभएका स्वास्थ्य उपकरण प्रयोगमा ल्याइ बिग्रिएका उपकरणहरू मर्मत सम्भार र सञ्चालन गरी स्वास्थ्य सेवालाई सुलभ र प्रभावकारी बनाउनुपर्दछ।

२८. सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सेवाग्राही सन्तुष्टि सर्वेक्षणको माध्यमबाट सेवालाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

२९. विकल्प हुँदा समेत निमित्तबाट प्रशासन सञ्चालन गर्ने एवं कानुनी व्यवस्था विपरीत ३ महिनाभन्दा बढी काजमा खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

३०. विशेषज्ञ चिकित्सकसहित अन्य चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको रिक्त दरबन्दी पदपूर्ति गरी स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनुपर्दछ।

३१. कर्मचारी सरुवा, बढुवालाई अनुमानयोग्य बनाउने तथा कार्य विवरण अनिवार्य गराई लागु गर्नुपर्दछ।

सुशासन

३२. अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी देखिएका बेहोरा फर्स्यौंट गर्नुपर्दछ।

३३. बढ्दो बेरुजुलाई नियन्त्रण गर्न बेरुजु फर्स्यौंटलाई कार्य सम्पादन र वृत्ति विकाससँग आवद्ध गर्नुपर्दछ।

३४. प्रदेश सभाका विशेष समिति, प्रदेश मन्त्रिपरिषद्, प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

३५. प्रदेश प्रमुख मार्फत प्रदेश सभामा पेस गरिएका महालेखापरीक्षकको पहिलो, चौथो, छैटौं र सातौं वार्षिक प्रतिवेदनहरू माथि प्रदेश सभा एवं प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल भएको छैन। समयमै छलफल गरी बेरुजु दोहोरिन नदिनेतर्फ प्रयास गर्नुपर्दछ।

३६. आन्तरिक पर्यटन भ्रमण काजलाई उद्देश्यमूलक र उत्पादनमूलक बनाउन नियमावलीमा पुनरावलोकन गर्नुपर्दछ।

उपर्युक्त अनुसारका नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट सार्वजनिक जवाफदेहिता, आर्थिक सुशासन तथा पारदर्शिता प्रवर्धन भई सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधार क्षेत्रको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ।



अनुसूचीहरू

अनुसूचीहरू

अनुसूची–१

(प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरूको विवरण
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०८१।८२

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा आयोगको नाम	कार्यालयको संख्या	बेरुजु भएका कार्यालय संख्या	बेरुजु रकम
१	प्रदेश सभा सचिवालय	-	-	-
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४	२	१५७१
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	१	२८२३३
४	आर्थिक मामिला मन्त्रालय	११	०	०
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३२	२०	४४१४२
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३०	१९	३२५०४
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३०	२४	२७६६३१
८	सामाजिक विकास मन्त्रालय	४९	३०	२२१६१८
९	प्रदेश नीति तथा योजना आयोग	१	१	१९०
१०	प्रदेश लोक सेवा आयोग	१	१	०
११	मुख्य न्यायाधिवक्ताको कार्यालय	-	-	-
	जम्मा	**१५९**	**९७**	**६०४८८९**

अनुसूची–१ (क)
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण

२०८१।८२

क्र.सं.	लेखापरीक्षण गरिएका कार्यालयको विवरण	संख्या
सरकारी कार्यालयतर्फ		
१	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**४**
१.१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१
१.२	प्रादेशिक सुशासन केन्द्र	१
१.३	प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान	१
१.४	प्रादेशिक कार्यक्रम कार्यन्वयन इकाई	१
२	**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**	**१**
२.१	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१
३	**आर्थिक मामिला मन्त्रालय**	**११**
३.१	आर्थिक मामिला मन्त्रालय	१
३.२	प्रदेश लेखा नियन्त्रक कार्यालय	१
३.३	प्रदेश लेखा एकाई	८
३.४	सुदूरपश्चिम प्रदेश स्वरोजगार कोष	१
४	**उद्योग, पर्यटन, वन तथा वातावारण मन्त्रालय**	**३२**
४.१	उद्योग, पर्यटन, वन तथा वातावारण मन्त्रालय	१
४.२	उद्योग, बाणिज्य तथा उपभोक्ता हक हित संरक्षण निर्देशनालय	१
४.३	वन निर्देशनालय	१
४.४	डिभिजन वन कार्यालय	१०
४.५	भू तथा जलाधार व्यवस्थापन कार्यालय	४
४.६	वन अनुसन्धान प्रतिष्ठान	१
४.७	घरेलु तथा साना उद्योग कार्यालय	९
४.८	प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन एकाई	१
४.९	पर्यटन विकास तथा व्यवस्थापन समिति	४
५	**सामाजिक विकास मन्त्रालय**	**४९**
५.१	सामाजिक विकास मन्त्रालय	१
५.२	शिक्षा विकास निर्देशनालय	१
५.३	प्रदेश स्वास्थ्य निर्देशनालय	१
५.४	सामाजिक विकास कार्यालय	९
५.५	जिल्ला स्वास्थ्य कार्यालय	९
५.६	अस्पताल विकास समिति	९
५.७	शिक्षा तालिम केन्द्र	१
५.८	प्रादेशिक आयुर्वेद चिकित्सालय	१
५.९	आयुर्वेद स्वास्थ्य केन्द्र	८
५.१०	प्रादेशिक स्वास्थ्य प्रवर्द्धन केन्द्र	१

क्र.सं.	लेखापरीक्षण गरिएका कार्यालयको विवरण	संख्या
५.११	व्यवसायिक तथा शिप विकास तालिम केन्द्र	२
५.१२	स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र	१
५.१३	स्वास्थ्य तालिम केन्द्र	१
५.१४	जनस्वास्थ्य प्रयोगशाला	१
५.१५	प्रदेश खेलकुद परिषद	१
५.१६	प्रदेश युवा परिषद	१
५.१७	सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान	१
६	**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**	**३०**
६.१	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१
६.२	कृषि विकास निर्देशनालय	१
६.३	पशुपंछी तथा मत्स्य विकास निर्देशनालय	१
६.४	पशु सेवा तालिम केन्द्र	१
६.५	मत्स्य विकास केन्द्र	१
६.६	कृषि ज्ञान केन्द्र	९
६.७	भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र	९
६.८	पहाडी क्षेत्र काष्ठ फलफुल विकास आयोजना कार्यालय	१
६.९	शुख्खा फलफुल विकास केन्द्र	१
६.१०	तरकारी जर्म प्लाज्मा सम्बन्धन तथा विउ उत्पादन केन्द्र	१
६.११	कृषि व्यवसाय प्रवर्द्दन सहयोग तथा तालिम केन्द्र	१
६.१२	बाली संरक्षण प्रयोगशाला	१
६.१३	विउ विजन प्रयोगशाला	१
६.१४	माटो तथा मल परीक्षण प्रयोगशाला	१
७	**भौतिक पूर्वाधार विकास मन्त्रालय**	**३०**
७.१	भौतिक पूर्वाधार विकास मन्त्रालय	१
७.२	यातायात पूर्वाधार निर्देशनालय	१
७.३	पूर्वाधार विकास कार्यालय	६
७.४	यातायात व्यवस्था कार्यालय	४
७.५	जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय	९
७.६	पथरीया मोहना सिचाई व्यवस्थापन कार्यालय	१
७.७	सहरी विकास तथा भवन कार्यालय	३
७.८	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय	४
७.९	प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम आयोजना व्यवस्थापन कार्यालय	१
८	**प्रदेश लोक सेवा आयोग**	**१**
९	**प्रदेश नीति तथा योजना आयोग**	**१**
जम्मा		**१५९**

अनुसूची- २

(प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयको लेखापरीक्षण रकम

२०८१।८२

(रु.हजारमा)

	मन्त्रालय/ निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
१	प्रदेश सभा सचिवालय	१	१५६२०८	०	०	१	२३२२	०	०	१	१६९१	०	०	१	७७	०	०	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	८०५६१	२	८०५६१	२	११२०३	२	१०८७२	१	९७०	१	९७०	१	४२७४५	१	४२७४५	१३५१४८
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	८७६४२	१	८७६४२	१	३५५४	१	३५५४	१	१०८८८	१	१०८८८	१	२३२५४२	१	२३२५४२	३३४६२६
४	आर्थिक मामिला मन्त्रालय	११	३११३८६३	११	३०५४४०६	११	१५२५७	११	१५२५७	११	४८११	११	४८११	८	८३९४३०	८	८३९४३०	३९१३९०४
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२८	१३८७९०४	२८	१३८७९०४	२५	१४७९	२५	१४६९	२६	८११२३५	२६	८११२३५	७	८०५१३	७	८०५१३	२२८११२१
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३१	१८६६३१४	३०	१८४५६३५	३१	४५६६	३०	४५२१	३१	५७५८३	३०	५७५२०	१२	१४१८९	१२	१४१८९	१९२१८६५
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३१	१०३९०१३८	३०	१०१५८५७७	३१	३५७६	३०	३०५५	३०	१६१४७३६	२९	१५६९१०७	४	२८६८	४	२८६८	११७३३६०७
८	सामाजिक विकास मन्त्रालय	३७	३१२५९७९	३७	३१२५९७९	३०	१००८१५०६	३०	१००६५६९४	३३	२४३६५१	३३	२४३६५१	२१	२३९४७	२१	२३९४७	१३४५९२७१
९	प्रदेश नीति तथा योजना आयोग	१	३०२४७	१	३०२४७	०	०	०	०	०	०	०	०	०	०	०	०	३०२४७
१०	प्रदेश लोक सेवा आयोग	१	४९५६९	१	४९५६९	१	८७३	१	८७३	१	१४	१	१४	०	०	०	०	५०४५६
११	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	२१६५८	०	०	०	०	०	०	१	३९६	०	०	०	०	०	०	०
	जम्मा	**१४५**	**२०३१००८३**	**१४१**	**१९८२०५२०**	**१३३**	**१०१२४३३६**	**१३०**	**१०१०५२९५**	**१३६**	**२७४५९७५**	**१३२**	**२६९८१९६**	**५५**	**१२३६३११**	**५४**	**१२३६२३४**	**३३८६०२४५**

अनुसूची-२ (क)

(प्रतिवेदनको परिच्छेद-१ को दफा १.३ सँग सम्बन्धित)

लेखापरीक्षण बक्यौता रहेका निकायहरूको विवरण

२०८१।८२

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय	कार्यालय	बक्यौता रहेको वर्ष	विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
	समितितर्फ							
१	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति, डोटी	२०७७।७८	०	०	०	नखुल्ने	नखुल्ने
२	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	बडिकेदार क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति, डोटी	२०७८।७९	४७४२	०	०	नखुल्ने	४७४२
		जम्मा		**४७४२**	**०**	**०**	**०**	**४७४२**

अनुसूची-२ (ख)

(प्रतिवेदनको परिच्छेद-१ को दफा १.४ सँग सम्बन्धित)

स्रेस्ता पेस नभएकोले लेखापरीक्षण नभएको निकायको विवरण

२०८१।८२

(रु.हजारमा)

सि.नं.	मन्त्रालय र निकायको नाम	आर्थिक वर्ष	कार्यालय संख्या	विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
	सरकारी कार्यालयतर्फ		४	**४३०१०६**	**२८८८**	**४७७७९**	**७७**	**४८०८५०**
१	**प्रदेश सभा सचिवालय**	**२०८१/८२**	**१**	**१५६२०८**	**२३२२**	**१६९१**	**७७**	**१६०२९८**
१.१	प्रदेश सभा सचिवालय	२०८१/८२	१	१५६२०८	२३२२	१६९१	७७	१६०२९८
२	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**२०८१/८२**	**१**	**२१६५८**	**०**	**३९६**	**०**	**२२०५४**
२.१	मुख्य न्यायाधिवक्ताको कार्यालय, कैलाली	२०८१/८२	१	२१६५८	०	३९६	०	२२०५४
३	**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**	**२०८१/८२**	**१**	**२०६७९**	**४५**	**६३**	**०**	**२०७८७**
३.१	सहकारी रजिस्ट्रार तथा प्रशिक्षण कार्यालय, कैलाली	२०८१/८२	१	२०६७९	४५	६३	०	२०७८७
४	**भौतिक पूर्वाधार विकास मन्त्रालय**	**२०८१/८२**	**१**	**२३१५६१**	**५२१**	**४५६२९**	**०**	**२७७७११**
४.१	भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यलय, कैलाली	२०८१/८२	१	२३१५६१	५२१	४५६२९	०	२७७७११
	स्थानीय तह			**५९४५७**				**५९४५७**
१	कैलारी गाउँपालिका, कैलाली	२०८१/८२	१	२६८२३				
२	पुर्नवास नगरपालिका, कंचनपुर	२०८१/८२	१	३२६३४				
	जम्मा		**६**	**४८९५६३**	**२८८८**	**४७७७९**	**७७**	**५४०३०७**

अनुसूची-३

(प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको लेखापरीक्षण विवरण

२०८१।८२

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय / निकायको नम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक	
१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (समिति तथा अन्य संस्था)	२	२	२	२	२१७९२५
२	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (समिति तथा अन्य संस्था)	४	४	४	४	२४६२६
३	सामाजिक विकास मन्त्रालय (समिति तथा अन्य संस्था)	१२	१२	१२	१२	५३९६३५९
जम्मा		**१८**	**१८**	**१८**	**१८**	**५६३८९१०**

अनुसूची-४

(प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित)

आय व्यय हिसाव तयार गर्ने समिति र अन्य संस्था लेखापरीक्षण रकम, बेरुजु र सञ्चालन नतिजा

२०८१।८२

(रु. हजारमा)

क्र. सं	कार्यालयको नाम	आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजु रकम	वर्षको सुरु मौज्दात	आय				व्यय					यो वर्षको बचत	वर्षान्तिको मौज्दात
						बिक्री सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	संचालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय		**२१७९२५**	**१५७१**	**२२**	**०**	**१०५५२३**	**३८१५**	**१०९३३८**	**०**	**९९३९८**	**६१२५**	**३०६४**	**१०८५८७**	**७५१**	**७७३**
१	प्रशासनिक प्रशिक्षण तालीम केन्द्र,डोटी	२०८१/८२	५५१८९	३७	०	०	२४१५५	३८१५	२७९७०	०	१९१४०	५०१५	३०६४	२७२१९	७५१	७५१
२	प्रादेशिक सुशासन केन्द्र, डोटी	२०८१/८२	१६२७३६	१५३४	२२	०	८१३६८	०	८१३६८	०	८०२५८	१११०	०	८१३६८	०	२२
	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय		**२४६२६**	**०**	**२६४**	**०**	**११७४९**	**५३३**	**१२२८२**	**५०४०**	**४६८७**	**१७९४**	**८२३**	**१२३४३**	**-६१**	**२०४**
१	रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति, अछाम	२०८१/८२	५४५८	०	०	०	२७२९	०	२७२९	०	१५८९	११४०	०	२७२९	०	०
२	बैद्यनाथ धाम पर्यटन विकास तथा व्यवस्थापन समिति, अछाम	२०८१/८२	७४६१	०	१०२	०	३६८५	८७	३७७२	१९७९	१७०६	०	४	३६८९	८३	१८५
३	बडीकेदार क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति, डोटी	२०८१/८२	५१३७	०	०	०	२१२८	४४०	२५६८	०	१२४६	५१०	८१३	२५६८	०	०
४	खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति, डोटी	२०८१/८२	६५७०	०	१६२	०	३२०७	६	३२१३	३०६१	१४६	१४४	६	३३५७	-१४४	१९
	सामाजिक विकास मन्त्रालय		**५३९६३५९**	**४७४५५**	**१२५३०२**	**६८०९५९**	**१५५३२७१**	**४९७९५०**	**२७३२१४९**	**९००३५५**	**१००७५५६**	**२९९५०२**	**४५६७९३**	**२६६४२०८**	**६७९४२**	**१९३२४४**
१	सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान, धनगढी	२०८१/८२	२५७२०	०	०	०	१२८६०	०	१२८६०	१२८६०	०	०	०	१२८६०	०	०
२	महाकाली अस्पताल, कञ्चनपुर	२०८१/८२	८६००३२	२०६०	१७५७६	१४५१३९	२७९०९१	७१०२	४३१३३३	२७९०९१	१४७७४९	०	१८५९	४२८६९९	२६३४	२०२१०
३	टिकापुर अस्पताल, कैलाली	२०८१/८२	८५४२९२	२७४१	१५४६८	२११०००	२१०९४५	३५१४	४२५४२४	२१६६०७	२१०९४५	०	१३१६	४२८८६९	-३४४५	१२०२३
